
माघ ११, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# अधिनायकवादको खतरा !

अधिनायकवादविरुद्धको प्रतिबद्धता अब संविधानका अक्षरमा हैन, नेताहरूको मनसायमा निर्भर रहनेछ ।

मूल्य रु. २५






तेज बस्नेत

वर्ष ३, अंक १४०, माघ ५–११, २०६३




आवरणः प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला

*तस्बिर : भास्वर ओझा*

**आवरण :** माओवादीसहितको अन्तरिम संसद्सँगै मुलुक सर्वसाधारणबाट निर्मित पहिलो संविधानको बाटोमा हिँड्न थालेको छ। प्रधानमन्त्री सर्वाधिकारप्राप्त भएको यो संविधान लागू भएसँगै अधिनायकवादको खतरा पनि बढेर गएको छ। तर, राजनीतिक दलका नेताहरूले सुझबुझपूर्ण रूपमा कदम बढाउने आशा सबैले गरेका छन् २६

## अन्तरिम संविधान

कस्तो छ अन्तरिम संविधानको बनोट ? बनोट समावेसी छ, तर कर्णालीको प्रतिनिधित्व न्यून छ १८

## रिपोर्ट

सुकुमवासी धर्नाकारीको बिजोग १६

प्रधानमन्त्रीको ठाडो हस्तक्षेपले दर्ता भयो मेडिकल कलेज २४

कम्लहरी प्रथा कानुनमा त हट्यो, व्यवहारमा छँदै छ ४०

## विकास

अब सबल सुदूरपश्चिम सबैको प्राथमिकता बन्दै छ ४२

## स्वास्थ्य

बेलैमै सचेत नभए जो पनि हुन सक्छ, मुटुरोगको सिकार ४४

## खेलकुद

पूर्वमा खेलकुदले अझै गति लिन सकेको छैन ४८



**अनुहार :** प्रतिमा विवश राई समाचारमात्र लेख्दिनन्, समाजमा दु:ख पाएका पात्रहरूलाई सहयोग पनि गर्छिन् ५७

| | |
|---|---|
| सम्पादकीय | ५ |
| चसक | ६ |
| डाँक | ८ |
| दर्शन | १० |
| मुलुक | १२ |
| साहित्य | ५१ |
| रंग | ५४ |
| शून्य समय | ५८ |

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन वज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

कार्यालय ठेगाना :
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# कृतघ्नता

**सम्पादकीय**

**जनताको** शक्ति राज्य संचालन, संरक्षण र संवर्द्धनमा सधैं निर्णायक हुन्छ। विविध कालखण्डमा राज्यसत्ताहरू जनशक्ति र जनचाहनालाई दबाउन सफल भए पनि त्यस्ता पराजयहरू अस्थायी प्रकृतिका मात्र हुने गरेको विश्व इतिहासले पुष्टि गरेको छ। अहिले विश्वका झन्डै ७० प्रतिशत मुलुकहरूमा प्रजातान्त्रिक शासन पद्धति स्थापित हुनुले त्यसलाई प्रमाणित गर्छ।

तर हरेक राज्य वा राष्ट्रका आ-आफ्नै विशेषता हुने गर्छन् र उनीहरूका इतिहास राष्ट्रनिर्माणका सिलसिला र तिनीहरूले मुलुकको भविष्यलाई प्रभावित गर्ने शैली र वेग अलग अलग हुने गर्छन्। राजनीतिक परिवर्तनको संघारमा उभिएको नेपालको नयाँ भविष्य कोरिँदै छ, तर इतिहासका असल र खराब पक्षलाई राष्ट्रिय र मौलिक परिवेशमा हामीले केलाउन सकेनौं भने अनेक दुर्घटना हुन सक्छन्।

नयाँ नेपालको निर्माण अभियान अहिले सबैको रटान बनेका बेला, अखण्डित नेपालको निर्माताका रुपमा इतिहासमा अंकित पृथ्वीनारायण शाहको जन्मदिन (पुस २७)लाई एकता दिवसका रुपमा मनाइने परम्परालाई एक्कासि ठाडो आदेशद्वारा बन्द गरिएको छ। एकातिर राष्ट्र विभाजनका चर्का स्वरहरू उठिरहेका बेला व्यापक छलफल तथा त्यसका परिणामहरूबारे गम्भीर विचारै नगरी यस्तो निर्णय लिनुले सरकारमा संवेदनशीलता र गम्भीर चिन्तनको अभाव मात्र देखाउँछ।

हो, अक्सर इतिहासमा तथ्य बंग्याइएका छन्। इतिहास विजेताहरूको पेवा बनाइएको छ। त्यसले भावी सन्तान दरसन्तानहरूलाई वस्तुनिष्ठ ज्ञान पाउने अधिकारबाट वञ्चित गरेको छ। त्यसैले इतिहास सधैं शोध र खोजीको विषय मानिन्छ। नेपालका सन्दर्भमा आशंका नाजायज हैनन्। पृथ्वीनारायण शाहको नेतृत्वबारे विजय वा नयाँ नेपालको राजनीतिक एकीकरणपछि पनि भावनात्मक एकीकरण हुन नसकेको तथ्य अस्वीकार गर्न मिल्दैन, तर त्यसो नहुनु कसको असफलता हो ?

पृथ्वीनारायण शाहलाई मात्र नेपाल एकीकरणमा भएको सैन्य विजयको श्रेय दिनु उचित होला वा नहोला ? तर उनी त्यो एकताको अभियानका प्रतीक र द्रष्टा (भिजिनरी) अवश्य थिए। उनले त्यसबेला निर्दिष्ट गरेको विदेश नीतिको सूत्र - नेपाल दुई ढुंगाको तरुल हो- अहिलेसम्म नेपालको विदेशनीतिको एउटा मौलिकता नै बनेको छ। यी सबै कुरालाई बेवास्ता गरेर हचुवाको आधारमा गृहमन्त्रालयले पृथ्वी जयन्ती नमनाउने फैसला गर्नु दुर्भाग्यपूर्ण हो।


तेज बस्नेत

विज्ञहरूद्वारा इतिहासको नियमित समीक्षा र त्रुटिहरू औंल्याउने क्रम जति जरुरी छ, इतिहास निर्माताहरूको सम्मान त्यतिकै जरुरी छ। वास्तवमा नेपालमा २०४६ सालयता विभिन्न जनजातिका आदरणीय ऐतिहासिक व्यक्तित्वहरूलाई राष्ट्रिय चरित्रका रुपमा स्थापित गर्ने क्रम बढेको छ। तर, पृथ्वीनारायण शाहप्रति अहिलेको निर्णयले राष्ट्र एक इतिहास पुरुषप्रति कृतघ्न भएको ठहर्छ। सरकारको यो निर्णय न इतिहासप्रति, न मुलुकको भविष्यप्रतिको सम्मान मानिनेछ।

राष्ट्रिय एकता, एकीकरण र भौगोलिक तथा राजनीतिक अखण्डतामा योगदान पुर्‍याउने आफ्नै राष्ट्रिय व्यक्तित्वको अपमानलाई यदि मुलुकको नयाँ सत्ताले आफ्नो गौरवपूर्ण कर्तव्य ठान्छ भने त्यो अनिष्टको सूचक हो। राष्ट्रिय नायकहरूलाई अपमान गर्ने सिलसिला सुरु भएमा त्यसले मुलुकको स्वाभिमानलाई पनि चोट पुर्‍याउनेछ। वर्तमान सत्ता र खासगरी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकारको यो निन्दनीय निर्णयको समीक्षा गर्नु आवश्यक छ। इतिहासलाई यो रुपमा अपमान गर्ने अधिकार कसैसँग छैन र हुनुहुँदैन।

जनताको आस्था, संस्कृति र इतिहाससँग सरकारले खेलवाड गर्दा जति नै शक्तिशाली भए पनि अन्ततोगत्वा सरकारले त्यसलाई सच्याउनुपर्ने बाध्यात्मक परिस्थिति उत्पन्न हुन्छ भन्ने प्रमाण चीनको सांस्कृतिक क्रान्ति हो जसलाई संसदीय व्यवस्थामा प्रवेश गरेको माओवादीले सबैभन्दा राम्ररी बुझेको छ। इतिहास ध्वस्त पार्ने यस्तो प्रयास र षड्यन्त्र पछि मुलुकै लागि प्रत्युत्पादक हुन सक्छ।■




## समय साता

**जारी**



अन्तरिम संविधान जारी, नेपाल अधिराज्यको संविधान २०४७ औपचारिक रुपमा खारेज, अन्तरिम संसदका ३ सय ३० जनाको नामावली घोषणा ।

**निर्देशन**



नेपाल राष्ट्र बैंकद्वारा पश्चिमाञ्चल ग्रामीण विकास बैंकलाई निष्क्रिय कर्जा घटाउन र कर्मचारीहरूको नाममा भएको बक्यौता असुल गर्न निर्देशन ।

**इन्कार**



पूर्व गृहमन्त्री कमल थापाद्वारा बेलबारी-नगरकोट छानबिन संसदीय समितिसमक्ष बयान दिन इन्कार ।

**पारित**



संयुक्त राष्ट्र संघका महासचिव वान की मुनद्वारा प्रस्तुत नेपालसम्बन्धी प्रतिवेदन 'नेपाल प्रस्ताव' पारित ।

**आक्रमण**

माओवादी कार्यकर्ताद्वारा बर्दियाको बनियाभार इलाकामा रहेको प्रहरी कार्यालयमा आक्रमण, प्रहरीहरूमाथि हातपात तथा दुर्व्यवहार ।

**आदेश**


सर्वोच्च अदालतद्वारा नाबालकलाई घरेलु कामदार नबनाउने सुनिश्चितताका लागि कानुन बनाउन सरकारलाई आदेश ।

**प्रदान गर्ने निर्णय**



जापान सरकारद्वारा संविधानसभाको निर्वाचनका लागि झन्डै साढे ६ करोड रुपैयाँ पर्ने ६० हजारवटा प्लास्टिकका मतपेटिका प्रदान गर्ने निर्णय ।

**सुझाव**



चीनद्वारा नेपालको शान्ति प्रक्रियामा आउने राष्ट्रसंघीय राजनीतिक आयोगको अवधि ६ महिना हुनुपर्ने सुझाव ।

**संकटकाल घोषणा**

निर्वाचनमा सुधारको माग गर्दै गत तीन महिनादेखि प्रतिपक्षी गठबन्धनले विरोध जारी राखेपछि बंगलादेशका राष्ट्रपति इयाजुद्दिन अहमदद्वारा संकटकाल घोषणा ।

**उद्धार**

श्रम तथा रोजगार प्रवर्द्धन विभागको पहलमा एक वर्षदेखि मलेसियाको जेलमा अलपत्र रहेका आठजना नेपालीको उद्धार ।

**भेट**



प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा भारतीय राजदूत शिवशंकर मुखर्जीबीच बालुवाटारमा भेट, हतियार र सैन्य व्यवस्थापनबारे छलफल ।

**आग्रह**

निर्वाचन आयोगद्वारा संविधानसभाको निर्वाचनका लागि मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यमा राजनीतिक दललाई अगुवाइ गरिदिन आग्रह ।




## दूध ख्वाउने हामी नै हौं

*समय* (वर्ष ३, अंक १३९)मा प्रकाशित 'बेवारिस मुटुका टुक्राहरू' शीर्षकको समाचारमा प्रयोग भएका केही वाक्यप्रति मेरो असहमति छ। समाचारको तेस्रो अनुच्छेदमा भनिएजस्तो ड्युटीमा रहेका बेला हामी नर्स, डाक्टर कसैले पनि अस्पतालमा छाडिएका बच्चालाई बेवास्ता गर्ने गरेका छैनौं। हो, आठ घन्टाको ड्युटी अवधिमा आठै घन्टा बच्चालाई काखमा राखेर खेलाउन सम्भव हुँदैन। तर, ऊ रोएको, भोकाएका बेला फकाउने र दूध ख्वाउने हामी नै हौं। मैले त आफैंले टोपी र जुत्ता बुनेर बच्चालाई लाइदिएकी पनि छु।

त्यसैगरी नवौं अनुच्छेदमा मलाई उद्धृत गर्दै लेखिएको वाक्य पनि त्रुटिपूर्ण छ। मैले पतिबाट अलग भएका महिलाले बच्चा छाडेर कठोरता देखाउँछन् भनेकी छुइनँ। बच्चा छाड्नुको कारण गरिबी हो चाहिँ भनेकी हुँ।

■ **महिमा तुलाधर**
स्टाफ नर्स
विपी प्रतिष्ठान, धरान

## अन्तरिम संसद्पछि बुझ्नुपर्छ

अन्तरिम व्यवस्थापिकाको स्थापना ऐतिहासिक हो। सशस्त्र युद्धको घोषणा गरी हत्या, हिंसाको राजनीतिमा लागेको माओवादीले पनि आफ्नो बाटो परिवर्तन गरी यसै व्यवस्थापिकामा समावेश भएको छ। यो महत्त्वपूर्ण कुरा हो। ३ सय ३० सदस्य रहेको अन्तरिम व्यवस्थापिकामा देशका सबै राजनीतिक दलहरू एउटै मञ्चमा उपस्थित भई राष्ट्रलाई संविधानसभामा पुऱ्याउने साझा उद्देश्य लिएका छन्। यो पनि ऐतिहासिक पक्ष हो।

संविधानसभाको निर्वाचन भई कार्य प्रारम्भ नगरेसम्म जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता यसै व्यवस्थापिकामा रहनेछ। अन्तरिम व्यवस्थापिकाको महत्त्वपूर्ण कार्य अन्तरिम सरकार बनाउनु पनि हो। संविधानसभाको गठन नहुन्जेल विधि निर्माण गर्नु, यसको अर्को जिम्मेवारी पनि हो। सम्पूर्ण राष्ट्रको साझामञ्च भएकाले जनताका पीरमर्का, गुनासा यस मञ्चमा प्रकट हुनु पर्छ र ती समस्या निकासको लागि यो संसद्ले महत्त्वपूर्ण भूमिका खेल्न सक्नु पर्छ। संविधानसभाको निर्वाचनको सिलसिलामा अन्तरिम व्यवस्थापिकाको बैठक हुँदै छ। कुन विषयमा छलफल हुँदै छ भन्ने कुराको जानकारी जनतालाई हुनुपर्छ। राष्ट्रिय महत्त्वका विषयमा पहिले व्यवस्थापिकामा छलफल हुने परिपाटी बसाल्न जरुरी छ। संसद्लाई ओझेलमा पारेर कुनै अर्को ठाउँमा ध्यान केन्द्रित गर्ने परम्परा अन्त्य हुन जरुरी छ। नेपाली जनताको आकांक्षा बुझेर दुःख कष्टको बारेमा छलफल गर्ने ठाउँका रुपमा अन्तरिम व्यवस्थापिका सञ्चालित हुनु पर्छ अनि मात्र अन्तरिम व्यवस्थापिका विश्वका अन्य व्यवस्थापिका जस्तै जीवन्त रहनेछ। भयमुक्त खुला वातावरणमा स्वतन्त्र र निष्पक्ष संविधानसभाको निर्वाचन गराउनेतिर सबैको ध्यान जान सक्यो भने माओवादी समेटिएको र लोकतन्त्र सफल भएको मानिनेछ।

■ **आशिष लुइँटेल**
कपन, काठमाडौं
aashis.luitel@gmail.com

## आइटीमा फड्को

*समय* (वर्ष ३, अंक १३९)मा सूचना प्रविधिसम्बन्धी विश्लेषणात्मक समाचार पढ्ने मौका पाइयो। यसका लागि *समय*लाई धन्यवाद ! नेपालले सूचना प्रविधिमा साँच्चिकै नसोचेको फड्को मारेको छ। विगत ११ वर्ष मुलुकले युद्धमा बिताए पनि सूचना प्रविधिको क्षेत्रमा नेपालले मारेको फड्को उदाहरणीय छ। विकासका लागि यो क्षेत्र मात्र होइन, अन्य क्षेत्रहरू पनि टोलाएर बसेको अवस्था छ। यसमा पनि लगानीकर्ताको ध्यान र चासो जान जरुरी छ। कतिपय नेपालीले आइटीको अर्थ पनि नबुझेको अवस्थामा यसलाई सर्वसुलभ बनाउन जरुरी देखिएको छ। यसका लागि आइटीमा लगानी र चासो देखाउने सबैको ध्यान एकचोटि देशका सबै ठाउँमा पुगे सुनमा सुगन्ध हुने थियो।

■ **अरुण गिरी**
दोलखा
abingiri1999@yahoo.com

## गैंडाको 'कठै' स्वरूप

*समय* (वर्ष ३, अंक १३९)मा 'गैंडा भन्छ, मलाई बचाउनुस्' शीर्षकको समाचार पढ्ने अवसर पाइयो र सँगै खाग तस्करमा कूटनीतिज्ञहरूको हात रहेको भन्ने समाचार पनि पढ्ने मौका पाइयो। केही महिनादेखि गैंडा सिकारीहरूले खाग तस्करका लागि लगातार गैंडामाथि आक्रमण गर्दा अब चितवन राष्ट्रिय निकुञ्जमा गैंडा सकिए भन्ने समाचारले यसपालिको चितवन महोत्सवमा पनि राम्रै चर्चा बटुलेको थियो। मिडियाहरूले राम्रो स्थान दिँदादिँदै पनि सरकार गैंडालाई बचाउन सफल भएन। अन्त्यमा आएर गैंडा सकिए भन्नु पर्ने लाजमर्दो अवस्था सृजना भएको छ। गैंडा मारिएको समाचारलाई सञ्चारमाध्यमले लगातार सार्वजनिक गरेका थिए। खाग तस्कर समातिएको समाचार पनि सार्वजनिक भएको थियो। तैपनि गैंडा मारिनेक्रम रोकिएन। यस्तो लाजमर्दो अवस्था फेरि सृजना नहोस्।

■ **विनोद सिग्देल**
चितवन
हाल : काठमाडौं

## सबैलाई समेट्न पऱ्यो

*समय* (वर्ष ३, अंक १३८)मा 'असुरक्षित मधेस' आवरण समाचार पढ्ने मौका पाइयो। अहिलेको संक्रमण कालमा जुनसुकै माग राख्नेहरूले पनि हिंसाको बाटो समाउनु हुँदैन र सरकार पनि कसैलाई बेवास्ता गरेर अगाडि जान खोज्नु हुँदैन।

२०५२ सालमा माओवादीका मागलाई उतिखेर समेट्न सकेको भए मुलुक ११ वर्षसम्म युद्धको चपेटामा धकेलिनु पर्ने थिएन। यसलाई सबै राजनीतिक दलले बुझ्नु जरुरी छ। झिनामसिना माग समेट्न नसकिए पनि तराई मुक्तिमोर्चालाई उपेक्षा गर्न खोज्नु हुँदैन। यसो भयो भयो मुलुकको दुर्भाग्य हुनेछ र तराई मुक्तिमोर्चाले पनि यस्तो संवेदनशील समयमा जनतालाई आक्रमणको निसाना बनाउने हो भने मुलुकले अग्रगमनतिर पाइला चाल्न खोजिरहेका बेला सबैका लागि दुर्भाग्य हुनेछ। बेलैमा सबैको होस खुलोस्।

■ **विनोद झा**
उर्लाबारी, हाल : मैतीदेवी

### लेखक राजेशकुमार शाक्य हुन्

***समय***को अघिल्लो अंकमा **विचार/उद्यम**अन्तर्गत प्रकाशित 'व्यापारमा इन्क्युबेसन प्रणाली' शीर्षक लेख सूचना तथा प्रविधिविद् राजेशकुमार शाक्यले लेखेका हुन्। भूलवश अर्कै नाममा छापिन गएकोमा हामी क्षमाप्रार्थी छौं। सं.

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

**अष्टावक्र भन्छन्, 'कामनामा रस समाप्त हुनु नै मोक्ष हो । जबसम्म कामनामा रस आउँछ तबसम्म संसार रहिरहन्छ । संसारमा हुनु, कर्म गर्नु, संसारलाई भोग गर्नु बन्धन होइन, तर यसमा आसक्त हुनु बन्धन हो ।**



■ स्वामी आनन्द अरुण

# सत्यको शुद्धतम अभिव्यक्ति

**कुरुक्षेत्रको मैदानमा** मोह, शोक र भयग्रस्त अर्जुनलाई कृष्णले सम्झाउँदा सात सय श्लोकहरू पैदा भए । पछि गएर ती श्लोकहरू हिन्दुहरूका सर्वमान्य, सर्वप्रिय र आदरणीय ग्रन्थ भगवत् गीता बन्नगयो । हिन्दुहरूमा यस्तो मान्यता छ कि जसले उपनिषद्, भगवत् गीता र ब्रह्म सूत्रको भाष्य गर्छ, ऊ मात्रै पूर्ण ज्ञानी हुन्छ । यसमा पनि हिन्दुका सबै मतमतान्तर मान्नेले आ-आफ्नो आशय गीतामा खोजेको पाइन्छ । श्रीकृष्ण एक कुशल राजनीतिज्ञ पनि हुन् । राजनेताले समाज र भीडको सबैभन्दा बढी चिन्ता गर्छ र उसको स्वभाव नै समन्वयवादी र लोकप्रिय बन्ने खालको हुन्छ । त्यसकारण कृष्णका वक्तव्यहरू पनि यति लोकप्रिय भए कि हिन्दुका सबै सम्प्रदायले आ-आफ्ना अर्थ त्यसमा भेट्टाए ।

तर यही देशको मिथिला प्रदेशमा ब्रह्मऋषि अष्टावक्रको ३०८ श्लोकको अष्टावक्र संहिता जसलाई अध्यात्मको अन्तिम किताब र सत्यको शुद्धतम अभिव्यक्ति हो भन्न सकिन्छ, लोकप्रिय हुन सकेन । आदि शंकराचार्य, निम्वार्काचार्य, रामानुजाचार्य, बल्लभाचार्य, अरविन्द, राधाकृष्णनन् जस्ता विद्वान्हरू जसले गीतामाथि ठूल्ठूला टीका लेखेका छन्, उनीहरूले पनि अष्टावक्र संहिताको चर्चासम्म गरेनन् ।

पतञ्जलीको अष्टांग योग यम, नियम, आसन, प्रणायाम, प्रत्याहार, ध्यान, धारणा हुँदै समाधिमा गएर टुंगिन्छ । बुद्ध पनि अष्टांगिक मार्गको आठौं चरणमा अन्तमा गएर सम्यक् समाधिको चर्चा गर्छन् । तर अष्टावक्र संहिताको प्रारम्भ नै मोक्ष र समाधिको जिज्ञासाबाट हुन्छ । जनकले सोधेका तीन प्रश्नहरू - ज्ञान, मुक्ति र वैराग्य कसरी प्राप्त हुन्छ ? - यी साधना जगत्का अन्तिम प्रश्नहरू हुन् । यसपछि सोध्नलाई केही बाँकी नै रहँदैन । योभन्दा गहिरो प्रश्न आजसम्म कुनै शिष्यले सोध्न सकेको पनि छैन । जनकका गहन प्रश्नका उत्तर पनि अष्टावक्रले त्यतिकै सरल तर गहकिलो रुपमा दिन्छन् । अष्टावक्रको पहिलो जवाफ नै यस्तो छ ।

*'मुक्तिमिच्छसि चेत् विषयान् विषवत् त्यज ।*
*क्षमार्ज्जवदयातोषं सत्यं पियूषवद् भज ॥'*

'यदि तिमी मुक्ति चाहन्छौ भने विषयहरूलाई विष समान सम्झेर त्यागिदेऊ र क्षमा, आर्जव (सरलता), दया, सन्तोष र सत्यलाई अमृत समान सेवन गर ।'

अष्टावक्र भन्छन्, 'कामनामा रस समाप्त हुनु नै मोक्ष हो । जबसम्म कामनामा रस आउँछ तबसम्म संसार रहिरहन्छ । संसारमा हुनु, कर्म गर्नु, संसारलाई भोग गर्नु बन्धन होइन, तर यसमा आसक्त हुनु बन्धन हो । अनासक्ति र साक्षी नै मुक्ति हो ।' यही मोक्ष विज्ञानको सार हो । यहाँ तीन गहन प्रश्नका उत्तर पनि माथिका तीन वाक्यमै पूरा हुन्छ ।

अष्टावक्र अगाडि भन्छन्, 'तिमी पञ्चतत्त्वले बनेको शरीर होइनौ, यसमा व्याप्त चैतन्य हौ । यदि तिमीले आफूलाई म शरीर हुँ भन्ने भ्रम त्यागी आफ्नो चेतनालाई अनुभव गरी त्यसमा विश्राम गर्न सक्यौ भने अहिले र यसै क्षण तिमी सुखी, शान्त र बन्धनमुक्त हुन्छौ । धर्म र अधर्म, सुख र दुःख मनका खेल हुन् । तिम्रो निर्दोष स्वभावमा यसले केही फरक पार्दैन । किनभने न तिमी कर्ता हौ न त भोक्ता । मात्र जे भइराखेको छ त्यसको साक्षी हौ । तिमी स्वयं प्रकाशित छौ, निर्दोष छौ र सर्वदा मुक्त छौ । तर, त्यही मुक्ति प्राप्त गर्नका लागि तिमी यति प्रयास गर्छौ, त्यही प्रयास नै तिम्रो बन्धन हो ।' कृष्णमूर्ति र रमण महर्षि पनि यही शिक्षणका नवीनतम संस्करण हुन् ।

अष्टावक्रका यी वचन सुन्नासाथ जनकको भ्रम टुट्यो र उनलाई आत्मज्ञान प्राप्त भयो । उनले आश्चर्य गर्दै भने, 'हे प्रभो ! यति सानो कुरा मैले यति जन्मसम्म किन अनुभव गर्न सकिनँ ? तपाईंका उपदेशमात्रले मलाई यो बोध भयो । म सुखदुःखबाट पार सधैं निष्चल, निरञ्जन चैतन्य मात्र हुँ ।'

गीता अर्जुन र कृष्णबीचको संवाद कम, विवाद बढी हो । यसमा कृष्ण एक तर्कले सम्झाउने प्रयास गर्छन्, तर अर्जुन अर्कै तर्क र प्रश्न खडा गर्दै जान्छन् । ज्ञानगुनका जति कुरा सिकाएपछि पनि कृष्ण र अर्जुनबीच संवादको कुनै निष्पत्ति देखिँदैन । केही सीप नलागेपछि कृष्णले आफ्नो तर्क र विचार छोडी आफ्नो शक्ति देखाउन बाध्य हुनुपर्छ । 'हेर, म नै परमात्मा हुँ । म मै यो चराचरको स्रोत हुँ' भन्दै अर्जुनलाई कृष्णले योगशक्तिद्वारा आफ्नो विराटरुप देखाए पनि पनि अर्जुनको मनमा पुनःपुनः नयाँ संशयले जन्म लिन्छ । अन्त्यमा कृष्णले ब्रह्मास्त्र छोड्छन्, 'ल अब सबै तर्क छोड, सबै धर्म छोड, मेरै शरणमा आऊ । म जे भन्छु त्यो गर, म तिमीलाई सबै पापबाट मुक्त गरिदिन्छु, न डराऊ' भन्ने श्रीकृष्णको उद्घोषमा गएर गीता टुंगिन्छ ।

तर अष्टावक्र संहिता अद्भुत छ । यसमा अष्टावक्रले यति कठिन प्रयास गर्नु पर्दैन । अष्टावक्रको पहिलो वाक्यमै जनकले ज्ञान प्राप्त गर्छन् । मुक्त र तृप्त हुन्छन् । त्यसपछिका सूत्रहरू त गुरु-शिष्यको बीचमा अनुभवको समर्थन, मुक्ति र मुक्तपुरुषका लक्षण र स्वभावको वर्णन मात्र हो । यसमा अष्टावक्र र जनकको कुनै विवाद छैन, दुई मुक्त पुरुषका बीचको संवाद मात्रै हो ।

जनमानसका बीच अष्टावक्र संहिता प्रचलित र लोकप्रिय न हुनुको कारण पनि अष्टावक्रले संहिताको पन्ध्रौं प्रकरणका सुरुका तीन श्लोकहरूमा भनेका छन् । अष्टावक्र भन्छन्, 'सत्यबुद्धिवाला पुरुष थोरै उपदेशले तृप्त हुन्छ । जसको बुद्धि शुद्ध छैन ऊ आजीवन जिज्ञासा उठाइरहन्छ, तर उसको मोह कहिल्यै शान्त हुँदैन ।

भोगमा आसक्त व्यक्ति बुद्धिमान्, कर्मठ र धेरै बोल्ने इच्छा भएको हुन्छ । तर आत्मज्ञान भएपछि त्यही कर्मठतालाई पनि वैराग्यले घेर्छ । किनभने उसको सारा शक्ति अन्तर्चेतनातिर वहन थाल्छ बाहिर जान मान्दैन । ऊ अब मौन हुन्छ । त्यसकारण जसलाई अहिले विषयमा गहन आसक्ति छ, जो पण्डित र अति महत्त्वाकांक्षी छ यस्तो व्यक्तिका लागि संन्यास, मुक्ति र वैराग्यको उपदेश काम लाग्दैन, दिनु पनि हुँदैन ।' अष्टावक्र भन्छन्, 'मेरो उपदेश त यस्तो व्यक्तिलाई हो जसले भोगको व्यर्थता देखिसकेको छ । संसारको लोभलाग्दो तर अनन्त कटुअनुभवहरूबाट गुज्रिसकेको छ । जो संसारबाट विरक्तिन थालेको छ । उसले मात्र मेरो उपदेशहरूलाई सुन्न, बुझ्न र पचाउन सक्छ ।'

यस्ता व्यक्तिहरू संसारमा कमै हुन्छन् । त्यसकारणले अष्टावक्र संहिता गीता जस्तो लोकप्रिय हुन सकेन र भविष्यमा पनि हुने संकेत देखिँदैन । हाम्रो समयमा ओशोले अष्टावक्रका सूत्रहरूमाथि अढाई हजार पृष्ठको सरल र सहज व्याख्या गरी यस वैराग्य संहितालाई महागीताको नाम दिएका छन् । नेपालमै जन्मिएको अष्टावक्रको यस अमर र दुर्लभ ग्रन्थको महत्त्व र गरिमा पुनःस्थापित गरेका छन् । ■

osho@tapoban.com

■ मनोज दाहाल

# रोमाञ्चित एक दिन

**मोबाइल फोनमा** मधुर धुन बज्यो, नयाँ छोटो सन्देश आएको संकेतका रूपमा । सलोनीले लेखेकी रै'छे, 'थाहा पायौ, ऐश्वर्या र अभिषेकको इङ्गेजमेन्ट भएछ नि हिजो राति, मैले भरखरै एनडिटिभी हेरेर थाहा पाएको ।' बिहानको साढे नौ बज्दै थियो । अरू बेला सलोनी यतिखेर उठेकी पनि हुन्नथी । साढे नौ बजे बिहान टिभीअगाडि बसेर तन्मयतासाथ कार्यक्रम हेर्ने पात्र म पनि थिइनँ । तर, आज यस्तै भयो ।

नेपाल टेलिभिजनले राजाबाट पुनःस्थापित संसद्को अन्तिम दिनको प्रत्यक्ष प्रसारण गरिरहेको थियो । पत्रकार भएकैले पनि मैले यसबारे चाख राख्नु स्वाभाविकै थियो । यसैले मलाई आज सखारै उठाएको थिएँ । एघार वर्षसम्म जनयुद्ध गरेर राजनीतिको मूलधारमा फर्किएको माओवादीसहितको संसद् आजै सिंहदरबारमा जुट्दै थियो । पुरानो संसद्ले अन्तरिम संविधान पास गरेपछि नयाँ व्यवस्थापिकाका सदस्यहरू सिंहदरबार पस्ने कार्यक्रम टिभीमा प्रत्यक्ष हेर्न छोडेर सुतिरहने कुरै थिएन ।

सलोनी पनि आज सखारै उठिछे । ऊ राजनीतिमा खासै चासो राख्दिन । अस्ति मलाई संविधानसभाको चुनाव हाम्रो परीक्षाअघि हुन्छ कि पछि भनेर सोध्दैथी । मैले भनेको थिएँ, 'लाटी, तिम्रो परीक्षा त माघमै सकिन्छ, संविधानसभाको चुनाव त छिट्टो भनेको जेठमा हुने हो ।' उसले 'मलाई के थाहा त !' भन्दै फोन राखिदिई ।

माघे सङ्क्रान्ति मनाउन बहिनी तरुल उसिन्दैथी । भान्साको बासना मसम्मै आइरहेको थियो । मलाई तरुल उस्तो मन पर्दैन । बिहानी बेलामा हातले मुछेर ग्वामग्वाम भात खानुको मजा अरू थोकमा के पाइन्छ ! अहिले त मैले छेउकै चिया चिसो भइरहेकोसम्म थाहा पाएको छैन । टिभीको पर्दामा एमाले नेता भरतमोहन अधिकारी अन्तरिम संविधानका त्रुटिहरूको लेखाजेखा गरिरहेका छन् ।

'दाइ, यो अन्तिम संविधान हो र ?' भाइले सोध्यो ।

'किन ?' मैले भनेँ ।

'हेर्नु न टिभीमा, यो नेता त अन्तिम... अन्तिम भन्याभन्यै छ नि !'

'हा...हा...हा...!' मलाई हाँस उठ्यो । भरतमोहनले भाषणका क्रममा अन्तरिमभन्दा अन्तिम भनेजस्तो सुनिँदो रै'छ । विराटनगरका यी नेताको भाषामा आउने मधेसी लवजकै कारण उनले अन्तरिम भनिरहँदा भाइ अन्तिम सुनिरहँदो रै'छ ।

एक बजेअगावै अन्तरिम संविधान पास भएर नयाँ व्यवस्थापिकाको बैठक बस्ला भनेर टिभीअगाडि कुरिरहेको म बिस्तारै निरास भइरहेको छु । नेताहरूले धमाधम अन्तरिम संविधान संशोधन प्रस्ताव ल्याइरहेका छन् । हत्तेरिका...आज अन्तरिम संसद् बन्दैन कि क्या हो ! यी प्रस्तावमाथि छलफल हुँदाहुँदै बेला निकै घर्कन सक्छ र माघे संक्रान्तिमै आउने भनिएको अन्तरिम संविधान केही पर सर्न सक्छ । म सोचिरहेको छु । प्रत्यक्ष प्रसारणमा पत्रकारहरूले गरिरहेको रिपोर्टिङमाथिको चाख बिस्तारै कम हुँदै गइरहेको छ ।

फेरि मोबाइल फोन बज्यो । लाइनमा सलोनी थिई । 'थाहा पायौ, फेब्रुअरीसम्म बिहे गरिसक्ने रे, ऐश्वर्या र अभिषेकले,' उसले कुरा झिकी । पुरानो संसद्को दिन सकिन लागेको र अन्तरिम व्यवस्थापिका आउन लागेको दिनमा मलाई बलिउड सिनेकर्मीको बिहे प्रसंगले खासै तानेको छैन । तर, उसका कुरा सुन्नैपर्छ । नत्र रिसाएर भाँडभैलो गर्छे । बेकारमा किन बखेडामा फँसिरहने भन्दै म 'अँ...अँ...' गरिरहन्छु । सुनाउनुपर्ने कुरा सुनाइसकेर 'आज पनि तिमी राति ढिलो घर आएको हो कि क्या हो, निद्रा अझै खुल्या छैनजस्तो छ' भन्दै उसले फोन राखिदिई ।

पुरानो संसद् तन्किने भो भनेर दिक्क लागिरहेको छ । 'तरुल खाने हो ?' बहिनीले सोधी । 'खान्न तरुल-सरुल...खाना पस्की न !' म झन्किएँ । आज चाख न तरुलमा छ, न ऐश्वर्या र अभिषेकमा । अरू बेला नेपाल टेलिभिजनमा पाँच मिनेटभन्दा बढी नटिक्ने म आज यही च्यानलमा टाँसिइरहेको छु । मनमा खासै जाँगर नभए पनि आँखा टिभीमै एकाग्र छन् ।

साँझ छ बजे माओवादीका तर्फबाट अन्तरिम संसद्मा मनोनीत भएका लेखकको नम्बर थिचेँ, 'दाइ, आज अन्तरिम संसद् बन्दैन कि क्या हो, सुर छैन त ?'

उताबाट उनले हाँसेको आवाज सुनियो ।

'कहाँ हुनुहुन्छ ?' मैले सोधेँ ।

'संसद्मै छु, माओवादीको संसदीय दलको कार्यालयमा ।'

'खै, म त अल्छी लागेर फोन गरेको, रात परिसक्यो ।'

'हेरौं, हामी कुरिरहेका छौं,' उनले भने ।

'ल शुभकामना छ, भोलि भेटौंला ।' मैले फोन राखिदिएँ ।

केही घन्टापछि टिभीमा कलिला अनुहारका विधायकहरूको लस्कर संसद् भवन पस्दै गरेको देखियो, खैरो कोट लगाएर । नेपाल टेलिभिजनका रिपोर्टरहरू अचानक व्यस्त देखिन थाले । मन त्यत्तिकै रोमाञ्चित भयो । हातमा स-साना ब्याग बोकेका माओवादी युवती विधायकहरू पहिलोचोटि मेला पुगेका गाउँले केटाकेटीहरूझैं उत्सुक थिए । अनुहारमा गम्भीरता थियो, केही कृत्रिम, केही प्राकृतिक ।

मोबाइल फोन बज्यो । पोखरेली भाइ रहेछ । 'दाइ, मैले आज बिहे गरेँ नि ! घरमा कुरा मिलाएरै ।' अन्तर्जातीय बिहे गर्न पाउँदा उसको बोलीमा जितको अनुभूति थियो ।

'बुबाआमाले मान्नुभयो त ?' मैले सोधेँ ।

'मनाएँ । बाराही मन्दिरमा गएर टिकाटालो गरेँ ।'

'बधाई छ ।' मैले फोन राखिदिएँ ।

खै, के सोचिरहेको थिएँ, साथीले कोट्यायो र भन्यो, 'आज त विश्व इतिहासमै ऐतिहासिक दिन भयो यार ।'

'किन ?'

'ल हेर्, आजै माओवादीसहितको अन्तरिम संसद् बन्यो । आजै ऐश्वर्या र अभिषेकको इङ्गेजमेन्ट भयो । आजै पोखरेली बाहुनले अन्तर्जातीय दुलही भित्र्यायो ।' ह्विस्की पिएको सुरमा उसले अट्टहास गर्‍यो ।

मलाई हाँस उठेन । लाग्यो- कोही गम्भीर छैनन् ! ■



माओवादी युवतीहरू संसद् भवन छिर्दै

# व्यस्त सैन्य विज्ञहरू

**द्वन्द्वबाट शान्तिमा** रुपान्तरण भएको नेपालमा माओवादी र सरकारी सेनाका हतियार अनुगमन र लडाकु प्रमाणीकरणको लागि नेपालगन्ज आइपुगेका संयुक्त राष्ट्रसंघका सैन्य तथा हतियार विज्ञहरू यतिखेर मध्य तथा सुदूरपश्चिमका माओवादी र सेनाका ब्यारेकहरू अवलोकनको लागि व्यस्त छन् ।

कोही माओवादी शिविरको त कोही सरकारी सेनाको ब्यारेकमा पुगेर अनुगमन तथा अन्य रेकर्ड लिने काम धमाधम भइरहेको छ । अघिल्लो साता जुलियन बिबियुको नेतृत्वमा नेपालगन्ज आइपुगेको सैन्य तथा हतियार अनुगमनकर्ताहरूको आठसदस्यीय टोलीले पुस महिनासम्म माओवादी तथा सैनिक ब्यारेकको अवलोकन सकी माघ १ गतेदेखि हतियार र लडाकुको प्रमाणीकरणमा लागेको नेपालगन्ज क्षेत्र संयोजक बिबियुले पत्रकार सम्मेलन आयोजना गरी जानकारी दिएका छन् ।

उनका अनुसार दुवै पक्षका कमान्डरहरूसँग सर-सल्लाहबाट अनुगमन कार्य जारी रहेको छ । सरकार र माओवादीबीच भएको सहमतिलाई संयुक्त राष्ट्रसंघका अधिकारीहरूले अवलोकन गर्नुका साथै माओवादी र सैनिक ब्यारेक वरपर रहेका विस्फोट पदार्थहरूसमेत संकलन गरेर नष्ट पार्ने बताइएको छ ।

बिबियुका अनुसार हतियार र सैन्य अनुमगन वा अन्य बेला अनुगमनकर्ताहरूले हतियार बोक्नेछैनन् र उनीहरूको माओवादी तथा सरकारी सेनाका ब्यारेकहरूमा चौबीसै घन्टा तैनाथी पनि हुनेछैनन् । नेपालगन्ज आइपुगेका संयुक्त राष्ट्रसंघका हतियार तथा सैन्य अनुमगनकर्ताहरूमा प्रमुख क्यानडाली नागरिकको साथै जोर्डन र यमन नागरिकहरू हुन् । उनीहरू सबैको पृष्ठभूमि सैन्य क्षेत्र हो ।

■ **रुद्र खड्का/नेपालगन्ज**

# मेलामा झेला

**प्रत्येक वर्ष माघे संक्रान्तिका दिन** झापाको कन्काई नदीमा लाग्ने धार्मिक एवं सांस्कृतिक कन्काई माईमेला यो वर्ष उस्तो जमेन ।

संक्रान्तिको दुई दिनअघि भएको एउटा हत्याले मेलाको मज्जा नै छिन्नभिन्न पारिदियो । मेलास्थलदेखि करिब २ सय मिटर उत्तर जंगलमा झापा, सुरुंगा- ५ निवासी २३ वर्षीय खगेन्द्र कार्कीको छुरी प्रहारबाट हत्या भएको पाइएपछि मेलामा कुनै रस बाँकी रहेन ।

कार्कीकै साथी दीपक अधिकारीले हत्याबारे गाउँमा हल्ला गरेका थिए । तर, गाउँलेको आरोप उनै दीपकले आफ्ना साथी मारेको हुनसक्ने थियो । उनले साथीहरूसँग मिलेर हत्या गरेको गाउँलेले गरे । प्रहरीले प्रारम्भिक अनुसन्धान र मुचुल्का गरी शव पोस्टमार्टमका लागि पठाउन खोज्दा स्थानीय बासिन्दा र पीडित पक्षले यसअघि पनि सुरुंगा क्षेत्रमा चारवटा यस्तै प्रकृतिको हत्या भएको र ती हत्याकाण्डका दोषीहरूको पहिचान प्रहरीले नगरेको भन्दै नाराजुलुस गर्‍यो । अबेर गरी स्थानीय बुद्धिजीवी, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको अगुवाइमा अबेर गरी शव पोस्टमार्टमका लागि पठाइएको थियो ।

यसपछि स्थानीय जनता र प्रहरीको एक जत्थाले दीपकका बाबु जंगबहादुर अधिकारीको घर तलासी गर्ने क्रममा अभियुक्त घरको छतमा लुकी बसेको अवस्थामा भेटेपछि आक्रोशित भीडले घर घेरी तोडफोड सुरु गरेको थियो । प्रहरीले दीपकलाई उनकै घरको कोठाबाटै सुरक्षित नियन्त्रणमा लिने प्रयास गर्दागर्दै आक्रोशित जमातले घरमा आगो लगाइदियो । आगो दन्किन सुरु भएपछि ज्यान बचाउन प्रहरीहरू घर बाहिर निस्किएका थिए । सोही बेला दीपक दुई हातमा नांगो तरवार लिई दन्किरहेको आगोमा हाम फाल्दै भागेर छिमेकी इन्द्र गौतमको घरमा पसी पढ्दै गरेका छोराछोरीलाई चलचित्रको शैलीमा कब्जामा लिएर प्रहरी नियन्त्रणबाट बच्ने प्रयास गरेका थिए । तर, उनी अन्ततः प्रहरी नियन्त्रणमा मात्र परेनन्, आफैंले ३० हजार रुपैयाँका लागि हत्या गरेको स्वीकार पनि गरे ।

■ **आनन्द गुरुङ/झापा**






वृद्धाश्रम उद्घाटनका क्रममा मन्त्रोच्चारण गर्दै बटुकहरू

# एनआरएनको पहलमा वृद्धाश्रम

**मुक्तिनाथबाट** बग्दै आएको कालिगण्डकी र गोसाइँकुण्डबाट बग्दै आएको त्रिशूली नदीको संगमस्थल देवघाटधाम हिन्दुहरूको महत्त्वपूर्ण तीर्थस्थल हो। बराह पुराण, स्कन्दपुराण, पद्मपुराण र हिमवत् खण्डमा समेत यो धामको महत्त्व उल्लेख छ। पुण्य प्राप्तिका लागि धेरैले यो धाममा आएर स्नान र दान दक्षिणा गर्छन्। यही ठाउँमा प्राण त्याग्न पाइयोस् र मृत्यु संस्कारका सबै काम यही होऊन् भन्ने चाहनाले वृद्धावस्थामा आएर कल्पवास बस्ने चलन पनि छ।

यस्तो पवित्र चाहनाले बस्नेहरूलाई सबै सुविधा उपलब्ध गराउन देवघाटमा भव्य वृद्धाश्रम बन्दै छ। गैर-आवासीय नेपालीहरूको संगठन (एनआरएन)ले वृद्धाश्रम बनाउन सहयोग गर्ने भएको छ। तनहुँ, चितवन र नवलपरासीको मिलनविन्दु पनि देवघाट धाम हो। एनआरएन सहयोगमा बन्ने यो वृद्धाश्रम चितवनतर्फको क्षेत्रमा रहनेछ। देवघाट क्षेत्र विकास समितिको कार्यालय भवननजिकै बन्ने वृद्धाश्रमले डेढ बिघा जमिन ओगट्नेछ।

भवन बनाउन १ करोड २८ लाख रुपैयाँ खर्च लाग्ने एनआरएनका अध्यक्ष उपेन्द्र महतोले बताए। गत मंसिर १८ गते आश्रमको शिलान्यास भयो। शिलान्यास भएको १० महिनाभित्र आश्रम बनिसक्ने घोषणा महतोले गरेका छन्।

आश्रम सुरुमा ५८ जना बस्न सक्ने गरी बन्नेछ, पछि यो क्षमता बढाउँदै लैजाने योजना एनआरएनको छ। देवघाट धाममा पचासजना अटाउने एउटा सरकारी वृद्धाश्रम छ। त्यस्तै रोटरी क्लब चितवनले पनि वृद्धाश्रम बनाएको छ, तर क्षमता अनि साधन स्रोतका हिसाबले एनआरएनले बनाउन लागेको वृद्धाश्रम यीभन्दा भिन्न र भव्य हुनेछ।

महतो भन्छन्, 'यो अशक्त वृद्धवृद्धाहरू आएर बस्ने ठाउँमात्र हुनेछैन, उनीहरूको भोगाइ र विचार नयाँ पुस्तामा पुर्‍याउने र अनुभव साट्ने मन्थन गर्ने स्थल यसलाई बनाउनेछौं।' यसका लागि आश्रमसँगै स्कुल अस्पताल पनि बन्नेछ।

आश्रम संचालनको लागि गलेश्वर आश्रम देवघाटका पीठाधीश श्री १००८ स्वामी आत्मानन्द गिरीको अध्यक्षतामा सातसदस्यीय समिति बनेको छ। जसमा एनआरएन, उद्योग वाणिज्य महासंघ, उद्योग वाणिज्य संघ नारायणगढ र रत्ननगर, देवघाट क्षेत्र विकास समिति र विश्वशान्ति महायज्ञ देवघाटका प्रतिनिधिहरू रहनेछन्।

■ **रमेश पौडेल/देवघाट**


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# विरासत थाम्दै

■ छत्र कार्की/काठमाडौं

तस्वीरहरू : तेज बस्नेत



**भविष्यमा के बन्छौ ?** 'म कुशलवाचक बन्न चाहन्छु', अग्रजले सोधेका सवालमा दीनबन्धु पोखरेल यही उत्तर दिने गर्थे। उनलाई लाग्थ्यो, ओहो ! पिताजीजस्तै प्रखर पुराणवाचक बन्न सके कस्तो हुन्थ्यो होला, सबैले स्याबासी दिन्थे होलान्, मनमा अनेक विचारका तरंग उठिरहन्थे। दीनबन्धु जान्नेसुन्ने हुँदा नै उनका पिता वाचनशिरोमणि नारायणप्रसाद पोखरेल प्रख्यात पण्डितको रुपमा मुलुकभर चर्चित भइसकेका थिए।

पिता र पारिवारिक संस्कारको छाप परेकाले गर्दा हुनसक्छ, दीनबन्धुको बोली काव्यात्मक थियो, अनि स्वभाव पनि उस्तै अध्ययनशील र गम्भीर। बाल्यकालदेखि नै परिपक्व व्यवहार र उच्च आध्यात्मिक संस्कारले गर्दा पिताको पनि उनीमाथि ठूलो आशा र भरोसा थियो। केही वर्ष भागवत वाचनलाई निरन्तरता दिई सामाजिक कामलाई अघि बढाएर उत्तराधिकारीका रुपमा दीनबन्धुलाई जिम्मेवारी सुम्पिने सोच थियो वाचनशिरोमणिको। वाचनशिरोमणिको यो योजना मूर्त रुप लिनुअघि नै चकनाचुर भयो।

२०६२ साल वैशाख २३ गतेको दिन निर्दयी कालखण्ड बनेर आयो, छुवाछूतविरोधी सामाजिक जागरणका योद्धा वाचनशिरोमणि पण्डित पोखरेलको माओवादी निकट दलित मुक्तिमोर्चाका कार्यकर्ताबाट रहस्यमय तरिकाले हत्या गरियो। त्यसपछि वाचनशिरोमणिले महायज्ञबाट रकम संकलन गरी सुरुवात गरेका अस्पताल, क्याम्पस, विद्यालय, बाटोघाटो निर्माणलगायत विभिन्न योजना एक वर्षसम्म अलपत्र परे। आम मानिसको मनमा खुल्दुली जाग्यो, 'अब वाचनशिरोमणिको विरासत कसले थाम्ला ? कतै पण्डितका योजना अधुरा त रहँदैनन् ?'

यो क्षेत्रमा आउनेबारेमा दीनबन्धुको पितासँग धेरैपटक सरसल्लाह भइसकेको थियो। पिताले पनि सकारात्मक प्रतिक्रिया दिएका थिए, उनलाई। तर, यति छिट्टै अभिभारा सम्हाल्नुपर्छ भनेर दीनबन्धुले सायदै सोचेका थिए। पिताको हत्या हुँदा उनी त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा अंग्रेजीमा एमए अध्ययनरत थिए। गोरखाको द्रव्यशाह बहुमुखी क्याम्पसबाट अंग्रेजी मूलविषय लिएर आइए र बानेश्वर क्याम्पसबाट बिए पास गरेपछि अंग्रेजीमै एमए गर्ने सोच आएको थियो उनमा। आखिर जुन विषय पढे पनि आफ्नो भित्री लक्ष्यमा तात्विक फरक के पर्ला र ? यही सोचका साथ अंग्रेजीमा एमए गरे पनि 'वाचक' बन्ने लक्ष्यमा दृढ थिए उनी।

पिताको रहस्यमय हत्या प्रकरणपछि उनको भित्री मनमा बारम्बार प्रश्न ओइरिन थाल्यो, 'तैंले पनि पुराणवाचक बनेर धर्मबाट सामाजिक रुपान्तरण गर्न चाहने पिताका अधुरा योजना पूरा गर्न लाग्नुपर्छ।' त्यसपछि हत्याप्रकरणको ५ महिनापछि नै उनले पिताको पथ पछ्याउने निश्चिय गरेर संस्कृत सिक्नपट्टि लागे। उनले गुरुकुल, देवघाट, वाल्मीकि विद्यापीठ, मुकुन्दशरण उपाध्याय, हरिशरण उपाध्यायलगायत गुरुहरूबाट संस्कृतको औपचारिक ज्ञान हासिल गरे। त्यसपछि पुराणवाचनमा आफूलाई अभ्यस्त पार्दै लगे। पिताको बरखी सिध्याएपछि

उनले पिताले थालेको महाअभियानमा वास्तविक रुपमै आफूलाई अग्रसर गराए ।

जनआन्दोलन-२ को सफलतापछि गत जेठ २४ गतेदेखि घाइते र सहिद परिवारको सहयोगार्थ काठमाडौंको गोंगबुमा आयोजित सप्ताहव्यापी भागवत महायज्ञबाट पहिलोपटक कथावाचन गरेका थिए । उनी सम्झिन्छन्, 'लोकतान्त्रिक आन्दोलनका घाइतेलाई सघाउ पुऱ्याउन पाएकोमा आफूलाई धन्य सम्झेको छु ।' पहिलोपटक कथावाचन गर्दा केही असहज पक्कै महसुस गरेको उनको अनुभव छ । तर, अहिले अभ्यासको कसीमा खारिँदै गएर सफल वाचक बनेका छन्, दीनबन्धु ।

धार्मिक कार्यबाट सामाजिक सेवाको लागि रकम जुटाउने अभियानको महाअभियन्ता बनेका छन्, दीनबन्धु । दीनबन्धु प्रमुख वाचक रहेर नवलपरासीको अग्यौली गाविस, डण्डामा मध्यविन्दु सामुदायिक अस्पताल निर्माणका लागि आयोजना गरिएको धान्याचल महायज्ञबाट भर्खरैमात्र २ करोड ४० लाख रुपैयाँ संकलन भएको छ । यसअघि कुनै पनि यज्ञमा यति ठूलो रकम संकलन भएको थिएन । उनी भन्छन्, 'यो मेरो जीवनकै लागि इतिहास साबित भयो । यसबाट म अत्यन्त खुसी छु । उक्त रकमबाट अस्पताल बनेपछि यहाँका जनताले चहराएको घाउमा मल्हमपट्टी पाउनेछन्, त्यो साँच्चिकै मानवीय कार्य हुनेछ ।'

दीनबन्धुको पुराणवाचन शैली पनि ठ्याक्कै वाचनशिरोमणिको जस्तै लयात्मक छ । छोटो अभ्यासकै क्रममा यज्ञमा सहभागी भक्तहरूलाई जुरुक्क जुरुक्क उचाल्ने अनि छमछमी नचाउन सक्ने बेजोड खुबी विकास गरेका छन्, उनले । नवलपरासीमा सम्पन्न उक्त धान्याचल महायज्ञमा एमाले नेता वामदेव गौतम र चर्चित नायक राजेश हमाल सहभागी भएर नाचेपछि झनै उत्साह थपिएको थियो । नवलपरासीमा जग्गासमेत भएका नायक हमाललाई स्थानीयवासीको हैसियतमा यज्ञमा आमन्त्रण गरिएको थियो । पार्टीगत कामको सिलसिलामा नवलपरासी पुगेका नाचका सोखिन एमाले नेता गौतम धार्मिक यज्ञमा नाचेको विषय सञ्चारमाध्यममा प्रमुख समाचार नै बनेको थियो । कम्युनिष्ट नेता धार्मिक अनुष्ठानमा आउँदा कस्तो लाग्यो ? दीनबन्धु भन्छन्, 'म एकदमै हर्षित भएँ, वामदेव गौतम कम्युनिष्ट पार्टीको नेता भए पनि उहाँमा आध्यात्मिकताप्रति आकर्षण रहेको पाएँ ।' त्यतिखेर पौराणिक कथालाई अहिलेको सन्दर्भसँग जोडेर व्याख्या गर्ने दीनबन्धुको खुबीको नेता गौतमले प्रशंसा गरेका थिए ।

दीनबन्धुको वाचनकलामा दिनप्रतिदिन निखार आइरहेको छ । झन् यज्ञमा सहभागी भक्तजनको संख्या वृद्धि भयो भने त उनले चमत्कार गर्छन् । सुन्दा आश्चर्य लाग्नसक्छ- डिस्को र विभिन्न क्लब चहार्ने युवायुवतीसमेत यज्ञमा सहभागी भएर आध्यात्मिक नृत्यमा सरिक हुन थालेका छन् । भर्खरै अढाई दशक वसन्त गरेका दीनबन्धु भन्छन्, 'अध्यात्म बूढाबूढीको मात्रै हो भने भावना विस्तारै परिवर्तन हुँदै छ, यज्ञमा बीस बाइस वर्षका युवयुवतीको संख्या अधिक रहने गरेको छ ।' दीनबन्धुको वाचनकलाबाट मोहित बनेका उनका प्रशंसकहरूले विवाहको लागि उनलाई प्रस्ताव पनि गरेका छन् । त्यसो त उनलाई एकजना चलचित्रकी नायिकाले पनि विवाहको लागि प्रस्ताव गरेकी थिइन् । आगामी एक वर्षभित्र विवाह गर्ने सोच राखेका उनी भन्छन्, 'जीवनसाथी छान्दा आफ्नो क्षेत्रसँग मिल्नेलाई प्राथमिकता दिनेछु ।'

आध्यात्मिक चिन्तनलाई सामाजिक सेवामा लगाउने अभियानलाई उनले राष्ट्रव्यापी बनाउने योजना बनाएका छन् । त्यसो त एक वर्षको लागि मेचीदेखि महाकालीसम्म उनका कार्यक्रम तय भइसकेका छन् । भारतको सिक्किमबाट समेत उनलाई वाचनको लागि आमन्त्रण आइसकेको छ । उनी भन्छन्, 'ढिलोचाँडो म यही क्षेत्रमा आउने निश्चय भएको थियो, तर पिताको अवसानपछि छिट्टै आउनुपर्ने अवस्था सिर्जना भयो ।'

पिताजीको देहावसानपछि उनको परिवारभित्र पारिवारिक किचलो पनि छ । कान्छीआमा मालती पोखरेलले काठमाडौं घट्टेकुलोस्थित घरमा एकलौटी कब्जा जमाएपछि दीनबन्धु अहिले नयाँबजारमा भाडा लिएर बसिरहेका छन् । उनीसँग आमा र ९५ वर्षका वृद्ध हजुरबुबा पनि सँगै छन् । उनी पिताले आर्जन गरेको सम्पत्तिलाई लिएर किचलो नगर्ने बताउँछन् । उनी भन्छन्, 'सम्पत्तिमा लुछाचुँडी गरेर पिताको प्रतिष्ठानमा आघात पुऱ्याउनु उचित होइन ।'


'छुवाछूत रुढीवाद, हिन्दु धर्ममा गम्भीर आघात' पिताले ल्याएको छुवाछूतविरोधी यो नारा दीनबन्धुले पनि निरन्तरता दिइरहेका छन् । समाजको विकासको लागि अध्यात्म र भौतिक वस्तुबीच सन्तुलन अत्यावश्यक रहेको उनको विचार छ । उनी भन्छन्, 'पिताले धार्मिक कार्यका माध्यमबाट सामाजिक सेवामा लाग्ने राजमार्ग बनाइदिनु भएको थियो । अहिले म त्यो राजमार्गमा हिँडेर उहाँको विरासत थाम्ने काम मात्र गरिरहेको छु । सबै योगदान पिताजीकै हो ।'

राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा गरिएको पोखरेल हत्याप्रकरणमा हिन्दु अतिवादीहरूको संलग्नतालाई आशंकासाथ हेरिएको थियो । पण्डित नारायणप्रसाद पोखरेलको हत्यापछि काजकिरियामा बसेकै बेला कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला र एमाले महासचिव माधवकुमार नेपालले लोकतन्त्र स्थापनापछि हत्याको छानबिन हुने बताएका थिए । तर, लोकतन्त्र स्थापना भएको नौ महिना बितिसक्दा पनि पोखरेल हत्या प्रकरणको छानबिन भएको छैन । उनी भन्छन्, 'लोकतान्त्रिक सरकार पिताजीको हत्याबारे मौन रहनु दुःखद कुरा हो, यदि सरकारले पिताजी हत्याप्रकरणको छानबिन नगरे जनस्तरबाट यसको छानबिन हुनेछ ।'

हिजोसम्म बन्दुक लिएर सशस्त्र क्रान्तिमा हिँडेको माओवादी संसदीय मूलधारमा प्रवेश गरेको छ । संविधानसभाको निर्वाचनको बाटोमा उन्मुख रहेका बेला यसलाई सबैले सफल पार्नु पर्ने उनी बताउँछन् । उनी भन्छन्, 'अझै पनि अशान्ति चाहने तत्वहरू धमिलो पानीमा माछा मार्न खोजिरहेका छन्, सबै मिलेर अघि बढेमा त्यस्ता प्रवृत्तिलाई परास्त गरी दीर्घकालीन शान्ति र विकास स्थापना गर्न सकिन्छ ।' ■

**दीनबन्धुको पुराणवाचन शैली पनि ठ्याक्कै वाचनशिरोमणिको जस्तै लयात्मक छ । छोटो अभ्यासकै क्रममा यज्ञमा सहभागी भक्तहरूलाई जुरुक्क जुरुक्क उचाल्ने अनि छमछमी नचाउन सक्ने बेजोड खुबी विकास गरेका छन्, उनले । नवलपरासीमा सम्पन्न उक्त धान्याचल महायज्ञमा एमाले नेता वामदेव गौतम र चर्चित नायक राजेश हमाल सहभागी भएर नाचेपछि झनै उत्साह थपिएको थियो ।**





जिल्ला प्रशासन कार्यालयकै हाताभित्रै धर्नाकारी सुकुमवासीहरूले टाँगेका पाल

# धर्नाकारीको बिजोग

**राज्य पुनर्संरचनाका लागि सबैको ध्यान सिंहदरवारमा केन्द्रित भएका बेला बुटवल प्रशासनको आँगनमा देखिने सुडानका कुपोषणग्रस्त बालबालिकालाई माथ दिने अनुहारहरू सबैका लागि तिखो व्यंग्य बनेको छ ।**

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

**उनकी लाटी आमाले** जसोतसो जन्तर जुटाइन् र बालिका छोरीको घाँटीमा झुन्ड्याइदिइन् । जन्तरले न छुनु थियो, छोएन । झन्पछि झन् आन्द्रा टाँसिदै गए । उनलाई जन्तर होइन, खाने कुरा चाहिन्थ्यो, कुपोषण हटाउन ।

दुई वर्षकी छोरी सीताका लागि सिता बटुल्दा हार मानेकी आमा औंपै पनि भोकै छिन् । छोरीको शरीर सुक्दै र टाँसिदै गएपछि उनले सिता खोज्न छाडेर जन्तर खोजेकी थिइन् । खान नपाएर कुपोषणले ग्रस्त ती बालिकाको शरीर अहिले देख्दै डरलाग्दो भएको छ, साह्रै बिजोगको ।

दुई महिना भयो, गाँस र वास माग गर्दै दर्जनौं सुकुमवासीहरू इलाका प्रशासन कार्यालय बुटवलको हाताभित्र धर्ना बसिरहेका छन् । तिनै धर्नाकारी आमाकी छोरी हुन्, सीता । उनकी आमा तारा थापा लाटी छन्, माग्न जाँदा कसैले पत्याउँदैनन् । बाबु अशक्त छन्, रिक्सा चलाउन पनि राम्ररी सक्दैनन् ।

प्रशासन कार्यालय हाताभित्रको चिसो भुइँमा शीत नओतिने थोत्रा पालमुनि धर्नामा बसेका धेरै जसोको हाल ठ्याक्कै यस्तै छ । दर्जनौं बालबालिका र वृद्धा, वृद्ध सुकुमवासीहरू भोकमरी र रोगले ग्रस्त छन् । प्रायः बालबालिका भोक र कुपोषणले हाडछाला मात्र देखिने भएका छन् । जीवनमरणको दोसाँधमा परेका धर्नाकारी खड्ग परियारले त धर्ना कुर्दाकुर्दै जीवन गुमाए । बाँचेका धेरैजसो बूढाबूढी र केटाकेटीहरू पनि सिकिस्त विरामी छन् ।

धर्नास्थल प्रशासन कार्यालयकै हातामा धर्नाकारी खड्गको गत शनिवार मृत्यु भएको थियो । ६४ वर्षका खड्ग धर्नामा बस्दा चिसोले विरामी परेका थिए । ६ दिनदेखि जाडोले उनको शरीर सुन्निएको थियो । मृत्युपछि सुकुमवासीहरूले बजारमा चन्दा उठाएर उनको दाहसंस्कार गरेका थिए । उनकी पत्नी सुनमती परियार यस्तो विपत्ति हुँदा पनि कसैले वास्ता नगरेको भन्दै डाँको छोडेर रुँदा अरुको मन पनि चिरिएको थियो ।

'अब पनि धर्नाकारीहरूमाथि धर्म गरिएन भने धेरैले प्रशासनको हाताभित्रै यसैगरी ज्यान गुमाउनेछन्', दिनदिनै त्यहाँको बेहाल देखेका एक यातायात कर्मचारी बताउँछन्, 'दुई दुई महिनासम्म प्रशासन कार्यालयमा धर्ना दिइरहेका नागरिकहरूको यो हाल हुँदा पनि कसैको ध्यान नजानु साह्रै विडम्बना हो ।'

उक्त ठाउँमा खड्गलगायत ७८ जना धर्नामा बस्दै आएका थिए । टाठाबाठा बाहेक अहिले पनि धेरैजसो त्यहीं बसिरहेका छन् ।

यातायात व्यवस्था कार्यालय समेत रहेको मिलनचोकको उक्त प्रशासन हाताभित्र बूढाबूढी र केटाकेटीहरू सहित उनीहरू बस्ने र त्यहीँ नै सुत्ने गरेका छन् ।

धर्नाकारीहरूले कयौंपटक इलाका प्रशासन कार्यालयमा तालाबन्दीसमेत गरेका थिए । प्रायः सबै दलहरूलाई समेत आफ्नो समस्या समाधान गरिदिन ज्ञापनपत्र पनि दिएकै हुन् उनीहरूले । उनीहरूको त्यस्तो ज्ञापनपत्र बुझ्नेहरूमा मन्त्री दिलेन्द्रप्रसाद बडुदेखि एमाले, कांग्रेस र माओवादीसम्मका दर्जनौं नेताहरू थिए ।

त्यति बेला प्रशासनले उनीहरूका मागलाई सम्बोधन गर्ने वचन दिएको थियो र एक समिति गठन भएको पनि बताएको थियो ।

तर, आफ्नै कार्यालयको ढोकामा धर्नाकारी सुकुमवासीहरू थलिँदै र ज्यान गुमाउँदै गर्दा पनि त्यो समिति के गर्दै छ ? कसैलाई थाहा छैन ।

प्रशासन कार्यालयमा धर्ना जमाउनुअघि उनीहरू बुटवलको मैना बगरमा बसेका थिए । कतिपय टाठाबाठाहरूले उनीहरूलाई प्रयोग गरेर त्यहाँ बसालेका थिए । उनीहरू बसेको धेरैजसो जग्गा लालपुर्जा सहितका व्यक्तिगत भएकाले उनीहरूले बनाएका झुप्राहरू जलाइए ।

प्रशासन र जग्गाधनीहरूको पटक पटकको बल प्रयोगबाट उनीहरू त्यहाँबाट धपाइए । त्यसको विरोधमा उनीहरू पटक पटक राजमार्ग अवरोध, प्रदर्शन र विरोधमा उत्रिए ।

तर, कसैले कुरा नसुनेपछि तीन महिनाअघि सामूहिक रुपमा उनीहरू बुटवलको मुटु मिडिया चोकको खुला ठाउँमै धर्ना बसे । एक महिनासम्म त्यही खुला सडकमै बस्दा थाकेका उनीहरू प्रशासनलाई अरू बढी दबाब दिन भन्दै प्रशासन कार्यालयमा ताला लगाउन पुगे । बल प्रयोगबाट ताला खुल्यो । प्रशासनको समस्या सकियो, तर उनीहरूको समस्या सकिएन । ताला लगाउन त्यहाँ छिरेका सुकुमवासीहरू त्यहाँबाट अझै निस्किन सकेका छैनन् ।

त्यतिबेला टाठाबाठा अगुवाहरूले उनीहरूलाई त्यहाँ धर्ना बस्न उक्साएका थिए, तर उक्साउनेहरू अहिले लाखापाखा लागेका छन् । सुधा, बेसहारा, बूढाखाडा र केटाकेटीहरू मात्र चिसो भुइँमा धर्नामा बसिरहेका छन् ।

बस्दा बस्दा आत्तिएका एक वृद्ध सोमबहादुर परियार भन्छन्, 'न हामीलाई यहाँ बस्न लगाउने आउँछन्, न त प्रशासनका मान्छे । हाम्रो जीवन यही जाला जस्तो भयो ।'

उनले भोगेजस्तै अरू बेला लोकप्रियताका लागि चामल बाँड्न तँछाडमछाड गर्नेहरू प्रशासनकै आँगनमा भोकमरी र कुपोषणले त्यस्तो विपत्ति निम्त्याउँदा कहाँ छन् ? यसको जवाफ कसैसँग छैन ।

नागरिक जागरण अभियानका अध्यक्ष श्याम पाठक भन्छन्, 'प्रशासनको आँगनमै यस्तो दुर्दशा हुँदा पनि राज्यले टुलुटुलु हेर्नु र अरूहरू पन्छिनु वास्तवमा ज्यादै विडम्बना हो ।'

दीर्घकालीन रुपमा सुकुमवासीहरूलाई सम्बोधन गर्न दिगो नीति बनाउनुपर्ने उनले बताए । उनको भनाइ छ, 'तर तत्कालका लागि, मानवीय संवेदनाको यो स्थितिमा शीघ्र राहत संकलन गरेर सबै पक्षले उनीहरूलाई बचाउनुपर्छ ।'

राज्य पुनर्संरचनाको नारामा सबैको ध्यान सिंहदरवारमा मात्र केन्द्रित भएका बेला बुटवल प्रशासनको आँगनमा जारी यस्तो विपत्ति ती सबैका लागि तिखो व्यंग्य बनेको छ ।

पछिल्ला दिनहरुमा केहीले उनीहरूको पक्षमा वक्तव्य जारी गर्ने जाँगरसम्म देखाएका छन्, तर उनीहरूको कुपोषणलाई न जन्तरले सन्चो गरायो, न यस्ता वक्तव्यले नै उनीहरूको भोको पेट भरिनेछ । ■



**सुकुमवासीका बालबच्चा भोकमरी र कुपोषणले यस्ता भएका छन्**



तेज बस्नेत

अन्तरिम विधायिकामा विभिन्न दलका नेताहरू

# प्राथमिकतामा परेन

**अन्तरिम विधायिकाको निर्माणपछि कर्णाली क्षेत्र कुनै राजनीतिक दलको सरोकारभित्र पर्दैन भन्ने पुष्टि भएको छ । अन्य राजनीतिक दलहरूलाई चिनिसकेका कर्णालीवासीले अन्तरिम विधायक चयनमा माओवादीको व्यवहारलाई पनि चिन्ने मौका पाएका छन् । माओवादीसँग ठूलो आशा राखेका कर्णालीका जनताले विधायिका चयनसँगै आफ्ना सबै सपना टुक्रिएको महसुस गरेका छन् ।**

■ **ज्योति देवकोटा/काठमाडौं**

**अन्तरिम विधायिकाको** निर्माणपछि कर्णाली क्षेत्र कुनै राजनीतिक दलको सरोकारभित्र पर्दैन भन्ने पुष्टि भएको छ । अन्य राजनीतिक दलहरूलाई चिनिसकेका कर्णालीवासीले अन्तरिम विधायक चयनमा माओवादीको व्यवहारलाई पनि चिन्ने मौका पाएका छन् । कर्णालीवासीको अधिकार र उचित प्रतिनिधित्वका लागि लडेको बताउने माओवादीले पाँच जिल्लाबाट दुईजना मात्र विधायक बनायो । यसैगरी नयाँ विधायक चयन गर्दा एमाले र कांग्रेस प्रजातान्त्रिकले कर्णालीवासीलाई बेवास्ता गरेर पुरानै चरित्र दोहोर्‍याए भने नेपाली कांग्रेसले एकजनालाई मात्र प्रतिनिधित्व गराएको छ ।

कर्णालीका पाँच जिल्ला सधैं आवाजविहीन बने । राणाशासनमा, पञ्चायतमा, प्रजातन्त्रमा र अहिले लोकतन्त्रपछि पनि यही सम्भावना बढेर गएको छ । अन्तरिम विधायिका चयनमा नेपाली कांग्रेस बाहेकले कर्णालीलाई महत्त्वभन्दा बाहिर राखेपछि यो अवस्था आएको हो ।

३ सय ३९ को अन्तरिम विधायिकामा नेपाली कांग्रेसले जुम्लाबाट दीनबन्धु श्रेष्ठलाई चयन गरेको छ भने अन्य राजनीतिक दलको प्राथमिकताभन्दा बाहिर परेको छ कर्णाली । आफ्नो राजनीतिको प्रारम्भिक कालदेखि नै चर्को समावेसी नारा लगाउँदै आएको माओवादीले एमालेका खाली कोटाहरूलाई मात्र पूर्ति गरेर जनयुद्धमा कर्णालीले पुर्‍याएको योगदानको अवमूल्यन गरेको आरोप माओवादीलाई लागेको छ । माओवादीले कालिकोटबाट खड्गबहादुर विश्वकर्मा र डोल्पाबाट सत्या पहाडीलाई चयन गरेको छ भने अन्य तीन जिल्लालाई खाली छाडेको छ ।

प्रतिगमनको पक्षमा लागेको भन्दै एमालेले कालिकोटका नेता प्रेमबहादुर सिंह र डोल्पाका नरबहादुर बुढालाई पार्टीबाटै निष्कासित गरेको थियो । खालि दुई कोटामा मात्र माओवादीले विधायक पूर्ति गरेर कर्णालीलाई अन्याय गरेको गुनासो खेप्नु परेको अहिले माओवादीले ।

यता आफ्नो एघारौं महाधिवेशनमा दलित, मधेस, कर्णाली, जनजातिलाई समेटिने विधानसहित 'दमकजम'को नारा अघि बढाएर कर्णालीवासीको ध्यान आफूतिर तान्न सफल भएको कांग्रेस प्रजातान्त्रिकले पनि आफ्नो नाराको उपहास गरेको छ ।

आफ्नो पार्टी बाहेकले कर्णालीलाई अन्तरिम विधायिकामा खासै महत्त्व नदिएको बताउँदै नेपाली कांग्रेसबाट जुम्लाको प्रतिनिधित्व गरेका दीनबन्धु श्रेष्ठ भन्छन्, 'माओवादीले दलित र महिलालाई समेटे पनि कर्णालीलाई बाँडेको आश्वासनअनुसार प्रतिनिधित्व ल्याउन सकेनन् ।'

आफ्नो पार्टीले सधैं कर्णालीलाई प्राथमिकतामा राख्ने दाबी गर्दै आएको माओवादीले समेत अन्तरिम विधायिकामा जुम्ला, हुम्ला र मुगुलाई स्थान दिएको छैन । 'सबै दलहरूले कर्णालीप्रतिको प्रतिबद्धतालाई व्यवहारमा अँगालेको देखिएन । कर्णालीमाथि टेकेर राजनीति गर्ने दलहरूको यथार्थ चरित्र अहिले उदांगिएको छ', जीवन शाही बताउँछन् ।

अन्य राजनीतिक दलले कर्णालीप्रति गर्ने सौतेनी व्यवहारलाई माओवादीले आफ्नो पार्टीको प्रमुख मुद्दा बनाएको थियो । ११ वर्षे युद्धपछि मूलधारको राजनीतिमा आएको माओवादीले पछिल्ला वर्षहरूमा कर्णालीवासीलाई 'आफ्नो पार्टीले सबैभन्दा बढी प्राथमिकता कर्णालीलाई दिने' दाबी गर्दै आएको थियो । सबै दलले झैं माओवादीले कर्णालीप्रति देखाउँदै आएको आश्वासनको रणनीति अन्तरिम विधायिका चयनमा असफल भएको छ ।

माओवादी समर्थक कर्णाली गणतान्त्रिक मोर्चाका प्रमुख मण्डुव लामा बताउँछन्, 'कर्णालीलाई समेट्ने विषयमा माओवादीको केन्द्रीय तहमा ठूलो बहस भएको छ । प्रचण्डले 'कर्णालीलाई पछि चित्त बुझाउँछौं' भनेका छन् । उनको भनाइ छ- सबैतिर र सबैलाई समेट्नु पर्ने भएका कारण कर्णालीका तीन जिल्ला खाली हुन पुगेका हुन् । 'हामीले यसबारे पार्टीको गम्भीर ध्यानाकर्षण गरेका छौं', लामाको भनाइ छ ।

यति मात्र होइन, माओवादी नेता बाबुराम भट्टराईले केही समयअगाडि विदेशी कूटनीतिज्ञसँग भएको कुराकानीमा 'कर्णाली आफ्नो पार्टीको मूल मुद्दा भएको र कर्णालीलाई राजनीतिक मूलधारमा ल्याउन आफ्नो



पार्टीले कुनै कसर नराख्ने' बताएका थिए ।

यता एमालेको कर्णालीप्रतिको चरित्र पनि उस्तै देखिएको छ । दुईजनालाई प्रतिगमनमा लागेको भनेर निष्कासित गरेको एमालेले पनि कर्णालीलाई पुनः प्राथमिकतामा राख्न सकेन । 'राजनीतिक आधारलाई निरन्तरता दिनका लागि मात्र भए पनि कर्णालीका दुई जिल्लाबाट एकजना मात्र भए पनि ल्याउनु पर्छ भनेका थियौं, तर पार्टीले सुनेन ।' एमालेका हुम्ला प्रतिनिधि गोरखबहादुर वोगटी बताउँछन् ।

दलहरूको विगतको चरित्र हेर्ने हो भने कर्णालीलाई प्रयोग गर्दै छोड्दै आएको अवस्था छ । अहिले पनि यही शैलीलाई निरन्तरता दिएका छन् । माओवादीले जनयुद्ध सुरु गरेदेखि कर्णाली राजनीतिक रुपमा माओवादीसित सबैभन्दा निकट देखिएको थियो । अन्तरिम संसद्मा माओवादीले कर्णालीका तीन जिल्लालाई पाखा लगाएपछि अन्य राजनीतिक दलको चरित्र माओवादीमा पनि देखिएको बताउँछन्, कर्णालीवासीहरू ।

'सस्तो प्रचारका लागि कर्णालीलाई सधैं पार्टीभित्र मूल मुद्दा बनाउने राजनीतिक दलहरूले अन्तरिम संसद्मा कर्णालीलाई कम महत्त्व दिएका छन्', जुम्लाका लाल हमालको भनाइ छ ।

कर्णालीको सामाजिक र राजनीतिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका ओगटेको माओवादीले 'कथनी र करनी'मा भिन्नता देखाएको आरोप स्थानीयहरूले लगाएका छन् । 'हामीले सबैभन्दा बढी आशा माओवादीबाट राखेका थियौं । उनीहरूले आशालाई तुषारापात गराएका छन्', जुम्लाका एक पुराना माओवादी कार्यकर्ता बताउँछन् । 'भेरी-कर्णालीको नेतृत्व गरेका प्रकाण्डको राजनीति भेरीसँग पनि जोडिएको छ । त्यसैले प्रकाण्ड आउनुलाई माओवादीले कर्णालीलाई समेटेको मान्न मिल्दैन', उनी थप्छन् ।

'सधैं कर्णालीका मुद्दामाथि टेकेर राजनीतिक खुड्किलो चढ्ने गरेका राजनीतिक दलहरूले यसपालि पनि आफ्नो पुरानै चरित्र दोहोऱ्याएका छन्', कर्णाली विद्यार्थी हित समितिको नेतृत्व गरिरहेका रामसिंह रावलको भनाइ छ । 'माओवादीले न्याय गर्लान् भन्ने भ्रम पनि टुक्रिएको छ, युद्धमा माओवादीलाई आर्थिक, सामाजिक र वैचारिक रुपमा सबैभन्दा बढी सहयोग गर्ने कर्णालीका तीनवटा जिल्ला खाली राख्नुले यही संकेत गर्छ', उनी अगाडि बताउँछन् । युद्धताका माओवादी सेनालाई भरणपोषण गर्न ७५ प्रतिशत आर्थिक सहयोग कर्णालीबाटै जुटेको माओवादी स्वयंले बताउँदै आएको थियो । माओवादीले अन्तरिम विधायक चयनमा कर्णालीको सहयोगलाई उपहास गरेको छ ।

मुलुक संविधानसभाको निर्वाचनमा उन्मुख भइरहेका बेला कर्णालीको आवाज फेरि मन्द हुने शंका गर्दै गोरखबहादुर वोगटी बताउँछन्, 'यो संवेदनशील समयमा आश्वासन दिएअनुसार दलहरूले कर्णालीप्रति न्याय गरेको देखिएन ।'

पाँचवटा संसद्को मात्र प्रतिनिधित्व भएको अञ्चलमा दुईजना कारबाहीमा परेपछि लोकतान्त्रिक संसद्मा कर्णालीको आवाज उठाउनेहरूको भूमिका झन् शून्य देखिएको थियो । पूर्व सांसद तीलकप्रसाद न्यौपाने भन्छन्, 'कुल भूभागको १५ प्रतिशत क्षेत्र ओगट्ने कर्णालीलाई कुनै पार्टीले न्याय गरेको देखिएन ।'

विगतमा पार्टीले कर्णालीप्रति देखाएको व्यवहार ले माओवादीलाई कर्णालीमा आफ्नो राजनीतिक पखेटा फिजाउने अवसर मिलेको थियो ।

अन्य दलहरूको प्रभाव नरहेका कर्णालीका तीनवटा जिल्लालाई माओवादीले पनि समेट्न नसकेपछि अन्य दलहरूले जस्तै माओवादीले जनविश्वास गुमाउने त होइन भन्ने शंका पैदा भएको छ । ■





# समावेशी संरचना

**राज्यका सबै निकायमा पिछडिएका दलितहरूको यसअघिको शून्यतालाई अन्तरिम विधायिका संसद्मा सबैजसो दलहरूले प्रतिनिधित्व गराएका छन् । एघारजना दलितहरूलाई अन्तरिम संसद्मा पठाएर माओवादीले अन्य दलहरूलाई उछिनेको छ ।**

■ **गोविन्द परियार/काठमाडौं**

**सीमित जातिको** मात्र पकड हुँदै आएको राज्यको विधायिकामा पहिलोपटक अधिकांश पिछडिएका जाति, समुदाय र क्षेत्रको प्रतिनिधित्व भएको छ । जनआन्दोलन-२ को सफलतासँगै एकात्मक राज्यसत्तालाई क्रमश: भंग गर्दै समावेसी लोकतन्त्रको बाटोमा मुलुक विधिवत् रुपमा प्रवेश गरेको विश्लेषकहरूले बताएका छन् । अन्तरिम विधायिकामा दलित, जनजाति, तराईवासी, कर्णाली लगायतका पिछडिएका समुदायहरूको यथोचित प्रतिनिधित्व नभए पनि सहभागिता भने भएको छ ।

विगतमा सहभागी समेत नभएका जाति र समुदायहरूको अन्तरिम विधायिकामा सहभागितामूलक प्रतिनिधित्व देखिएको छ । २०४६ सालको प्रजातन्त्र पुनर्वहालीपछि विभिन्न जाति र क्षेत्रको अधिकारका आवाज चर्किन थालेका थिए । माओवादीले २०५२ सालमा 'जनयुद्ध'को सुरुवात गरेर पिछडिएका जाति र क्षेत्रका मुद्दाहरूलाई प्रमुखताका साथ उठाउन थालेपछि राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमै यी मुद्दाहरूले प्राथमिकता पाउन थालेका छन् । राज्यका सबै निकायमा पिछडिएका दलितहरूको यसअघिको शून्यतालाई अन्तरिम विधायिका संसद्मा सबैजसो दलहरूले प्रतिनिधित्व



गराएका छन् । एघारजना दलितहरूलाई अन्तरिम संसद्मा पठाएर माओवादीले अन्य दलहरूलाई उछिनेको छ । नेकपा एमालेले २, नेपाली कांग्रेसले १ र जनमोर्चा नेपालले २ जना दलितहरू अन्तरिम विधायिकाको लागि मनोनीत गरेको छ । यसअघि शून्य रहेको संसद्मा अहिले भने दलितहरूको उपस्थिति पाँच प्रतिशतको हाराहारीमा छ । दलित नेताहरूले यो अपस्थितिलाई पूर्ण नभए पनि समावेसी लोकतन्त्रको सुरुवात भएको विश्लेषण गरेका छन् । नेपाल दलित मुक्ति मोर्चाका अध्यक्ष पुराना कम्युनिष्ट नेता तथा विधायिका संसद्का सदस्य तीलक परियार भन्छन्, 'दलितहरूले भोगेका सबै समस्याको समाधान सांस्कृतिक क्रान्तिबाट मात्रै हुने भए पनि अहिले विधायिका संसद्मा दलितहरूको प्रतिनिधित्वले दलितहरूको विशेषाधिकारको बाटो खोलेको छ ।' मल्लकालीन राजा जयस्थिति मल्लले जातको आधारमा कामको विभाजन गरेपछि सुरु भएको जातीय विभेदको तहगत विभेदका कारण दलितहरू राज्यसत्ताबाट विगतमा पूरै बहिष्कृत थिए । यसअघि संसद्मा दलितहरूको अधिकारको बारेमा प्रस्ताव गर्नेसम्म सांसद थिएनन् । २०४८ सालमा नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधिसभामा निर्वाचित कृष्णसिंह परियार प्रतिनिधिसभाका प्रथम सदस्य भएका थिए । त्यसपछिका निर्वाचनहरूमा कुनै पनि राजनीतिक दलहरूले दलितहरूलाई निर्वाचित गराउन सकेका थिएनन् । अन्तरिम विधायिका संसद्मा अठारजना दलितहरू विभिन्न दलबाट सदस्य बनेका छन् । समावेसी लोकतन्त्रको नीति लिएको नेपाली कांग्रेस प्रजातान्त्रिकले भने एकजना पनि दलितहरूको प्रतिनिधित्व नगराएर आफ्नो नीतिलाई लत्याएको छ । दलित सांसदहरूले जुनसुकै दलबाट आए पनि दलित अधिकारका बारेमा एकमत हुने बताएका छन् । नेपाली कांग्रेसबाट मनोनीत सांसद मिठाराम विश्वकर्मा भन्छन्, 'दलित अधिकार कुण्ठित हुने गरेर दलको कुनै पनि ह्विप मान्दैनौं ।' दलित अधिकारका राष्ट्रिय दलित आयोग विधेयक, छुवाछूत अपराध विधेयक र विशेषाधिकारसम्बन्धी विधेयक तत्काल पारित गराउनु पर्ने अवस्थामा छन् । अधिवक्ता यमबहादुर किसान भन्छन्, 'दलित सांसदहरूले जातीय छुवाछूत, विशेषाधिकार र दलित आयोगसम्बन्धी विधेयक तत्काल संसद्मा पेस गरेर पारित गराउनु पर्छ ।' यी प्रमुख तीन विधेयक पारित गरेर राज्यका अन्य ऐन कानुनमा दलितहरूको अधिकार सुनिश्चितता गरी राज्यका सबै निकायमा दलितहरूको पहुँच हुने संयन्त्र बनाउने दलित सांसदहरूको लागि पहिलो गर्नै पर्ने काम हो । सबै राजनीतिक दलहरूले समावेसी लोकतन्त्रको वकालत गरेर प्राथमिकतामा राखेको अहिलेको अवस्थामा यो कार्य उनीहरूका लागि सहज हुने विश्लेषकहरू बताउँछन् । किसान भन्छन्, 'जनआन्दोलनको भावना र दलित आन्दोलनको प्रमुख माग विशेषाधिकारलाई प्रायः सबै ठूला दलहरूले स्विकारेको अवस्थामा दलित सांसदहरूको पहिलो काम नै विशेषअधिकारसम्बन्धी ऐन बनाउने हुनुपर्छ ।'

राज्यका उत्पीडित समुदाय र क्षेत्रको प्रतिनिधित्वको सुनिश्चितता गर्ने बताउँदै जनयुद्धको थालनी गरेको माओवादीले अन्तरिम संसद्मा समावेसीकरणको झलक देखाएको छ । तर सबैजसो दलको संगठनात्मक संरचनामा भने अझै पनि सीमित जाति र समुदायकै वर्चस्व कायमै छ । दलहरूले सस्तो लोकप्रियताको प्रतिस्पर्धा गरेका छन् वा साँच्चिकै दलित उत्थानमा प्रतिबद्ध छन् भन्ने कुरा भने उनीहरूको आगामी कार्यशैलीले पुष्टि गर्नेछ । माओवादीको नागरिक समाजको कोटाबाट मनोनीत भएका विधायक दलित नेता पदमलाल विश्वकर्मा भन्छन्, 'जनआन्दोलन र जनयुद्धको परिणम स्वरुप सबै पिछडिएका जाति र क्षेत्रको अन्तरिम विधायिकामा प्रतिनिधित्व भए पनि लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि मात्र दलितहरूका अधिकार सुनिश्चित हुने भएकाले प्रमुख लक्ष्य संविधानसभाको सफल निर्वाचन हुनेछ ।'

राज्यको ऐन कानुनबाट जातीय छुवाछूत अन्त्य भए पनि व्यवहारमा मुलुकभर अझै कायमै छ । मिठाराम भन्छन्, 'विगतमा संसद्बाट हुन नसकेका दलित अधिकारसम्बन्धी विधेयकहरू पारित गराउने दलित सांसदहरूको दायित्व हो । त्यसलाई प्राथमिक कार्यको रुपमा लिनेछौं ।' जातीय छुवाछूतलाई कानुनीरुपमा दण्डनीय बनाए पनि कोही पनि दोषीहरू दण्डित नभएकाले त्यसलाई प्रभावकारी र थप कडाइका साथ लागू गर्नुपर्ने आवश्यकता खड्किएको छ । पिछडिएको समुदायको उत्थानको लागि शैक्षिकस्तर उकास्नु पहिलो प्राथमिकता हो । सरकारले विगतमा दलितहरूलाई आफ्ना छात्रवृत्ति कार्यक्रममा प्राथमिकतामा पारेको बताए पनि यसबाट लाभान्वित हुनेको संख्या न्यून छ । उता दलितका लागि मात्रै भनेर छुट्याइएका छात्रवृत्ति कार्यक्रमहरू समेत पूर्ण कार्यान्वयन भएका छैनन् । मिठाराम भन्छन्, 'दलितहरूको शैक्षिक अवस्थामा सुधार गर्नको लागि दलित शिक्षापरिषद् गठन गनुपर्छ ।'

विगतमा राज्यले दाताहरूको सर्तमा तयार पारेका समावेसीकरणका कार्यक्रमहरू समेत लागू भएका छैनन् । दसौं योजनामा प्रत्येक माध्यमिक तहमा विद्यालयहरूमा एकजना दलित शिक्षक नियुक्ति गर्ने कार्यक्रम तयार गरे पनि कार्यान्वयन भएन । यद्यपि प्रत्येक प्राथमिक विद्यालयमा महिला शिक्षिका राख्ने कार्यक्रम सरकारको सफल कार्यक्रम मानिन्छ । संसद्मा दलितहरूको प्रवेशले दलित अधिकारसम्बन्धी कार्यक्रमहरू लागू गराउन सरकारलाई दबाब दिने बाटो खुलेको छ । विगतमा राज्य संचालनका प्रमुख निकाय कार्यपालिका, विधायिका र न्यायपालिकामा दलितहरूको सहभागितासम्म थिएन । ■

**संसद्मार्फत गर्नुपर्ने काम**

जातीय छुवाछूत अपराध विधेयक
राष्ट्रिय दलित आयोगको विधेयक
दलितको लागि विशेषाधिकार विधेयक

**दलित विधायकहरू**

| | |
|---|---|
| मिठाराम विश्वकर्मा | नेपाली कांग्रेस |
| तीलक परियार | माओवादी |
| परशुराम रम्तेल | माओवादी |
| महेन्द्र पासवान | माओवादी |
| मंगल विक | माओवादी |
| रूपा विक | माओवादी |
| सीता विक | माओवादी |
| उमा विक | माओवादी |
| सरस्वती मोहरा (विक) | माओवादी |
| खड्गबहादुर विश्वकर्मा | माओवादी |
| नन्दसिंह सार्की | माओवादी |
| रामआश्रय राम | माओवादी |
| अन्जना विसंखे | जनमोर्चा (शेरचन) |
| असर्फी सदा | जनमोर्चा (शेरचन) |
| पदमलाल विश्वकर्मा | नागरिक समाज (माओवादी) |
| रिमा नेपाली | एमाले |
| चूडामणि जंगली विश्वकर्मा | एमाले |
| रामप्रित पासवान | एमाले (राष्ट्रियसभा) |

# हुम्ला–जुम्ला मोटरमा अब !

**हुम्ला–जुम्ला** मोटरमा कहिले जाने हो ? कुन्ति मोक्तानको यो पुरानो गीतले साकार रूप लिन अब शायदै धेरै कुर्नुपर्ला ! सुर्खेतलाई जुम्लासँग जोड्ने कर्णाली राजमार्गको सर्वाधिक जटिलस्थल कालिकोट खण्डको निर्माण कार्य सकिन लागेकाले अब कुन्तिले कर्णालीको भ्रमण गर्न झोला ठीक पार्न थाले हुन्छ। दैलेखको साइदेखि कालिकोटको राँचुलीसम्म सेनाले बनाउँदै गरेको खण्ड सकिनेबित्तिकै कालिकोटसम्म मोटर चल्नेछ। सेनाले जिम्मा लिएको कालिकोट खण्डको ८७ किलोमिटर दूरीमध्ये जम्मा ४ किलोमिटर सडकको निर्माण कार्य सम्पन्न गर्न मात्र बाँकी रहेका कारण आउँदो फागुन मसान्तदेखि कालिकोटमा सवारीसाधन सञ्चालन गर्ने तयारी भइरहेको छ।

उक्त राजमार्गको अन्य स्थानमा यसअघि नै सडक निर्माण कार्य पूरा भई विभिन्न स्थानमा छोटा दूरी तथा जुम्ला सदरमुकाममा जिप र ट्याक्टर सञ्चालन हुँदै आएको छ। सेनाले जिम्मा लिएको कालिकोट खण्डको निर्माण कार्यमा ढिलाइ भएका कारण कर्णाली राजमार्गको भविष्य अन्योलमा पर्दै आइरहेको थियो।

सधैं अन्योलग्रस्त हुँदै आएको कर्णाली राजमार्ग अब भने फागुनमा कुनै पनि हालतमा पूरा गर्ने सेनाले दाबी गरेको छ। सेनाले जिम्मा लिएको उक्त खण्डका प्रमुख सेनानी शिव राईका अनुसार ट्र्याक खोलिसकेको ४ किलोमिटर सडक पूरा गर्न र सेरीघाटमा दुईवटा बेली ब्रिज जोडेपछि सवारीसाधन सञ्चालन गर्न सकिनेछ। यसका लागि चाहिने बेली ब्रिजहरू तयार भइसकेका छन्।

विसं २०४८ सालदेखि निर्माण कार्य थालिएको २ सय ३८ किलोमिटर लामो कर्णाली राजमार्ग यसअघि नै पूरा गर्ने यसअघिका हरेक सरकारहरू र राजा ज्ञानेन्द्रबाट घोषणा भएको थियो। घोषणाअनुसार फिल्डस्तरमा काम हुन नसक्दा र सरकार काम सम्पन्न गर्न जोडतोडले नलागेका कारण राजमार्गमा ढिलाइ हुँदै आएको थियो। साथै मुलुकमा चलेको सशस्त्र संघर्षका बेला माओवादी अवरोधका पनि कर्णाली राजमार्ग निर्माणमा ढिला भएको थियो। समयमै राजमार्ग निर्माण गर्न नसकेका कारण विश्व बैंकले गर्दै आएको सहयोग चार वर्षअघि रोकिएको थियो।

विभिन्न ठेकेदार कम्पनीहरूले निर्माण गर्दै आएको उक्त राजमार्गमा माओवादी द्वन्द्वका कारण विस्फोट पदार्थको प्रयोगमा समस्या आएपछि तत्कालीन सरकारले २०५९ सालमा विस्फोट गराउनु पर्ने कालिकोट खण्डको ८७ किलोमिटरको जिम्मा सेनालाई दिएको थियो। सेनाका अनुसार विसं २०५९ सालयता कालिकोट खण्डमा सेनाले ५३ करोड रुपैयाँ खर्च गरेको छ भने यो वर्षको लागि सरकारले सेनालाई १२ करोड रुपैयाँ उपलब्ध गराएको छ।


कर्णाली राजमार्गमा सेनाको मुख्य काम कडा चट्टान भएको स्थानमा विस्फोट गराउनु रहेको छ। २ सय ३८ किलोमिटर कर्णाली राजमार्गमा अहिलेसम्म सरकारले करिब २ अर्ब रुपैयाँ खर्च गरेको छ। प्रमुख सेनानी राईका अनुसार ८७ किलोमिटर सडकमध्ये गत सालको मंसिरदेखि अहिलेसम्म सेनाले ४२ किमी सडक निर्माण गरेको हो। आगामी फागुनसम्म सडक पूरा गर्नको लागि सेनाले यतिखेर दैनिक दुई हजार मजदुरलाई काममा लगाएको जनाएको छ। सेनाले फागुनसम्म कालिकोटमा गाडी सञ्चालन गर्न सकिने जनाए पनि स्थानीयवासीहरूले भने यति चाँडो राजमार्ग सञ्चालन होला भनेर पत्याउन सकेका छैनन्।

स्थानीय बासिन्दाहरूले कर्णाली राजमार्ग पूरा गर्न कम्तीमा एक वर्ष अझै लाग्ने बताएका छन्। हरेक सरकारका मन्त्रीहरू र राजा ज्ञानेन्द्रले पनि पोहरको फागुनसम्म कर्णाली राजमार्ग पूरा गर्ने घोषणा व्यवहारमा कार्यान्वयन नहुँदा यसपालि पनि सडक निर्माण कार्य सम्पन्न हुँदैन भन्ने आशंका स्थानीयवासीहरूले गरेका छन्। प्रमुख सेनानी राई निर्माण सकिएको कयौं वर्षसम्म पनि सडक निर्माण जारी गर्नुपर्ने भए पनि एकोहोरो गाडी सञ्चालनको लागि फागुनसम्म काम सकिने बताउँछन्। प्रमुख सेनानी राईका अनुसार यसअघि राजमार्ग पूरा गर्ने घोषणा गर्दा कसैले पनि निर्माणकार्यमा लागेको सेनालाई सोध्दै नसोधी बोल्ने गरेका कारण उनीहरूले बोलेको समयमा सडक निर्माण पूरा हुन नसकेको हो। राजमार्गको निर्माण कार्य अन्तिम अवस्थामा पुगेपछि यतिखेर सांसदहरू र अन्य अधिकारीहरू पटक-पटक राजमार्ग अवलोकनको लागि पुग्ने गरेका छन्।

कर्णालीको भाग्यरेखा मानिएको कर्णाली राजमार्ग निर्माणको बेला कतै मुआब्जाको विवाद र कतै कामदार मारिएको विवाद पनि पटक-पटक देखा पऱ्यो। कर्णाली राजमार्गकै जुम्ला खण्ड निर्माणका बेला सरकारले जग्गा अधिग्रहण गर्दा सम्बन्धित जग्गाधनीहरूलाई मुआब्जा दिए पनि कालिकोट खण्डमा भने सर्वसाधारण त्यस्तो सुविधाबाट वञ्चित छन्। सेनाले भने अधिराज्यका कयौं स्थानमा बाटो निर्माण गर्दा कतै पनि मुआब्जा नदिएका कारण कालिकोटमा पनि मुआब्जा नदिएको बताएको छ।

■ **रुद्र खड्का/कालिकोट**





प्रधानमन्त्रीको ठाडो आदेशले दर्ता स्वीकृत भएको मेसिडकल कलेजको प्रारूप

# ठाडो हस्तक्षेप

■ छत्र कार्की/काठमाडौं

**प्राज्ञिक क्षेत्रमा** राजनीतिक स्वार्थ मिसियो भयो भने के हुन्छ ? विभिन्न घटनाहरूबाट पुष्टि भइसकेको छ- 'केही व्यक्तिगत फाइदा निश्चय नै हुन्छ, तर आखिरमा त्यो संस्थाचाहिँ धराशायी हुन्छ ।' राजाको निरंकुश शासनको अन्त्यपछि मुलुकमा लोकतन्त्र स्थापना भए पनि पात्रका चरित्रमा तात्विक भिन्नता देखिएको छैन । राजनीतिक दाउपेचका लागि व्यवस्थित रुपले सञ्चालन भइरहेका संस्थामा भाँजो हाल्न खोज्ने प्रवृत्ति सुरु भएको छ । विराटनगरमा सञ्चालन भइरहेको नोबेल अस्पताल तथा स्वीकृतिको तयारीमा रहेको नोबेल मेडिकल कलेज प्रकरण अहिले चर्चामा आएको छ । यस प्रकरणमा कांग्रेस नेता डा. शेखर कोइरालाको नाम अगाडि जोडिएर आएको छ ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका विश्वासपात्र भएकाले छोटो समयमै नेपाली राजनीतिका चर्चित पात्र बनेका प्रधानमन्त्रीका भतिजा डा. शेखर कोइराला नोबेल मेडिकल कलेजमा आफ्नो हालीमुहाली स्थापित गराउने ध्याउन्नमा छन् । ठाडो राजनीतिक हस्तक्षेपका कारण स्थापना कालदेखि उक्त मेडिकल कलेजसँग सम्बद्ध चारजना सञ्चालकहरूलाई जबरजस्ती बाहिरिनु पर्ने वातावरण सिर्जना गर्न लागिएको बुझिएको छ ।

नोबेल मेडिकल कलेजका सञ्चालकहरूबीच खटपट कायम रहेकै बेला चारजना प्रमुख सञ्चालकहरूलाई सञ्चालक समितिबाट हटाइएको समाचार सार्वजनिक गरिएको छ । अस्पताल सञ्चालक समितिले नवराज पाण्डे, रविन दाहाल, उमेश पाण्डे र आदित्य खनाललाई अनियमितताको आरोप लगाउँदै सञ्चालकबाट हटाएको जनाइए पनि यसको कानुनी हैसियतमाथि भने प्रश्न उठाउन सकिने ठाउँ रहको विज्ञहरू बताउँछन् ।

नोबेल मेडिकल कलेजको जग बसाउन दिलोज्यान दिएर खटेका चारजना सञ्चालकहरूलाई हटाउनुको पछाडि राजनीतिक हस्तक्षेपबाट मेडिकल कलेज कब्जा गर्न चाहने कोइराला परिवारको अभीष्ट कारक रहेको बताइन्छ । पुर्ख्यौली थलो भएकाले पनि मेडिकल कलेज आफ्नो पकडभन्दा बाहिर जान नदिन डा. शेखरलगायत कोइराला परिवारका अरू सदस्यसमेत लागी परेको बुझिएको छ । शेखरले आफू पर्दापछाडि बसी निमित्त पात्रलाई अगाडि सारी अस्पतालको सर्वेसर्वा बन्ने कसरत गरिरहेका छन् । अहिले कलेज व्यवस्थापनमा सक्रिय देखिएका विवादास्पद चरित्रका एक पात्रलाई डा. शेखरको वारिसे भएर काम गरेको आरोप छ । अनेक दाउपेच गरेर डा. शेखर नोबेलमा प्रभुत्व जमाउने योजनामा सफल हुँदै गइरहेका छन् ।

अहिलेसम्म करिब २३ प्रतिशत सेयर आफ्नो बनाउन सफल उनले ४० प्रतिशत सेयर माग गरेका छन् । कानुनी हिसाबले अहिले पनि उक्त अस्पतालका म्यानेजिङ डाइरेक्टर रहेका नवराज पाण्डे, रविन दाहाल तथा आदित्य खनालको साढे १६ र उमेश पाण्डेको साढे १२ प्रतिशत सेयर छ ।

अहिले सञ्चालक समितिमा अध्यक्ष रहेका डा. ज्ञानेन्द्र गिरीको १६ दशमलव ५, रमेश कोइरालाको १ प्रतिशत र रामकृष्ण भट्टराईको भने १ प्रतिशतमात्र सेयर छ । अहिले डा. शेखरको पक्षमा सहयोगी भूमिका निर्वाह गरिरहेका ज्ञानेन्द्र, रामकृष्ण र रमेशसमेत जसरी हुन्छ पहिलेका सञ्चालकलाई हटाउने अभियानमै लागेका छन् । उनीहरूले थर्काउने, नमाने धम्क्याएर भए पनि पहिलेका सञ्चालकहरूलाई गलहत्याउने रणनीति बनाएका छन् ।

बाह्रवर्षे जनयुद्धबाट भर्खरै संसदीय राजनीतिमा प्रवेश गरेको माओवादीले समेत नोबेल मेडिकल कलेजमा आँखा लगाएको बुझिएको छ । माओवादीले आफ्नो पक्षलाई मेडिकल कलेजमा हिस्सेदार बनाउन खोजिरहेको जनाइएको छ । उक्त पार्टीका दुई वरिष्ठ नेताहरूले पनि माथि उल्लेख गरिएका चारजना सञ्चालकहरूलाई बाहिरिन आग्रह गर्दै नत्र भने पार्टीले हस्तक्षेप गर्ने जनाएका थिए । बाह्रबुँदे सहमतिपछि माओवादीसँग सुसम्बन्ध स्थापित गर्न सफल शेखरले कलेजमा प्रभुत्व कायम गर्ने आफ्नो योजना सफल बनाउन माओवादीको सहभागितालाई अगाडि ल्याएको धेरैको विश्लेषण छ । उनीहरूको तर्क छ, 'आफ्नो उद्देश्य पूरा भएपछि शेखरले माओवादीलाई सधैं हिस्सेदार बनाउलान् भन्ने के ठेगान छ र ?'

अहिले डा. शेखर काठमाडौं विश्वविद्यालयबाट चाँडोभन्दा सम्बन्धन दिलाउने काममा दौडधुप गरिरहेका छन् । प्रधानमन्त्री कोइराला अस्वस्थताका बाबजुद पनि भतिजाको अभीष्टलाई साथ दिन सकी नसकी लागी परेका छन् ।

नोबेल मेडिकल कलेजको सम्बन्ध प्रक्रिया अगाडि बढाउनै भनेर प्रधानमन्त्री निवासमा दुई साताअघि बसेको सिनेटको बैठकले नोबेल मेडिकल कलेजलाई प्रधानमन्त्री कोइराला अध्यक्ष रहेको काठमाडौं विश्वविद्यालयको सिनेटले निर्णय गरिसकेको छ भने विश्वविद्यालयले भने अनुगमनपछि सम्बन्धन दिने तयारी गरिरहेको

छ। सात वर्षदेखि मेडिकल कलेजको सम्बन्धन रोकेको काठमाडौं विश्वविद्यालयको सिनेटले सरकारको अनुरोधपछि सम्बन्धन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो। काठमाडौं विश्वविद्यालयका उपकुलपति डा. सुरेशराज शर्मा भन्छन्, 'सरकारले विराटनगरमा मेडिकल कलेज आवश्यकता छ भनेकाले मात्र स्वीकृति दिइएको हो।' यही साताभित्र काठमाडौं विश्वविद्यालयले नोबेल मेडिकल कलेजको अनुगमन पूरा गर्ने थाहा भएको छ। विश्वविद्यालयको सहमतिपछि मेडिकल काउन्सिलले स्वीकृति दिएपछि शिक्षामन्त्रीको अध्यक्षतामा रहेको समितिले सम्बन्धनलाई अनुमोदन गर्ने प्रावधान छ। डा. शेखरसमूहको जसरी हुन्छ चारजनालाई सेयर सदस्यबाट समेत निकालेर छिटो सम्बन्धन लिई नयाँ सत्रदेखि एमबिबिएस कक्षा चलाउने योजनामा तल्लीन रहेको बुझिएको छ।

## विवादको जड

विराटनगरमा नोबेल मेडिकल कलेज खुल्दा नै कोइराला परिवार आँखा बलेका थिए। मेडिकल कलेज बनेपछि त्यस क्षेत्रमा आफ्नो पहुँच साँघुरिने हो कि भन्ने मानसिकताका कारण पनि उनीहरू यो योजनाका पछि लागेका थिए। त्यस बेला विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति रहेका शेखर कोइराला स्वयं उक्त योजना असफल पार्न अहोरात्र लागेको बताइन्छ। नोबेल अस्पताल र मेडिकल कलेज रहेको क्षेत्र कोइराला परिवारको राजनीतिक थलो भएकाले मेडिकल कलेज बनेपछि राजनीतिक वर्चस्व उथलपुथल होला भन्ने डरले पनि कोइराला परिवार विपक्षमा उभिएको थियो। त्यसैले होला, मेडिकल कलेजका निम्ति करिब २० बिघा जग्गामा ३ सय शय्याको ३ लाख वर्ग फिटको भवन बनाइसकेर कलेजको सम्बन्धनको लागि पूर्वाञ्चल विश्वविद्यालयमा आवेदन दिँदादेखि नै कोइराला परिवारबाट त्यसलाई स्वीकृत नगर्न दबाब आएको थियो। डा. शेखर कोइराला निकटस्थ तत्कालीन पूर्वाञ्चल विश्वविद्यालयका रजिस्ट्रार भोगेन्द्र आचार्यले 'लेटर अफ इन्टेन्ट' पनि दिन नमिल्ने भनेर पूर्वाग्रही धारणा जाहेर गरेका थिए। दबाब हुँदाहुँदै पनि २०६२ साल असारमा पूर्वाञ्चल विश्वविद्यालयका पूर्व उपकुलपति जगत केसीले नोबेल मेडिकल कलेजलाई 'लेटर अफ इन्टेन्ट' दिएका थिए, जसमा पूर्वाधार तयार भएमा स्वकिृति दिन सकिने व्यहोरा उल्लेख थियो। पूर्व उपकुलपति केसी भन्छन्, 'मैले 'लेटर अफ इन्टेन्ट' पनि पूरै भौतिक संरचना अवलोकन गरेर दिएको थिएँ, त्यस बेला मुलुकमा पूर्वाधारविना चलेका केही मेडिकल कलेजहरूभन्दा नोबेलको संरचना राम्रो थियो।'

पूर्वाञ्चल विश्वविद्यालयले पनि त्यसबेला आफ्नै मेडिकल कलेज सञ्चालन गर्न पूर्वाधार तयार गर्ने क्रममा थियो। आफ्नो मेडिकल कलेज सञ्चालन भएपछि मात्र एमबिबिएस कक्षा चलाउन नोबेललाई स्वीकृति दिने विश्वविद्यालयले मौखिक जानकारी दिएको थियो। तर, पूर्वाञ्चल विश्वविद्यालयको मेडिकल कलेज स्थापना गर्ने योजनाले मूर्त रुप नपाउँदा नाबेलले पनि सम्बन्धन पाएन।

बैंक ऋणबाट अस्पताल लगायत कलेजका अरू भौतिक पूर्वाधारको निर्माण गरिएकाले पनि सकेसम्म छिट्टै कक्षा सञ्चालन गरियोस् भन्ने सञ्चालकहरूको चाहना थियो। त्यसकारण उपकुलपतिलगायत पदाधिकारी नभएकाले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन अवरुद्ध नभएको अवस्थामा कसरी हुन्छ छिटो सम्बन्धन प्रक्रिया अघि बढाउनु पर्ने भएकाले सञ्चालकहरूले काठमाडौं विश्वविद्यालयमा पनि सम्बन्धनको लागि पहल गरेका थिए। सम्बन्धनमा सजिलो हुन्छ भनेर पहिलेका सञ्चालकले सुरुमा डा. शेखरको हिस्सेदारीलाई हार्दिकतासाथ स्वीकार गरेका थिए। पछिल्लो समयको विवाद चुलिँदै जाँदा नोबेल मेडिकल कलेजमा कार्यरत पहिले नियुक्त ३ सय कर्मचारीमध्ये आफ्ना मानिस भर्ती गर्न करिब आधाजतिलाई अवकाश दिइसकिएको छ। अवकाश पाएका कर्मचारीहरूले आन्दोलनसमेत उत्रिएका छन्। ४६ जना साझेदार रहेको उक्त कलेजले पाँचवटा बैंकबाट ३० करोडजति ऋण लिएको छ। पछिल्लो किचलोले स्थानीय बासिन्दा र बैंकले हर्ने दृष्टिकोणसमेत परिवर्तन हुनसक्ने देखिन्छ।

संस्थागत हुन नपाउँदै नोबेल मेडिकल कलेज अराजकताको भासमा जान सक्ने सम्भावना देखिएको छ। चिकित्सा शिक्षा दिएर डाक्टर उत्पादन गर्ने उद्देश्यले सञ्चालन भएका शैक्षिक संस्थामा राजनीतिक स्वार्थ मिसिएमा दीर्घकालीन असर पर्ने शिक्षाक्षेत्रमा काम गरेका व्यक्तिहरूको अनुभव छ। ■














# प्रगतिशीलको कब्जामा

■ गोविन्द परियार/काठमाडौं

**पेसाकर्मीहरूको सबैभन्दा** ठूलो संस्था नेपाल बार एसोसिएसनको महाधिवेशनमा प्रगतिशील पक्षका उम्मेदवारहरू अध्यक्षसहित बहुमत सदस्यमा निर्वाचित भएका छन्। निर्वाचनमा प्रगतिशील पक्षधरका विश्वकान्त मैनाली अध्यक्षमा विजय भएका छन्। यसअघि दुईपटकसम्म पराजय व्यहोरेका मैनालीले तेस्रोपटक बल्ल बारको अध्यक्षमा विजय हात पार्न सफल भए। बारको महत्त्वपूर्ण पद महासचिवमा भने माओवादी निकट अधिवक्ता रमणकुमार श्रेष्ठ विजयी भएका छन्। लोकतान्त्रिक पक्षबाट अध्यक्षका प्रतिस्पर्धी वरिष्ठ अधिवक्ता वसन्तराम भण्डारीको बारको अध्यक्ष पदमा यसपटक दोस्रो हार हो।

मुलुक संविधानसभामार्फत राज्यको पुनर्संरचनामा प्रवेश गरेको समयमा भएको बारको निर्वाचनलाई महत्त्वपूर्ण रुपमा हेरिएकाले नयाँ समितिले चुस्त र सहज न्यायको पक्षमा सम्पूर्ण कानुन व्यवसायीहरूलाई क्रियाशील गराउने बताएको छ। मुलुकमा नयाँ नयाँ ऐन कानुन र भर्खरै मात्र अन्तरिम संविधान लागू भएको समयमा भएको कानुन व्यवसायीहरूको निर्वाचनले पूरै न्यायक्षेत्रलाई चुस्त बनाउनु पर्ने अपेक्षा गरिएको छ। नयाँ नेपालसँगै न्यायक्षेत्रमा पनि ताजा जनदेशका साथ अगाडि बढ्ने निर्वाचित पदाधिकारीहरूले बताएका छन्। नव निर्वाचित बारका महासचिव रमणकुमार श्रेष्ठ भन्छन्, 'हामीले चुनावमा जाँदा बारलाई नयाँ ढंगबाट पुनर्संरचना गर्ने बताएको थियौं, सोअनुरुप नयाँ समितिले बारका काम कारबाही अगाडि बढाउँछ।'

पेसाकर्मीहरूको सबैभन्दा ठूलो संगठन बारको केन्द्रीय कार्यसमितिको निर्वाचनमा यसपटक पनि पहिलाजस्तै प्रगतिशील समूहको वर्चस्व छ। प्रजातन्त्र बहालीपछि दुई कार्यकालबाहेक सधैं प्रगतिशील पक्षले बारको नेतृत्व बहुमत सदस्यमा विजय हुँदै आएको छ। आठ पदाधिकारी र नौ सदस्य गरी १७ पदका लागि भएको निर्वाचनमा अध्यक्ष, दुई उपाध्यक्ष र कोषाध्यक्ष जस्ता महत्त्वपूर्ण पदसहित पाँच सदस्य प्रगतिशील पक्षले जितेर कार्यसमितिमा बहुमत बनाएको छ। लोकतान्त्रिक समूहले भने तीन उपाध्यक्षसहित चार सदस्य जितेको छ।

संवैधानिक सर्वोच्चता, कानुनी शासन, सहज न्यायको पक्षमा बारले भूमिका खेल्ने श्रेष्ठले *समय*लाई बताए। नवनिर्वाचित पदाधिकारीले स्वतन्त्र न्यायपालिका, मानवअधिकार र लोकतन्त्रको पक्षमा क्रियाशील हुने प्रतिबद्धता जाहेर गरेका छन्। श्रेष्ठ भन्छन्, 'वकिलहरूलाई मुद्दा मामिलामा मात्र सीमित नगराई उनीहरूको वृत्तिविकास लगायतका क्षमता अभिवृद्धिमूलक कार्यहरू गरिनेछ।'

समावेसीको ढाँचामा मुलुक पुनर्संरचना गराउने बाटोमा अगाडि बढेको समयमा भएको बार निर्वाचनमा भने उत्पीडित दलित, जनजाति र पिछडिएको क्षेत्रको प्रतिनिधित्व छैन। नवनिर्वाचित महासचिव श्रेष्ठ भने पहिलाभन्दा बारलाई धेरै नै समावेसी बनाएको बताउँदै भन्छन्, 'हामीले बारलाई सबै जाति क्षेत्र र समुदायका कानुन व्यवसायीहरूको प्रतिनिधित्वसहितको संरचना तयार गर्नेछौं।' बारमा विगतका भन्दा अहिले महिलाहरूको सहभागिता बढेको छ। कार्यसमितिमा लोकतान्त्रिकबाट २ सदस्य र प्रगतिशीलबाट एक सदस्य र कोषाध्यक्षमा महिलाहरू विजयी भएका छन्। प्रगतिशील पक्षबाट तराईमूलका राजकिशोर यादव पनि सदस्यमा विजय भएका छन्। निर्वाचित पदाधिकारीहरूले बारलाई थप समावेसी बनाउनको लागि छिट्टै नयाँ नीति सार्वजनिक गर्ने बताएका छन्। ■

## नवनिर्वाचित बार पदाधिकारीहरू

| | | |
|---|---|---|
| अध्यक्ष | विश्वकान्त मैनाली | प्रगतिशील |
| उपाध्यक्ष : | | |
| पूर्वाञ्चल | अशोककुमार पोखरेल | लोकतान्त्रिक |
| मध्यमाञ्चल | हरिप्रसाद उप्रेती | प्रगतिशील |
| पश्चिमाञ्चल | मुकुन्द शर्मा पौडेल | लोकतान्त्रिक |
| मध्यपश्चिमाञ्चल | प्रल्हाद बहादुर कार्की | लोकतान्त्रिक |
| सुदूरपश्चिमाञ्चल | रणबहादुर सिंह | प्रगतिशील |
| महासचिव | रमणकुमार श्रेष्ठ | प्रगतिशील |
| कोषाध्यक्ष | सविता भण्डारी | प्रगतिशील |
| सदस्य | नमस कार्की | लोकतान्त्रिक |
| सदस्य | नरबहादुर शाही | लोकतान्त्रिक |
| सदस्य | कविता थापा | लोकतान्त्रिक |
| सदस्य | बालकृष्ण ढकाल | प्रगतिशील |
| सदस्य | भवीश्वर गुरुङ | प्रगतिशील |
| सदस्य | राजकिशोर यादव | प्रगतिशील |
| सदस्य | शान्तिदेवी खनाल | प्रगतिशील |
| सदस्य | सानुभाइ शाक्य | प्रगतिशील |
| सदस्य | नीता गौतम | लोकतान्त्रिक |



# परिवार मोह

**अन्तरिम संसद्मा मनोनयन गर्ने प्रक्रियामा सबैभन्दा अप्रजातान्त्रिक तरिका अपनाउने पार्टीमा नेपाली कांग्रेस दरिएको छ । समावेसी र राज्यको पुनर्संरचना जस्ता अहिलेको चर्चित मुद्दालाई पनि सम्बोधन गर्न नसकेको टिप्पणी पार्टीभित्रै हुँदै छन् ।**

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**सुजाता कोइराला** अन्तरिम संसद्मा मनोनयन भएपछि कांग्रेसवृत्तमा प्रश्न उठेको छ - कांग्रेस सभापति एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आफ्नो विरासत छोरीमा सार्ने अभियानमा लागी परेका हुन् ? अन्तरिम संसद्मा कोइरालाले पुत्रीलाई ल्याउनु दक्षिण एसियाली राजनीतिको चरित्र भन्दै यस मामलालाई स्वभाविक र सामान्य मान्नेहरू नभएका होइनन् । वृद्ध र अस्वस्थ कोइरालाको मनोनयन प्रकरणलाई सुजातालाई विरासत सुम्पने अभियानको महत्त्वपूर्ण कडी हो मान्न सकिने प्रशस्त औल्याउँछन् कांग्रेसहरू ।

पहिलो कोइरालाले अपनाएको मनोनयको आधार गोप्य छ । उनले क-कससँग सल्लाह गरेर दसजना मनोनीत गरे, त्यो खुलाइएको छैन । कोइरालाका हरेक निर्णयमा सही थाप्ने परिचय बनेका पार्टी उपसभापति सुशील कोइरालासमेत पनि यो मनोनयनबाट सन्तुष्ट बन्न नसकेको उनका नजिकका मानिस बताउँछन् । औपचारिक रुपमा भने सुशील मुख खोल्न चाहँदैनन् । समयले सुशीलसँग मनोनयनबारे जिज्ञासा राख्दा सुशील विवाद ल्याउन नचाहने बताउँदै पन्छिए । सुशीलको विवाद गर्न नचाहने अभिव्यक्तिबाट उनी सभापतिले गरेको मनोनयनको विरोध पनि नगर्ने अनुमोदन पनि नगर्ने स्थितिमा देखिन्छन् । उता संगठन विभाग प्रमुख बलदेव मजगैया पनि त्यही स्थितिमा रहेको कांग्रेस बताउँछन् । लोकतान्त्रिक पार्टीमा सभापतिले कसरी र कुन आधारमा मनोनयन गरे भन्ने प्रश्नको उत्तर उपसभापति र संगठन विभाग प्रमुखले खोज्नुपर्ने बिडम्बनापूर्ण स्थिति छ ।

केन्द्रीय सदस्य अर्जुननरसिंह केसीको शब्दमा, 'अपारदर्शी, अप्रजातान्त्रिक' तरिकाबाट मनोनयन गरिएको छ । केसी पार्टीका जिम्मेवार नेतृत्वलाई पन्छाएर कोइरालाले एक्लो निर्णय थोपरेको आरोप लगाउँछन् । मनोनयनका औपचारिक नामावली सार्वजनिक हुनुअघि बालुवाटारबाटै प्रचारमा ल्याइएका प्राज्ञिक व्यक्तित्व सुप्रभा घिमिरे र महिला नेता मीना पाण्डेको नाम किन काटियो ? धेरै कांग्रेसजनका लागि आश्चर्यको विषय बनेको छ । सुशील कोइरालाको तर्फबाट पक्कापक्की गरिएका लक्ष्मण घिमिरेको नाम काटिनुलाई पनि उत्तिकै रहस्यका साथ हेरिँदै छ ।

अन्तरिम संसद्मा मनोनयन गर्ने प्रक्रियामा सबैभन्दा अप्रजातान्त्रिक तरिका अपनाउने पार्टीमा नेपाली कांग्रेस दरिएको छ । समावेसी र राज्यको पुनर्संरचना जस्ता अहिलेको चर्चित मुद्दालाई पनि सम्बोधन गर्न नसकेको टिप्पणी पार्टीभित्र हुँदै छन् । 'अधिनायकवादी'को आक्षेप लाग्ने गरेको माओवादी मनोनयन प्रक्रियामा प्रजातान्त्रिक बनेर प्रस्तुत भयो, कम्युनिष्ट एमालेले त्यस्तै उदारता र प्रजातान्त्रिक अभ्यास देखायो । एमालेले माओवादीबाट हत्या गरिएका परिवारका सदस्यलाई ठाउँ दियो । माओवादीले सेनाबाट मारिएका आफ्ना सहिद परिवारका सदस्य मनोनयन गर्न चुकेन । कांग्रेसका केन्द्रीय नेताहरुले माओवादीबाट पीडित, माओवादीले हत्या गरेको परिवारका सदस्यहरूलाई ल्याउन दिएको सुझाव कोइरालाले बेवास्ता गरेका छन् । माओवादी पीडित संघका अध्यक्ष गणेश चिलुवालको परिवार र लमजुङका शिक्षक मुक्तिनाथ अधिकारीका परिवारबाट मनोनयमा पर्नुपर्छ भन्ने माग धेरैले कोइरालासमक्ष राखेका थिए ।

उता कांग्रेसजनबाट 'शाही कांग्रेस'को आक्षेप खेप्ने गरेको कांग्रेस (प्रजातान्त्रिक)को केन्द्रीय समितिले विवादका बाबजुद सभापति शेरबहादुर देउवालाई अधिकार सुम्पियो । देउवाले केन्द्रीय समितिले अख्तियार गरेको अधिकार प्रयोग गरेर मनोनयन गरे, तर लोकतान्त्रिक भनिने नेपाली कांग्रेसका सभापति कोइरालाले केन्द्रीय समितिको बैठक बोलाएर मनोनयन गर्ने अधिकार आफूमा लिने विगतका अभ्यास यसपटक दोहोऱ्याएनन् । बरु पार्टी उपसभापति सुशील कोइराला, संगठन विभाग मजगैया सबैका सिफारिसहरू लत्याएर छोरीको चाहनाअनुसार निर्णय गरेको जानकारहरू बताउँछन् ।

मधेस र जनजातिमा अन्य दलभन्दा समावेसी भनिँदै आएको कांग्रेस मधेस, जनजाति र दलितमा गरिएको मनोनय पनि आलोचनामुक्त छैन । दलितबाट मनोनीत मिठाराम विश्वकर्मा राष्ट्रिय समाचार समितिको अध्यक्षको जिम्मेवारी सम्हालिरहेका छन् । उनको साटो अरू कसैलाई मनोनयन गर्न सकिन्थ्यो । त्यस्तै महामन्त्रीको जिम्मेवारी निर्वाह गरिरहेका कुलबहादुर गुरुङको साटो अरूलाई नै भूमिका दिएको भए राम्रो हुन्थ्यो भन्नेहरू छन् ।

मधेसी समुदायबाट गरिएको अमरेशकुमार सिंहको मनोनयन आश्चर्यको विषय बनेको छ । कोइरालाले कुन बाध्यताका कारण कांग्रेसको साधारण सदस्यसमेत नबनेका सिंहलाई सांसद बनाउनु पऱ्यो ? अन्तरिम संविधानको निर्माणका समयदेखि व्यापक विवादमा परेका सिंहको खुलेको परिचय भनेको भारतको प्रसिद्ध जवाहरलाल नेहरू विश्वविद्यालयका विद्यार्थी हुन् । उनको भारतका सुरक्षानिकायका अधिकारी र प्रशासकसँग राम्रो हिमचिम र सम्बन्ध कायम भएको स्रोतहरू बताउँछन् । सिंह आफैं पनि भारतीय प्रशासक र सुरक्षा अधिकारीसँग राम्रो सम्बन्ध भएको दाबी गर्न पछि नपर्ने स्वभावका छन् । उनका बारेमा नेपाली छापाहरूमा टिप्पणी हुन थालेको सन्दर्भमा आफू मधेसी भएकाले विरोध भएको टिप्पणी दिन उनी पछि पर्दैनन् । केही दिनअघि ललितपुरमा आयोजित मधेस राजनीतिसम्बन्धी एक कार्यक्रममा सिंहले, आफ्नो राष्ट्रियता नभएको, आफू शुद्ध मधिसे भएको र मधेस बेग्लै राज्य बनेमा आफू गौरवान्वित हुने टिप्पणीसमेत गरेका थिए । सिंहलाई सांसद बनाउनुका पछाडि कोइरालाको बाध्यता हो वा सिंहले नेताहरूलाई पुऱ्याएको सहयोगको गुन हो भन्ने कुरामा भिन्न भिन्न विश्लेषण भइरहेको छ । राजाको प्रत्यक्ष शासनका समयमा

भारतमा जाने नेपाली नेताहरूलाई सहयोग गर्ने, कांग्रेसका नेताहरू तथा माओवादी नेतृत्वबीच सम्बन्ध स्थापित गर्ने काममा आफूले महत्त्वपूर्ण भूमिका खेलेको सिंहले दावी गर्दै आएका छन्। दिल्लीमा रहँदा नेताहरूलाई सिंहले स्रोत नखुलेको आर्थिक सहयोग पनि उपलब्ध गराउने गरेको बुझिन्छ। प्रधानमन्त्री निवास बालुवाटार तथा गृहमन्त्री कृष्ण सिटौलाको निवास र कार्यालयमा विनारोकतोक आवत जावत गर्ने हैसियतका अम्मरेशको भूमिकामाथि टीकाटिप्पणी भइरहेको छ।

कांग्रेस सहमहामन्त्री डा. रामवरण यादव पनि कोइरालाको मनोनयनबाट चित्त बुझाउन नसक्नेमध्येका हुन्। यादव भन्छन्, 'मनोनीत भएका सबै मानिस असल छन्, तर जहाँसम्म समावेसी मधेसीका जाति, जनजातिको प्रश्न छ त्यसको समाधान भएन। मधेसबाट कम्तीमा चारजना हुनु पर्थ्यो, दुईजना मात्र आएका छन्। मधेसबाट मनोनीत हुनेमा मधेसका दलित जनजाति र पिछडिएकाबाट हुनु पर्थ्यो।' यादव, मधेसको यथोचित प्रतिनिधित्व नभएको टिप्पणी गर्छन्।

कोइराला प्रधानमन्त्री बनेपछिको पेचिलो राजनीतिक स्थितिमा नजिकबाट सहयोग पुऱ्याउने अर्जुननरसिंह केसी, भतिजा डा. शेखर कोइरालाको भूमिकाको कदर गर्ने आश्वासन पनि पूरा गरिएन। त्यसैले कांग्रेसवृत्तमा कसको सिफारिसमा मनोनयन गरियो र किन गरियो भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ। पुत्री सुजाताको सिफारिस र सुजाताका लागि खतरा बन्न नसक्नेहरू मात्र मनोनयनमा परेको देखिन्छ। एक केन्द्रीय सदस्य भन्छन्, 'सुजाताबाहेक अरू कसैका सिफारिसले ठाउँ पाएको छैन।'

एक विद्यार्थी नेता भन्छन्, 'सुजातालाई सांसद बनाउनुलाई सामान्य रूपमा लिन सकिन्छ। जो जो मनोनीत भएका छन्, ती सबै सुजाताकै सिफारिसमा भएका छन्।' ती युवा, कोइरालाले 'सुजाताको पछि नलागे कांग्रेसमा सुरक्षा छैन' भन्ने संकेत दिएको बताउँछन्। 'राजनीतिक सुरक्षा चाहिन्छ भने सुजाताको पछि लाग' भन्ने संकेत हो यो', उनी थप्छन्। अहिलेको मनोनयनमा मात्र होइन, कोइराला अन्तरिम प्रधानमन्त्री बनेपछिका नियुक्ति, सरुवा र बढुवा सुजाताको चाहनाअनुसार भएको देखिन्छ। सुजाताका सहयोगी डा. सुरेश चालिसेलाई प्रधानमन्त्रीको विशेष सल्लाहकार बनाइएको छ र सल्लाहकार भइरहेका अवस्थामा अमेरिकी राजदूतका लागि नाम प्रस्तावित गरिएको छ।

सतहमा कांग्रेसमा कोइरालातन्त्र स्थापित गर्ने रणनीतिअन्तर्गत गिरिजाप्रसादले आफ्नै छोरीलाई च्यापेको, भतिजाद्वय नोनापुत्र डा. शेखर कोइराला र विपीपुत्र डा. शशांक कोइरालालाई पन्छाएको स्थिति देखिन्छ। पारिवारिक राजनीतिको चलखेलमा सुजाता सफल मात्र होइन, विजेता देखिएकी छन्। मनोनयनपछि सुजाताले आफ्ना नजिकका सहयोगीहरूलाई 'मैले शेखरलाई देखाइदिएँ' भन्ने टिप्पणी गर्न पछि परेकी छैनन् भने शेखर मनोनयनमा आफ्नो नाम नपरेको थाहा पाएपछि नजिकमा सहयोगीसँग पनि सम्पर्कमा आएका छैनन्। सुरुदेखि नै 'मेरो नाम छैन, मलाई थाहा छ, अरू ज-जसको भए पनि मेरो सरोकार छैन' भन्ने प्रतिक्रिया दिने गरेको मोरङ कांग्रेसका एक युवा नेता बताउँछन्। एक महिनाअघि मात्र नेपाल प्रकृति संरक्षण कोषको कार्यकारी निर्देशक बनाइएका नोनापुत्र नीरञ्जन कोइराला तीन दिन पनि टिक्न नसक्नुको पछाडि सुजाताको असन्तोष प्रमुख कारक भएको चर्चा छ। दुई साताअघि सुजाता र शेखर मनोनयमा पर्ने तर आफू नपर्ने मेसो पाएपछि विपीपुत्र शशांक छोरीलाई भेट्ने बहानमा अमेरिका प्रस्थान गरेका छन्। उनी 'सानोबुवा'को सुजातालाई स्थापित गर्ने राजनीतिको खिलाफमा छन्।

छोरी सुजातालाई नेतृत्वमा स्थापित गर्ने काम कोइरालाले आठ वर्ष अघिदेखि थालेका हुन्। २०५६ को पोखरा महाधिवेशनमा महिलानेतृ शैलजाको विरोधका कारण सुजाता केन्द्रीय सदस्यको उम्मेदवार बन्न पाइनन्। त्यो महाधिवेशनमा पार्टी संयन्त्रको हर्ताकर्ता महामन्त्री सुशील कोइराला दसौं नम्बरमा पुगे भने कोइरालातन्त्रका प्रखर विरोधी प्रदीप गिरी, प्रकाशमान सिंह तथा विमलेन्द्र निधिले सानदार मत पाएपछि छोरीलाई विरासत बिसाउने अभियानमा लागेका हुन्। पोखरा महाधिवेशन भएपछि कोइरालाले सुजातालाई स्थापित गर्ने रणनीति अख्तियार गरे। जसअनुसार भतिजा डा. शशांकको घर महाराजगन्जमा वास बस्ने तर राजनीतिक केन्द्र पुत्री सुजाताको निवास मण्डिखाटारलाई बनाउने काम थालियो।

कोइराला बिहानको खाजा खान मात्र मण्डिखाटार जाँदैनथे, त्यहाँ सुजाताले चाहेका मानिससँग भेटघाट गर्ने प्रमुख उद्देश्य रहेको हुन्थ्यो। पोखरा महाधिवेशनबाट सुरु भएको सुजातालाई नेतृत्वमा स्थापित गर्ने अभियान २०६१ मा सम्पन्न काठमाडौंको एघारौं महाधिवेशनमा पछि झन् स्पष्टसँग प्रकट हुँदै गयो। सुशील कोइरालाको अरनखटनमा सम्पन्न महाधिवेशनमा सुशील सबैभन्दा धेरै मत पाउने केन्द्रीय सदस्य भए भने सुजाता धेरै मत पाउने अग्रपंक्तिमा आइपुगिन्। कांग्रेस विधानको भावना र मर्म विपरीत कोइराला आफैं तेस्रोपटक सभापतिको उम्मेदवार बन्नुका पछाडि महामन्त्री सुशीलले निर्वाचन जित्न नसक्ने स्थिति हो। सुशीलमार्फत सुजातामा विरासत बिसाउने कोइरालाको अभियानमा सुशील उपयोग हुन नसक्ने देखिएपछि कोइराला आफैं मैदानमा उत्रिएका थिए।

अधिवेशनपछि कोइरालाले आठ वर्ष महामन्त्री हुँदा कुनै प्रभाव जमाउन नसकेका सुशीललाई उपसभापतिको जिम्मेवारी दिए। पहिलोपटक केन्द्रीय समितिमा निर्वाचित छोरी सुजातालाई विदेश विभाग प्रमुखको महत्त्वपूर्ण जिम्मा लगाइयो।


सुजाता बाबुकै कृपाले विधायक बनेकी हुन् ?

प्रतिगमनविरोधी आन्दोलनमा सक्रियताका साथ सडक आन्दोलनमा लागेकी, सुजातालाई विदेश विभागको प्रमुख बनाउनुको पछाडिको उद्देश्य पनि नेतृत्वमा स्थापित गर्ने अभियानकै एउटा पाटो थियो।

कोइरालाले आफ्ना नजिकका सहयोगी र विश्वसनीय कार्यकर्ताबीच पटक-पटक सुजाता अरूभन्दा 'डाइनामिक छ' भन्ने गरेका छन्। दुई वर्ष अघिदेखि सुजाताको बहु-आयामिक पक्षको चर्चा गर्नुका पछाडिको एउटै कारण छ, छोरी भतिजाद्वय शेखर र शशांकभन्दा योग्य छ, कोइरालातन्त्र उसैमा जानुपर्छ। सांसद मनोनयन गर्ने यो पछिल्लो प्रकरणमा नोनापुत्र डा. शेखर प्रतिस्पर्धाको अन्तिम घडीमा बाहिरिएका छन् भने विपीपुत्र शशांक पाखा लगाइएका छन्। शेखरलाई सांसद बनाउन नोना विराटनगरबाट काठमाडौं आएकी पनि थिइन्, तर छोरी सुजाताका अघि भाउजू नोनाको केही लागेन।

कोइरालाले पारिवारिक किचलो र प्रतिस्पर्धाको व्यवस्थापन कसरी गर्ने हुन् त्यो उनको निजी मामला हो। तर, सुजातालाई विरासत सुम्पने अधिनायकवादी शैलीले सरकारको नेतृत्वमा बनेको छवि नराम्ररी भत्किएको छ। कोइरालाको यो रणनीतिविरुद्ध कांग्रेसभित्र प्रतिरोध र प्रतिपक्षी जन्मने संकेत देखिन थालेका छन्। सुजातालाई विरासत सुम्पन्ने कोइरालाको अभियानका कारण कांग्रेस एकीकरण मुद्दामा अझ उल्झनमा पर्ने निश्चित छ। ■



पहिलोपल्ट संसद् भवन छिरेका माओवादी अध्यक्ष प्रचण्ड र अर्का नेता डा. बाबुराम भट्टराई

तस्बीरहरू : तेज बस्नेत

# वाम वर्चस्वले त्राहि

■ **सुवास देवकोटा/काठमाडौं**

**अन्तरिम विधायिकामा** वामपन्थीहरूको वर्चस्व बनेकोमा चिन्तित बनेकाहरूलाई ठूला वाम दलहरू एमाले र माओवादीबीचको पदको भागबन्डा विवादले राहत पुऱ्याउन सक्छ। अन्तरिम विधायिकाको सभामुखमा एमालेका सुवासचन्द्र नेम्वाङलाई स्विकारेको माओवादीले अन्तरिम सरकारको वरिष्ठ उपप्रधानमन्त्रीमा बलियो दाबी गर्ने बताएको छ भने एमाले सभामुख र अन्तरिम सरकारको वरिष्ठ उपप्रधानमन्त्री पद भागबन्डा नगरिएको तथा अन्तरिम सरकार गठनका बेला नयाँ ढंगले पद बाँडफाँड गर्नुपर्ने उल्लेख गर्छ। अन्तरिम सरकारको उपप्रधानमन्त्री आफैंले पाउनुपर्ने दुवै पार्टीका नेताहरूको दाबीले अन्तरिम सरकार गठन हुने बेला दुई पार्टीबीच चर्को वाक्‌युद्ध हुने अहिले नै स्पष्ट छ।

अन्तरिम विधायिकाको सभामुखमा प्रतिनिधिसभाका सभामुखले निरन्तरता पाउने सहमति पहिले नै भए पनि माओवादीले अनावश्यक विवाद निकालेको एमालेको भनाइ छ। 'सभामुखबारे पहिले नै मौखिक सहमति भए पनि माओवादीले अनावश्यक विवाद झिक्यो, त्यसैले त्यसबारे छलफल र सहमति गर्नुपऱ्यो', एमाले स्थायी समिति सदस्य झलनाथ खनाल भन्छन्, 'तर, सभामुख र उपसभामुखबारे मात्र अहिले सहमति भएको छ, अन्तरिम मन्त्रिपरिषद्‌बारे अहिले छलफल र सहमति भएको छैन।' अन्तरिम संविधान जारी भएपछि त्यसैअनुसार सबै पद र विषयमा नयाँ सहमति बन्नुपर्ने र त्यो मुलुकको शक्ति सन्तुलनअनुसार हुनुपर्ने माओवादी नेताहरूको भनाइ छ।

नयाँ परिस्थितिअनुसार पदको भागबन्डा गर्न माओवादीले नयाँ सिद्धान्त पनि अघि सारेको छ। माघ ३ गते माओवादीले बालुवाटारमा भएको आठ दलको बैठकमा नेपाली कांग्रेस, एमाले र माओवादीलाई बराबरीका तीन शक्ति मानेर सोअनुसार पद बाँडफाँड गर्नुपर्ने प्रस्ताव राखेको थियो। नेपाली कांग्रेस प्रजातान्त्रिकलाई आधा चौथाइ र चार साना दललाई आधा चौथाइ शक्ति मान्नुपर्ने तथा त्यसैअनुसार पद भागबन्डा गर्नुपर्ने सूत्र पनि उक्त बैठकमा माओवादीले पेस गरेको थियो। बराबर शक्ति रहेका नेपाली कांग्रेस र एमालेले प्रधानमन्त्री र सभामुख पाएपछि अन्तरिम सरकारमा महत्त्वपूर्ण मन्त्रालयसहित वरिष्ठ उपप्रधानमन्त्री आफूले पाउनुपर्ने माओवादीको माग थियो।

बालुवाटार बैठकमा माओवादीको प्रस्तावअनुसार भागबन्डा नस्विकारिएको तथा सभामुख र उपसभामुखमा नेम्वाङ र चित्रलेखा यादवलाई प्रतिनिधिसभाको भूमिकालाई निरन्तरता दिने सहमतिअनुसार पुरानै जिम्मेवारी दिइएको एमाले नेताहरूको दाबी छ। माओवादी नेताहरू पनि सभामुख एमालेलाई दिँदा अन्तरिम सरकारको वरिष्ठ उपप्रधानमन्त्रीमा आफूले भाग पाउने सहमति भएको दाबी गर्दैनन्। तर, उनीहरू सहमतिको राजनीतिका निम्ति माओवादीले सभामुख र उपसभामुख छाडेकाले अन्तरिम सरकारमा महत्त्वपूर्ण मन्त्रालयसहित वरिष्ठ उपप्रधानमन्त्री आफ्नो दलले पाउनु अधिकार रहेको बताउँछन्। 'नेपाली कांग्रेस र एमालेलाई प्रधानमन्त्री र सभामुख हामीले उधारोमा छाड्यौं, हामीलाई उनीहरूले के गर्छन्, त्यो हेर्न बाँकी छ', माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराई भन्छन्।

## वाम वर्चस्व

अन्तरिम विधायिकामा वाम वर्चस्व स्थापित हुनाले मुलुकको आगामी राजनीतिमा पनि वामपन्थी हावी हुने विश्वास गर्दै चिन्तित हुनेलाई कानुन व्यवसायीहरूको छाता संगठन 'नेपाल बार एसोसिएसन'मा विश्वकान्त मैनाली र रमण श्रेष्ठ समूहको विजयले झस्काएको छ। मैनाली एमाले

सम्बद्ध हुन् भने श्रेष्ठ माओवादी। हुनत बारको अघिल्लो निर्वाचन पनि एमाले सम्बद्ध शम्भु थापाको नेतृत्वमा वामहरूकै पोल्टामा गएको थियो। बारको अध्यक्षमा मैनालीको विजय स्वभाविक मानिए पनि श्रेष्ठको विजय भने गैरवामपन्थीहरूका निम्ति आश्चर्य बनेको छ।

जेठमा हुने विश्वास गरिएको संविधानसभाको निर्वाचनसम्म कायम रहने अन्तरिम विधायिका साँच्चै वाम वर्चस्वकै छ। एमाले र माओवादीबीच अहिलेझैं विवाद कायम रहे पनि जनमोर्चाको अमिक समूह र माओवादीबीच एकता भए माओवादी विधायिकाकै ठूलो दल बन्ने निश्चित छ। उनीहरूबीचको निकटता एकता हुने तहकै रहेको अहिले पनि देखिन्छ। अमिक समूहको जनमोर्चासँग अन्तरिम विधायिकामा ४ सदस्य छन्। माओवादी र अमिकको जनमोर्चा मिले ८५ सदस्य रहेको नेपाली कांग्रेसभन्दा माओवादीसँग अन्तरिम विधायिकामा २ सदस्य बढी हुनेछन्। तीन सदस्य रहेको चित्रबहादुर केसी र २ सदस्य रहेको परि थापाको जनमोर्चाको भने माओवादीसँग सुमधुर सम्बन्ध छैन। केसी र थापाको जनमोर्चा माओवादीभन्दा व्यवहारमा एमालेसँग निकट छन्। उनीहरूको विभाजनमा पनि माओवादीप्रतिको दृष्टिकोण नै मुख्य कारण बनेको थियो। अमिक जनमोर्चाको माओवादीसँग निकट सम्बन्ध रहे पनि उक्त समूहकी केन्द्रीय सदस्य शशि श्रेष्ठ माओवादीसँग तत्काल एकताको सम्भावना नरहेको बताउँछिन्। विचारमा निकट रहेकाहरूबीच एकता नभएर फुट भएका थुप्रै उदाहरण रहेको पनि उनी उल्लेख गर्छिन्। अमिक जनमोर्चामै उपाध्यक्ष रहेका 'नेकपा २००६' महामन्त्री केशव नेपाल भने वाम ध्रुवीकरण अनिवार्य रहेकाले माओवादी र जनमोर्चा मिल्नुको विकल्प नरहेको बताउँछन्।

अन्तरिम विधायिकामा कुनै वाम समूहसँगको एकताले एमाले ठूलो दल बन्ने सम्भावना नरहे पनि ऊसँग गठबन्धन गर्ने सम्भावित दल पनि छन्। वाममोर्चाबाट प्रतिनिधित्व गर्ने तीन सदस्यमध्ये मालेका महासचिव सिपी मैनाली मालेमा भर्खरै विभाजन भएपछि एकाएक एमाले निकट पुगेका छन्। स्रोतहरू मैनाली एमाले प्रवेश गर्ने सम्भावनासमेत रहेको बताउँछन्। विभाजित जनमोर्चाका चित्रबहादुर केसी र परि थापा समूहको एमालेसँग एकीकरण सम्भावना नरहे पनि उनीहरूबीच गठबन्धन बन्ने सम्भावना अत्यधिक छ। मैनाली, दुवै जनमोर्चा र एमालेबीच गठबन्धन बने, त्यो गठबन्धनको अन्तरिम विधायिकामा ८९ सदस्य हुनेछन्। संयुक्त मार्क्सवादीका गणेश शाह पनि माओवादीभन्दा एमालेसँगै निकट रहेकाले एमालेको नेतृत्वको गठबन्धनमा ९० सदस्य हुनेछन्। वाममोर्चाबाट विधायक बनेका मालेमा केन्द्रका नन्दकुमार प्रसाई भने माओवादीसँग एकताकै पक्षमा छन्। अमिक शेरचनको जनमोर्चा, प्रसाई र माओवादीबीच एकता भए माओवादीको अन्तरिम विधायिकामा ८८ सदस्य हुनेछ।

मुलुकका दुई ठूला वाम दल एमाले र माओवादी एकीकृत भए वा गठबन्धनमा सामेल भए के हुन्छ ? एमालेको ८३ र माओवादीको ८३ जोड्दा १ सय ६६ हुन्छ। यो संख्या ३ सय २९ सदस्यीय अन्तरिम विधायिकाको स्पष्ट बहुमत हो। एमाले र माओवादी मिले वा गठबन्धनमा सामेल भए मात्र पनि सबै वाम समूह त्यो एकीकरण वा गठबन्धनमा सामेल हुने निश्चित छ। अहिले पनि सबै वाम दल एमाले वा माओवादीको निकट पुगेका छन्। सधैं फरक अडान राख्दै आएको नारायणमान बिजुक्छे 'रोहित'को नेपाल मजदुर किसान पार्टी समेत वाम गठबन्धनमा सामेल हुन बाध्य हुने वाम राजनीतिसँग नजिक रहेकाहरू दाबी गर्छन्। उनीहरूको दाबीअनुसार एमाले र माओवादीसहितको वाम गठबन्धन बनेमा संविधानसभाको निर्वाचनमा वामपन्थीहरूको दुई तिहाइ बहुमत आउनेछ।

तर, कम्युनिष्ट पार्टीहरूबीच एकता हुनुपर्ने प्रस्ताव आफ्ना केन्द्रीय समितिका बैठकहरूबाट औपचारिकरुपमै पारित गरेका एमाले र माओवादी एकीकृत हुने वा गठबन्धनमा संलग्न हुने सम्भावना कम रहेको दुवै पार्टीका नेता तथा कार्यकर्ता स्विकार्छन्। एमाले र माओवादीबीच अन्तरिम सरकारको भागबन्डाका कारण हुने विवादले उनीहरूबीचको एकता र गठबन्धनलाई पर धकेल्ने त छँदै छ, आफ्नो शक्ति बढी आँक्ने प्रवृत्ति पनि उनीहरूबीचको एकताका निम्ति बाधक बन्ने निश्चित छ। २०४७ देखि संसदीय राजनीतिमा



प्रभाव जमाएका कारण एमालेले आफूलाई मुलुककै सबैभन्दा बलियो र संगठित शक्ति मानेको छ भने २०५२ देखिको जनयुद्धपछि शक्ति आर्जन गरेकाले माओवादी आफूलाई मुलुकको उदाउँदो तथा प्रभावशाली शक्ति मान्छ। साना वाम दल र दुवै ठूला वाम दलमा प्रत्यक्ष संलग्न नरहेका वाम समर्थकहरूचाहिँ दुवैले आफ्नो दम्भ छाडी एकता वा कार्यगत एकता गर्नुपर्ने तथा अन्तरिम विधायिकामा र संविधानसभा निर्वाचनमा तालमेल गर्नुपर्ने पक्षमा छन्। त्यस्ता समूह र व्यक्तिले यो पक्षमा अभियान चलाउने योजना बनाएको पनि 'नेकपा २००६' का नेता केशव नेपाल बताउँछन्। माओवादीका तर्फबाट अन्तरिम संसद्मा मनोनीत हरि रोका पनि वाम एकताका लागि आफ्नो प्रयास रहने बताउँछन्। उनका भनाइमा आगामी दिनमा मुलुक तीव्र ध्रुवीकरणतर्फ अघि बढ्ने र वामहरूबीचको समीकरण हुनसक्ने सम्भावना छ।

## कांग्रेसलाई एक हुन दबाब

वाम वर्चस्व र एकताको चर्चाले नेपाली कांग्रेसका दुवै समूहलाई एक हुन बाध्य पार्ने निश्चित छ। नेपाली कांग्रेस सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि 'प्रजातन्त्रको सुदृढीकरणका निम्ति कांग्रेस एकता अनिवार्य रहेको' सार्वजनिकरुपमै बताइसकेका छन् भने कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवाले पार्टी एकताका निम्ति आफू तयार रहेको सार्वजनिक गरिसकेका छन्। नेपाली कांग्रेस र प्रजातान्त्रिक कांग्रेस मिले अन्तरिम विधायिकामा उनीहरूका १ सय ३७ सदस्य हुनेछन्। यसैगरी नेपाली कांग्रेस, प्रजातान्त्रिक कांग्रेस, सद्भावना, राप्रपा र जनशक्तिसहित सबै गैरवामपन्थी दल मिले अन्तरिम विधायिकामा उनीहरूसँग १ सय ५१ सदस्य हुनेछन्। सबै वाम दलसँग अहिले विधायिकामा १ सय ७८ सदस्य छन्।

वाम र गैरवामबीच समीकरणको यस्तो तस्बिर देखिए पनि विगत केही महिनाको राजनीतिक समीकरण हेर्दा, अन्तरिम विधायिकामा वाम र गैरवाम समीकरण बन्ने सम्भावना कमै देखिन्छ। नेपाली कांग्रेस र माओवादी शान्तिवार्ता प्रक्रियाका कयौं सन्दर्भमा निकट देखिएका छन् भने एमाले र कांग्रेस प्रजातान्त्रिकबीच अर्को समीकरण देखिएको छ। शान्तिवार्ता क्रममा देखिएको समीकरणले निरन्तरता पाएमा नेपाली कांग्रेस र माओवादीको समीकरण बलियो बन्नेछ। किनभने यो समीकरणसँग अन्तरिम विधायिकामा १ सय ६८ सदस्य हुनेछन्। यद्यपि, सभामुख चयनमा नेपाली कांग्रेसले देखाएको व्यवहारले नेपाली कांग्रेस र माओवादीबीचको समीकरणले निरन्तरता नपाउने संकेत दिएको छ। सभामुख चयनमा प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले एमालेका सुवास नेम्वाङले नै सभामुखमा निरन्तरता पाउनुपर्ने बताएका थिए।


एमाले नेता झलनाथ खनाल र भरतमोहन अधिकारी भलाकुसारी गर्दै

समीकरणहरू जस्तो बने पनि आगामी नेपाली राजनीतिमा माओवादीको प्रभावशाली भूमिका हुनेमा चिन्तित हुनेहरूको संख्या भने अधिक छ। उनीहरूका अनुसार जंगलबाटै नेपाली राजनीतिमा प्रभावशाली भूमिका निर्वाह गरिरहेको माओवादीले अब संसद् पनि पाएको छ भने अन्तरिम सरकारमा ऊ जाने पनि निश्चित भइसकेको छ। यसैगरी अन्य राजनीतिक दलहरूसँग नभएको हतियार 'नागरिक समाज' माओवादीसँग छ। यसैको बलमा माओवादीले आगामी दिनमा सडक तताउने र दबाबको राजनीति सफल पार्ने पनि गैरमाओवादीहरूको आशंका छ। ■


front
eyond Reach
stand on Tuesday, January 23, 2007
Comming soon...



तस्वीर : तेज बस्नेत

माओवादीहरू संसद् भवनमा पहिलोपल्ट प्रवेश गरेका छन्

# अधिनायकवादको बाटोमा !

■ विश्वमणि पोखरेल/काठमाडौं

**माघ १ को** प्रतिनिधिसभामा बैठकमा अन्तरिम संविधान जारी गर्ने पक्षका सांसदहरूले हुन्छ भन्नुहोस्, संविधानको विपक्षका सांसदहरूले हुन्न भन्नुहोस् भन्ने सभामुख सुवास नेम्वाङको निर्णायक प्रश्नमा हुन्न भन्ने स्वर नै सुनिएन। सभामुख सुवास नेम्वाङले हुन्न भन्ने स्वर नआएकाले अन्तरिम संविधान प्रतिनिधसभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गरे।

अन्तरिम संविधानका १६४ धारामध्ये एक तिहाइभन्दा बढी ५७ धारामा ९८ सांसदले राखेका संशोधन प्रस्तावहरू थाती राखेर गडगडाहट तालीबीच अन्तरिम संविधान जारी गरियो। सर्वसम्मतिले पारित भएको अन्तरिम संविधानप्रति लिखित सहमति जनाउन संविधानको पक्ष र विपक्षमा हस्ताक्षर गर्ने अर्को संसदीय परम्परा अपनाइयो। यो यान्त्रिक अभ्यासमा पनि सांसदहरू अन्तरिम संविधानको पक्षमा एकमत देखिए। त्यस दिन संसद्मा उपस्थित प्रतिनिधिसभा र राष्ट्रियसभाका १ सय ८५ जना सबै सदस्यले संविधानको पक्षमा हस्ताक्षर गरे। संविधानको विपक्षमा कोही उभिएनन्। त्यसै दिन राति अबेर माओवादीसहितको अन्तरिम संसद् बन्यो र सोही दिन मध्यरातमा माओवादी, सात राजनीतिक दल र अन्य दलहरूले मिलेर एक स्वरले अन्तरिम संविधान जारी गरे।

औपचारिक रुपमा भन्ने हो भने संसद्मा माघ १ गते जारी अन्तरिम संविधानमा अब कसैको पनि विरोध छैन। राजनीतिक हिसाबले पनि त्यस दिन माओवादीलाई संसद् भवनमा प्रवेश गराउन र आठ दलले एक साताअघि गरेको संविधानका कुनै शब्द, कमामा समेत परिवर्तन नगर्ने राजनीतिक निर्णय कार्यान्वयन गराउने उद्देश्य सांसदहरूमार्फत पूरा गरियो।

दलका नेताहरूले हस्ताक्षर गरेको संविधान जारी गर्न सांसदहरूले ताली पिट्ने र होमा हो मिलाउने काम गरे भने नेताहरूकै निर्देशनमा दिनभर चर्को स्वरमा अन्तरिम संविधानले अधिनायकवाद निम्त्याउँछ भन्ने जस्ता विरोधाभासपूर्ण अभिव्यक्ति दिने काम गरेका छन्। माओवादीबाहेक हस्ताक्षर गर्ने तीनै राजनीतिक दलका सांसदहरूले समेत संविधान अधिनायकवादी हुने खतरा औंल्याए। दिनभर पटक पटक स्थगित हुँदै बसेको प्रतिनिधिसभाको बैठकमा सत्तारुढ कांग्रेस, एमाले, सद्भावना र जनमोर्चा तथा प्रतिपक्षी भन्न मिल्ने राप्रपा र राजपाका सांसदहरूले अन्तरिम संविधानमा गम्भीरखाले त्रुटिहरू औंल्याउँदै संशोधन गर्न जोडदार माग गरे। मागहरू थाती राख्दै अन्तरिम संविधान जारी भएको अवस्था छ। प्रमुख राजनीतिक दलका जिम्मेवार नेताहरू माओवादीलाई संसद्मा ल्याउने प्रमुख उद्देश्यले त्यस दिन संशोधन थाती राखेर अनुमोदन गरेको बताउँदै अन्तरिम संसद्मा संशोधनको मुद्दा बल्झने जानकारी दिन्छन्।

अन्तरिम संविधान कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीचको शक्तिपृथकीकरणको सिद्धान्तविपरीत प्रावधानहरू राखिएको आरोप लगाउँदै त्यसमा संशोधन नगरिए विधिको शासनका मूलभूत मान्यतामा प्रहार हुने र प्रधानमन्त्री अधिनायकवादी बन्न सक्ने संकेत गरेका छन्। विभिन्न टेलिभिजन च्यानलहरूले सांसदहरूले संविधानमा देखाएका कमी कमजोरी दर्शकसामु प्रत्यक्ष प्रसारण गरेका छन्। सात दलमध्येका सांसदहरूले देखाएको त्यो विरोध र अन्तरिम संविधानमा कमी कमजोरी औंल्याउने

काम मात्र गरे । उनीहरूको विरोध लामो समयसम्म टिक्न सकेन । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको संशोधन अन्तरिम संविधानको अंग, बनेको अन्तरिम संसद्मा संशोधनबारे थप छलफल गर्न सकिने, आफू प्रजातान्त्रिक सिद्धान्तबाट भिन्न नहुने आश्वासन दिएपछि मात्र सत्तारुढ कांग्रेस, एमाले र सद्भावनाले संशोधन प्रस्ताव फिर्ता लिएका हुन् । उता राप्रपा, राजपा, नेमकिपा र जनमोर्चाका विभिन्न खेमाले संशोधन फिर्ता लिएका छैनन्, यद्यपि अन्तरिम संविधान सर्वसम्मतिले पारित भएको छ ।

प्राविधिक रुपमा प्रतिनिधिसभामा त्यस दिन उपस्थित सबै १ सय ८५ जना सांसदले हस्ताक्षर गरेर सर्वसम्मतबाट अन्तरिम संविधान जारी भएको घोषणा गरे । प्रतिनिधिसभाका सांसदहरूले अनुमोदन गरेको सोही संविधान माओवादी समेतको संसद्ले त्यसै दिन मध्यरातमा अनुमोदन गरेपछि अन्तरिम संविधान मूलतः माओवादीसहितको आठ दलको राजनीतिक दस्तावेज बन्न पुगेको छ, कानुनविद्हरू राजनीतिक दस्तावेज संविधान बन्न प्रशस्त परिमार्जनको आवश्यकता औंल्याउँछन् । स्रोतहरूका अनुसार प्रधानमन्त्री कोइरालामाथि अन्तरिम संविधानमा प्रजातन्त्रका आधारभूत मान्यता कुल्चिएको बताउँदै परिमार्जन नगरे खतरा उत्पन्न हुने कुरा औंल्याउदै वरिष्ठ संविधानविद्हरूले दबाब दिँदै आएका छन् ।

सद्भावना (आनन्दीदेवी), राजपा, राप्रपा र जनमोर्चाका भिन्न भिन्न खेमाले कोइरालाको आश्वासन तत्कालका लागि ठाउँ छोडे पनि राजनीतिक मसला बनाउने र जुनसुकै बेला प्रश्न उठाउन सक्ने ठाउँ सुरक्षित राखेका छन् । सत्तारुढ दलमध्येको महत्त्वपूर्ण अर्थ राख्ने एमालेका सांसदहरूले चारवटा भिन्न भिन्न समूहमार्फत राखेका संशोधनहरू साँच्चिकै अन्तरिम संविधानलाई परिमार्जन गरेर प्रजातान्त्रिक बनाउने उद्देश्यबाट गरिएको हो वा राजनीतिक लाभहानिका लागि एउटा रणनीति अख्तियार गरिएको हो, भविष्यमा स्पष्ट हुनेछ । एमाले स्थायी समिति सदस्य भरतमोहन अधिकारी भने अन्तरिम संविधान संशोधनको सम्भावना देखाउँछन् । अधिकारी भन्छन्, 'अन्तरिम व्यवस्थापिकामा हामीले गरेका संशोधनबारे उचित समयमा छलफल हुन्छ । समयमा सबै काम हुन्छ । अन्तरिम सरकार बनोस्, माओवादीका हतियार थन्कियून्, संविधानसभाको निर्वाचनका कार्यक्रमहरू तय भएपछि समयमा संशोधनको मुद्दा अघि बढ्छ ।' अधिकारीले एमालेले अन्तरिम संविधान संसद्मा आइपुग्नुअघि पुस २४ गते प्रधानमन्त्री कोइरालासमक्ष संशोधन प्रस्ताव पेस गरेको थियो । अधिकारीका अनुसार कोइरालाले, संशोधनको प्रस्ताव गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई दिन सुझाएको तर सिटौलाले एमालेको सुझाव पन्छाएको जानकारी पनि दिए ।

एमालेले आफ्नै राजनीतिक मुद्दाहरू, समानुपातिक निर्वाचन प्रणाली, जनमतसंग्रहको व्यवस्था, संवैधानिक परिषद्को व्यवस्था, सुरक्षापरिषद्सम्बन्धी प्रावधानमा मात्र संशोधन चाहेको छैन । विभिन्न चार समूहमार्फत दर्ता गरिएका एमालेका सांसदहरूको संशोधन प्रस्तावमा प्रधानमन्त्रीमाथि अविश्वासको प्रस्ताव ल्याउन सकिने तथा संसद्ले पदबाट हटाउन सक्ने प्रावधान थप्नुपर्ने कुरा महत्त्वसाथ राखिएको छ । एमालेले प्रधानमन्त्री कोइरालामाथि आक्रमण गर्ने हतियारका रुपमा मात्र यो मुद्दालाई लिएको हो वा साँच्चिकै लोकतान्त्रिक संविधानको पक्षमा वकालत गरिरहेको हो ? यकिन गर्न समस्या छ । अन्तरिम संविधान जस्ताको त्यस्तै जारी गर्नुपर्छ भनेर हस्ताक्षर गर्ने नेतामध्येका भरतमोहन अधिकारी पनि हुन्, जो संसद्मा यो अन्तरिम संविधानले अधिनायकवाद निम्त्याउँछ भन्न पछि परेका छैनन् । अधिकारी आशावादी छन्, 'प्रधानमन्त्री आफैंले संशोधन गर्नपर्छ भनिसक्नु भएको छ, संशोधनको मुद्दा उचित समयमा आउँछ ।'

## अन्तरिम संविधानका विवादास्पद बुँदाहरू

- **प्रधानमन्त्री सरकारप्रमुख र राष्ट्रप्रमुख दुवै ।**
- **न्यायपालिका कार्यपालिकाअन्तर्गत ।**
- **संसद्ले प्रधानमन्त्री हटाउन र अविश्वासको प्रस्ताव ल्याउन नसक्ने ।**
- **समावेसीकरणको नाराविपरीत आठ दलबाहेकका राजनीतिक दल बहिस्कृत गर्ने सोच ।**
- **मौलिक अधिकार पनि कानुनबाट निर्धारण गरिने ।**
- **अधिनायकवादी चरित्र ।**

राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले अन्तरिम संविधानमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीचको शक्तिसन्तुलन र नियन्त्रणको सर्वमान्य सिद्धान्तविपरीत प्रावधान राखिएको आरोप लगाए । न्यायपालिका कार्यपालिकाको नियन्त्रणमा राखिएकोमा थापा र राप्रपाका अध्यक्ष पशुपतिशम्सेर जबराले खरो आलोचना गरेका थिए । संविधान जारी भएको तेस्रो दिन अदालत ठप्प बन्यो । न्यायाधीशहरूको शपथ कसरी गराउने भन्ने लिखत तयार नभएको अन्योल उत्पन्न भएको बुझिन्छ ।

उता आठ राजनीतिक दलहरूबाहेक अन्य दलहरूलाई निर्वाचनमा भाग लिन वञ्चित गरिएको संविधानको प्रावधानप्रति टिप्पणी गर्दै थापाले भने, 'यत्रा आन्दोलनकारी नेताहरूबाट यस्तो व्यवस्था हुनु लज्जाजनक कुरा हो, लाज लाग्ने कुरा हो ।'

जनमोर्चाका नवराज सुवेदी आठ दलहरू बाहेकका राजनीतिक दल र शक्तिलाई नियन्त्रण गर्ने संविधानको प्रावधान संविधान प्रस्तावना र आठ दलको राजनीतिक मान्यताभन्दा विपरीत भएको आरोप लगाए । सुवेदीले प्रश्न गरे, 'प्रस्तावनामा बहुदलीयतालाई स्विकार्ने, तर संविधानका धारामा बहुदलीयताविरुद्ध आठवटा दलबाहेकको अस्तित्व नै नस्विकार्ने ?' सुवेदी अन्तरिम संसद्मा आफूहरूले प्रतिनिधिसभामा प्रस्तुत गरेका संशोधनलाई गम्भीर मुद्दा बनाउने बताउँछन् ।

नेपाल सदभावाना पार्टी (आनन्दीदेवी)का महासचिव राजेन्द्र महतो पनि अन्तरिम संसद्मा संशोधनका मुद्दाले ठाउँ पाउने बताउँछन् । प्रधानमन्त्री कोइरालाको औपचारिक आग्रहपछि आफ्ना संशोधन फिर्ता लिएपछि आफ्ना असहमति कायम रहेको बताएका थिए । महतो भन्छन्, 'त्यस दिन हामीले माओवादीलाई संसद्मा ल्याउन बाटो मात्र खोलेका हौं, हाम्रा सहमति छँदै छन् ।' अन्तरिम संसद्मा संशोधनको विषय प्रवेश गराउने सहमतिमा सर्वसम्मति गरेको महतोले जानकारी दिए ।

अन्तरिम संविधानमाथि व्यापक संशोधन आएको राजनीतिक मुद्दा टार्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सफल भए पनि संशोधनको मुद्दा जुनसुकै बेला बल्झिन सक्ने खतरा छँदै छ । उता कोइरालाका नजिकका संवैधानिक सहयोगीहरूले पनि अन्तरिम संविधान अधिनायकवादी चरित्रको भएको औंल्याउँदै त्यसमा संशोधन गर्ने सुझाव दिएका छन् । कोइराला आफैंले पनि विराटगरबाट अन्तरिम संविधान संशोधनको आवश्यकता औंल्याएका थिए । पछिल्लो समयमा कोइरालाले माओवादी नेतृत्वको दबाबमा संशोधनका काम थाती राखेर अन्तरिम संविधान जारी गर्नुपर्ने स्थितिको सामना गर्नु परेको हो । कोइराला र माओवादी अध्यक्ष प्रचण्डको संसद् भवनकै वार्तापछि कोइरालाले अन्तरिम संविधानमाथि परेको संशोधन पनि अन्तरिम संसद्को अंग बनेको बताएर निकास निकालेका थिए ।

अन्तरिम संविधान जुन अवस्थामा त्यही पारित गर्नुपर्छ भन्दै नागरिक समाजका तर्फबाट धर्ना दिने 'नागरिक समाजका सदस्य'हरूमध्ये कतिपय माओवादीको मनोनयनमा अन्तरिम संसद्मा पुगेको अवस्था छ । अन्तरिम संविधानका गम्भीर खाले त्रुटि सच्याउने राजनीतिक अवसर कोइरालाले गुमाइसकेका छन् । अब अन्तरिम संसद्मा संशोधनको पोको खुल्यो भने त्यसले निम्त्याउने राजनीतिक किचलो सम्हाल्न सहज छैन । कोइरालाले मुखले प्रजातान्त्रिक आचरणको गफ गर्ने, तर अधिनायकवादी संविधानअन्तर्गत राष्ट्रप्रमुख र सरकारप्रमुखको जिम्मेवारीमा रमाइरहने ?

माओवादीबाहेक अन्तरिम संविधानमा हस्ताक्षर गर्ने सबै दलले संशोधनको आवश्यकता औंल्याइसकेको अवस्थालाई विरोधको दर्ज मात्र गरेको हो वा साँच्चिकै परिमार्जनको चाहना राखेको भन्ने आशंका छ । ■

# अप्ठ्यारो बाटो



■ मधुसूदन पौडेल/काठमाडौं

**अन्तरिम संविधान** र व्यवस्थापिकापछि माओवादीको सीधा गन्तव्य अब अन्तरिम सरकार बनेको छ। दिगो शान्ति स्थापनाको मार्गचित्रमा हतियार व्यवस्थापन प्रक्रियासँगै माओवादी सम्मिलित अन्तरिम सरकार र संविधानसभाको निर्वाचन अबका मुख्य प्राथमिकता हुन्।

अन्तरिम सरकार गठन शान्तिमार्गमा हिँडिरहेका आठ दलका लागि विवादमुक्त विषय हो। तर, अन्तरिम सरकारका नीति र कार्यक्रमबारे भने सात-दल र माओवादीबीच गम्भीर मतान्तर देखिएका छन्। जसलाई सहज व्यवस्थापन गर्न सकिएन भने संविधानसभाको निर्वाचन पनि पर धकलिने सम्भावना छ।

अन्तरिम सरकारको गठनपछि पूर्णतः नयाँ सरकारको हैसियतमा काम अगाडि बढाउनु पर्ने तर्क माओवादीको छ। माओवादी नेता देव गुरुङ भन्छन्, 'अन्तरिम सरकारले हाम्रा कार्यक्रम पनि समेटेर नीति तथा कार्यक्रम जनतामाझ ल्याउनु पर्छ।' माओवादी भनाइमा अन्तरिम सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि संसद्मा बजेट प्रस्तुत गर्नुपर्छ। गुरुङ भन्छन्, 'सरकारले मध्यावधि बजेट ल्याउनु पर्छ।'

सत्ता साझेदार बन्न लागिरहेका मुख्य चार दल नेपाली कांग्रेस, एमाले, माओवादी र प्रजातान्त्रिक कांग्रेसबीचमा यो विषय मुख्य असहमतिका रुपमा रहेको छ। एमाले नेता भरतमोहन अधिकारी भन्छन्, 'सरकारको निरन्तरता रहने अवस्थामा यी कुरा पुनः ल्याउनु आवश्यक छ भन्ने मलाई लाग्दैन।' राजनीतिक विश्लेषकहरूको भनाइमा यो सरकारको मुख्य जिम्मेवारी संविधानसभाको निर्वाचन गराउनु र नयाँ संविधान निर्माण गर्नु हो। जनआन्दोलनको बलमा स्थापित गिरिजाप्रसाद कोइराला सरकारले गत असारमा प्रस्तुत गरेको नीति तथा कार्यक्रमको मुख्य लक्ष्य पनि यही हो। प्रधानमन्त्री कोइरालाले अन्तरिम संविधान, अन्तरिम व्यवस्थापिका, हतियार व्यवस्थापन र भयरहित वातावरणमा संविधानसभाको निर्वाचनलाई आफ्नो नीति तथा कार्यक्रममा सूत्रबद्ध रुपमा अगाडि सारेका थिए। जुन प्रक्रियाअनुरुप नै शान्ति प्रक्रिया सफलतापूर्वक अगाडि बढिरहेको छ। अन्तरिम सरकारको नेतृत्व पनि कोइरालाले नै गर्ने निश्चित रहेको अवस्थामा उनलाई पुनः उही कार्यक्रम दोहोऱ्याउन लगाउनुको अर्थ नरहने विश्लेषण गरिएको छ।

माओवादीको चाहना भने परिवर्तित नीति तथा कार्यक्रमका आधारमा बजेटलाई आफ्नो अनुकूल बनाउनु हो। यसो गर्न सकिएमा मात्रै माओवादीका कार्यक्रमहरू केही हदसम्म कार्यान्वयनमा ल्याउन सकिने अवस्था रहन्छ। युद्धबाट सरकारमा पुग्दा कार्यकर्ताको चित्त बुझाउन पनि माओवादीले युद्धका क्रममा मारिएका आफ्ना योद्धालाई औपचारिक रुपमा राज्यका सहिदको मान्यता दिलाउनु आवश्यक सम्झेको छ। जसका लागि सहिद परिवारलाई सरकारले आर्थिक सहयोग र सम्मान दिनसक्नु पर्छ।

माओवादी नेताहरूको भनाइमा 'गणतन्त्रका लागि लडेका माओवादी कार्यकर्तालाई हिजोको सरकारले मारेको हो। लोकतान्त्रिक सरकारले उनीहरूलाई सहिदको मान्यता दिनु पर्छ।' तर माओवादी बाहेकका अन्य दलहरू माओवादीको यो सर्तसँग सहमत देखिँदैनन्। किनभने हिजो यिनै दलहरू सरकारमा रहँदा मारिएका माओवादी कार्यकर्तालाई सहिद मान्ने र आफैंद्वारा परिचालित गरिँदा मारिएका सुरक्षाकर्मी र माओवादीबाट हत्या गरिएका राजनीतिक कार्यकर्ताप्रति मौन रहन उनीहरूको नैतिकताले पनि दिँदैन। त्यस्तै युद्धको क्रममा अपांग बनेका, अंगभंग भएकाहरूलाई सरकारी कोषबाट प्रत्यक्ष राहतको व्यवस्था मिलाउन पनि माओवादीका लागि बजेटमा नयाँ विनियोजनको जरुरी परेको छ। यस विषयमा आठ दलबीच मतैक्य देखिँदैन।

माओवादी जनयुद्धमा चमक थप्ने एउटा मुख्य विषय, क्रान्तिकारी भूमिसुधार पनि हो। माओवादीले आर्थिक-सामाजिक सुधारका कार्यक्रममा सम्भवतः अहिलेसम्म पनि भूमिसुधारलाई प्राथमिकताको माथिल्लो सूचीमा राख्दै आएको मात्रै छैन, सरकारमा सामेल हुनासाथ भूमिहीन किसानलाई जग्गा वितरण गर्ने वाचा पनि दोहोऱ्याउँदै आएको छ। गुरुङ भन्छन्, 'भूमिहीन, सुकुमवासी र कमैयाका समस्या समाधानमा हाम्रो ध्यान जानेछ।'

मुलुक संक्रमणकालबाट गुज्रिएको अवस्थामा माओवादी प्राथमिकतामा रहेको क्रान्तिकारी भूमिसुधार कार्यक्रम कार्यान्वयनमा ल्याउन सम्भव नरहने अरू दलका नेताहरूको भनाइ छ। मधेसमा बढिरहेको हिंसाको बीचमा भूमिसुधारका कार्यक्रम लागू गर्न खोजिएमा त्यो झन् प्रत्युत्पादक सावित हुने विश्लेषण पनि गर्न थालिएको छ। कांग्रेस प्रजातान्त्रिकका नेता डा. प्रकाशशरण महत भन्छन्, 'भूमिसुधार जस्ता कार्यक्रम आजको भोलि लागू हुन सक्दैनन्। यस्ता गम्भीर विषयमा संयमतापूर्वक काम गर्नु पर्छ।' सरकारमा सामेल हुनासाथ माओवादीले आफ्ना राजनीतिक नारा कार्यान्वयन गर्न अड्डी कसेमा राजनीतिक समाधानको मुख्य विषयबाट सरकारको ध्यान आफैंभित्र असमझदारीतर्फ बढ्नेछ।

मुखैमा आएको संविधानसभाको निर्वाचन अगाडि बन्ने सरकार भएका कारण पनि केही गरेरै देखाउनु पर्ने चुनौती दलहरूका सामुन्ने छ। अझ माओवादीका लागि त 'जनयुद्धका सपना' पूरा गर्नु पर्ने अवस्था छ। अन्तरिम संविधानमा शिक्षा, स्वास्थ्य र रोजगारीलाई मौलिक अधिकारका रुपमा राख्न माओवादीले दिएको दवाब यसैको उदाहरण हो। विकास कार्यक्रमका एक विज्ञको भनाइमा माओवादीले राख्ने अव्यवहारिक माग कार्यान्वयन गर्ने जिम्मा सोही पार्टीका मन्त्रीहरूलाई दिँदा राम्रो हुन्छ। यसबाट क्रान्तिकारी कार्यक्रम अगाडि सार्नु र कार्यान्वयन गर्नुबीच रहेका यथार्थता उनीहरूले थाहा पाउनेछन्।

## गरेर देखाउने मौका !

शान्ति प्रक्रियाका सफल चरणहरूसँगै यो बेला विकासका व्यवहारिक कार्यक्रमहरू सम्पन्न गर्ने मौका पनि हो, दलहरूका लागि। अन्तरिम संविधानमा विकासको गति गाउँमा पुगोस् भन्ने उद्देश्यका साथ आठ दलको सहमतिमा स्थानीय निकाय गठन गर्ने प्रावधान राखिएको छ। अर्थमन्त्री डा. रामशरण महतको भनाइमा 'लोकतन्त्रको लाभ अब गाउँका जनतासम्म पुऱ्याउनु परेको छ।' एमाले नेता अधिकारी अन्तरिम सरकार गठनसँगै गाउँमा कम्तीमा १५ अर्ब रुपैयाँ खर्च गर्ने विकास प्याकेज तयार गर्न समयमार्फत सबै दलसँग प्रस्ताव गरेका छन्।'

अधिकारी भन्छन्, 'यसको नेतृत्व कसले गर्ने भन्ने विवादमा हामी नलागौँ। जो अर्थमन्त्री बन्छ, उसैको नेतृत्वमा गाउँको विकास कार्यक्रम अगाडि बढाउन हामी तयार बनौं।' आठ दलले गाउँका जनतालाई परिवर्तनको आभास दिलाउन मिलेर विकास कार्यक्रम संचालन गरेमा संविधानसभाको निर्वाचनअगाडि पनि केही गरेर देखाउने मौका पाएका छन्। वास्तवमा यो समय विकास निर्माणलाई गति दिने अवसर पनि हो। किनभने यो वर्षको विकास बजेट अहिलेसम्म करिब १२ अर्ब रुपैयाँमात्रै खर्च हुन सकेको छ। ६४ अर्ब २७ करोड रुपैयाँको कुल विकास बजेटमध्ये करिब ५२ अर्ब रुपैयाँ विकासमा खर्च गर्न सकिने रकम बाँकी छ। आठ दल विकासलाई स्वभाविक रुपमा अगाडि बढाउन तयार छन् भने उनीहरूले वर्षको अन्त्यसम्म विनियोजित विकास रकम खर्च गरेर देखाए मात्रै पुग्छ। अहिले पुनः बजेट प्रस्तुत गर्ने र महिनौं विनियोजित बजेटमाथि छलफल गरेर समय बिताउनुको सट्टा यो समयमा बजेट कार्यान्वयनमा इमानदारी देखाए भने उनीहरूले जनतामा राहतको अनुभूति दिलाउन सक्नेछन्। अधिकारी भन्छन्, 'हामी काठमाडौंमा झन्डा हल्लाएर हिँडेका छौं, तर लोकतन्त्र ल्याउन दिलोज्यान दिने गाउँका नेपालीले के पाए ? यसतर्फ हामी गम्भीर बन्नैपर्छ।'

माओवादीले भनेजस्तै रोजगारलाई मौलिक अधिकार मान्ने हो भने त्योभन्दा पहिले मुलुकमा लगानीको वातावरण तयार पार्नु पर्छ र अन्तर्राष्ट्रिय अनुभवहरूलाई पछ्याउँदै वैदेशिक लगानी भित्र्याउन 'लगानी मैत्री' वातावरण हुनु जरुरी छ। राजनीतिक मुद्दाहरू एकातिर व्यवस्थापन गर्दै जाने तर आर्थिक क्षेत्रमा अवरोध खडा नगर्ने प्रतिबद्धता सबै दलले गर्नु पर्छ। मुलुकले तत्काल कम्तीमा सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सक्यो भने माओवादी चाहना पूरा हुँदै जानेछन्।

## दोहोरो बजेटका नेता !

माओवादी संसदीय दलका नेता कृष्णबहादुर महराले अन्तरिम सरकारमा माओवादीको प्रतिनिधित्व गर्नेछन् र राज्यको बजेट खर्च गर्ने जिम्मेवारी स्वभाविक रुपमा बहन गर्नेछन्, सरकारी प्रतिनिधिका रुपमा। तर, अस्थायी शिविरमा रहेका माओवादी जनसेना व्यवस्थापनको बजेट पनि उनकै पकडमा रहनेछ। किनभने माओवादी वार्ताटोलीको संयोजकको हैसियतमा सरकारले जनसेनाका लागि दिने रकमको चेक महराकै नाममा उपलब्ध गराउने सहमति गरिएको छ। यसरी महरा एकैसाथ राज्य र जनसेनाको बजेट परिचालन गर्ने नेताको हैसियतमा उपस्थित हुनेछन्।

## सहमतिको योजना

तयार हुँदै गरेको अन्तरिम योजनालाई आठ दलले सहमतिको योजनाका रुपमा विकास गर्नु जरुरी छ। माओवादी द्वन्दका क्रममा ध्वस्त भौतिक संरचना पुनर्निर्माण, विस्थापितहरूलाई राहत, पूर्वाधार विकास, सामाजिक न्याय र ग्रामीण विकास जस्ता विषयमा आठ दलले सहमति कायम गर्न सकेमा अन्तरिम योजना नयाँ नेपालको सुरुवात हुन सक्छ। योजना निर्माण र कार्यान्वयनमा पुरानै शैली दोहोऱ्याइयो भने यो अर्को राजनीतिक नारा मात्रै सावित हुनेछ। राष्ट्रिय योजना आयोगका सदस्य डा. पोषराज पाण्डेका अनुसार अहिले अन्तरिम योजनाको खाका तयार पारिँदै छ। माओवादी अन्तरिम सरकारमा सामेल हुनासाथ औपचारिक रुपमा योजना निर्माणमा सामेल हुनेछ। जसबाट नयाँ नेपाल पुनर्निर्माणको अभियान सुरु हुने विश्वास लिइएको छ।

विकास अभियानका लागि अन्तर्राष्ट्रिय दाताहरूको विश्वास जित्नु पर्ने आवश्यकता छ। एमाले नेता अधिकारीको विश्लेषणमा सरकारले गम्भीर पहल गरेमा विकासका उल्लेख्य संरचना सहयोगी दाता मुलुकहरूबाट प्राप्त गर्न सम्भव छ। नेपाल द्वन्द्वबाट मुक्त हुँदै गरेको समयमा ठोस परियोजनाहरू सम्पन्न गर्न उनीहरूलाई आग्रह गर्नु पर्ने धारणा उनको छ। माओवादी नेता डा. बाबुराम भट्टराईले नेपालको हितअनुकूल मात्रै वैदेशिक सहयोग स्वीकार गर्ने धारणा राख्दै आएका छन्। वैदेशिक लगानीको स्वागत, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषका नीतिहरूप्रति माओवादीले आलोचना नगर्नुले माओवादी सरकारमा आएपछि पनि वैदेशिक सहयोगले निरन्तरता पाउने देखिएको छ। यद्यपि, केही दाता राष्ट्रहरू भने माओवादी व्यवहारप्रति 'पर्ख र हेर'को अवस्थामा छन्। सरकारले बोलाउन लागेको नेपाल विकास मञ्चको बैठकमा आर्थिक दृष्टिकोणमा सहमतिको प्याकेज र ठोस योजना प्रस्तुत गर्न सकेमा नेपालको विकासका लागि आवश्यक रकमको अभाव रहनेछैन।

## महँगीको प्रतीक्षा

अन्तरिम सरकारमा गएपछि जनतालाई महँगीको भारबाट मुक्त गराउने दाबी माओवादीले गरेको छ। नेता गुरुङ भन्छन्, 'महँगीबाट जनतालाई तत्काल राहत दिनुपर्छ।' तर सरकार भने महँगी संस्थागत गर्न माओवादीको सत्तारोहणको प्रतीक्षामा बसेको छ। सम्भवतः अन्तरिम सरकार गठनपश्चात्का केही दिनमै पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिनेछ। तेलको मूल्य समायोजन नहुँदा नेपाल आयल निगम अर्बौं रुपैयाँ नोक्सानमा मात्रै छैन, भारतबाट तेल आपूर्तिमा समेत समस्या आइसकेको छ। माओवादी सत्ता बाहिर रहेको अवस्थामा तेलको मूल्य बढाउँदा तुरुन्तै सडकमा उत्रिने भयले मात्रै तेलको मूल्य वृद्धि रोकिएको हो। यसले माओवादीको सत्तारोहणपछि सबै उपभोग्य पदार्थमा मूल्य वृद्धि हुने देखिएको छ, तर माओवादीले भने महँगी विरोधी नारा छोडेको छैन।

माओवादी विरोधका कारण निजीकरण प्रक्रिया पनि सुस्त बनेको छ, अहिले। तर, दाताहरूको सहयोग निरन्तरताका लागि निजीकरण प्रक्रिया अगाडि बढाउनु माओवादीसहितको सरकारको बाध्यता हुनेछ। श्रम कानुनमा परिमार्जन अर्को मुख्य विषय बनाइनेछ। आर्थिक उदारीकरण र वित्तीय क्षेत्र सुधारका कार्यक्रमहरूमा पनि माओवादी सम्मिलित सरकारको दायित्व उत्तिकै रहनेछ। जुन विषयप्रति माओवादीको चर्को आलोचना रहँदै आएको छ।

फेरि पनि सुशासन, भ्रष्टाचार नियन्त्रण र सामाजिक सुरक्षा अन्तर्राष्ट्रिय समुदायबाट नेपालले सहयोग पाउने आधार रहनेछन्। ■

गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातिय भेदभाव हाम्रा शत्रु हुन्।
यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ।

नेपाल सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**
सूचना विभाग

वर्षौंदेखि महिला मुद्दामा कुनै न कुनै रुपले सक्रिय महिलाहरू आफ्नो स्थान छोडी नयाँ महिलालाई नेतृत्व हस्तान्तरण गर्न तयार देखिँदैनन् ।

# अवसर बन्न सक्छन् चुनौती



■ डा. रेणु राजभण्डारी

**२०४६ सालसम्म** गरिएका सबै प्रकारका महिला आन्दोलनहरूमा महिलाहरूका विशेष आवश्यकता र भूमिकाका कारण सुनिश्चित हुनुपर्ने अधिकारहरूको सुनिश्चितताका लागि भन्दा नेपाली जनताको स्वतन्त्रता, नागरिक राजनीतिक अधिकारहरूको सुनिश्चितताको आन्दोलनमा नै महिला आन्दोलन पनि मुख्य रुपमा केन्द्रित रहेको थियो । यद्यपि यस क्रममा पनि महिलाहरूलाई महिलाले नागरिकको रुपमा पाउनै पर्ने शिक्षा, मताधिकार, सार्वजनिक सभाहरूमा भाग लिन पाउनेजस्ता अधिकारहरूका लागि आवाज नउठाएका भने होइनन् । यस अवधिमा महिलाहरूको आन्दोलनलाई टुक्र्याउने प्रशस्त प्रयास भए । राज्यस्तरबाट महिला अधिकारका लागि महिलाका पेवा बढाउने कार्यक्रमहरू, महिलाको शिक्षामा पहुँच बढाउनेजस्ता केही कल्याणकारी योजनाहरू कार्यान्वयन हुनु त्यही प्रयासको एउटा रुप हो । यसबाट केही महिलालाई केही फाइदा भए पनि यसले समग्र महिलाको स्थितिमा परिवर्तन ल्याउन सकेन । राज्य व्यवस्थाले दिएको सुविधा उपभोग गरी त्यसमै रमाउने एक थरीका महिलाको एउटा जमात तयार भयो । सरकारले गरेका सुधारमुखी कार्यक्रमहरूले आन्दोलनकारी महिलाहरूबीच फाटो हाल्न केही हदसम्म सफल भयो । सरकारद्वारा नारी सेवा समन्वय समितिको गठन र त्यसमा विद्यार्थी जीवनमा सक्रिय राजनीतिमा रहेका महिलाहरूको सहभागितालाई उदाहरणको रुपमा लिन सकिन्छ । यो पूरै अवधिमा सत्ता नजिक रहेका महिलाहरूले नेपाल महिला संगठनको नाममा संगठन खोल्ने, श्रमिक महिला दिवसलाई कम मूल्यांकन गरी नारी दिवसको नामांकन गरी रानीको अगुवाइमा कार्यक्रम गर्ने जस्ता कार्यक्रम गरे । आफूमाथि भएको हिंसा, आफ्नो अधिकारको हननलाई राजनीतिक रुपमा विश्लेषण गरी नागरिक राजनीतिक अधिकारका साथै महिला अधिकारका क्षेत्रमा आन्दोलन गर्ने महिलाहरूलाई पाखा पार्ने, दुःख दिने जस्ता विविध काम गर्न यिनै महिलाहरू सक्रिय रहे । यिनीहरूमध्ये केहीको भाषामा दखल, सत्ताका नजिक भएका कारण, ठूलाबडा कहलिनेहरूसँगको संगतका कारण उनीहरूको विदेशी तथा अन्य दातृसंस्थाहरूसँगको उठबसका कारण देशमा भित्रिने स्रोतमा यिनीहरूकै हालीमुहाली रहयो ।

देशभित्र र देशबाहिर दुवै क्षेत्रमा विभिन्न दुःख कष्ट सहेर नागरिक तथा राजनीतिक अधिकारका लागि संघर्षरत महिलाहरू समेतको सहभागितामा २०४६ सालको आन्दोलन सुरु भयो । उक्त आन्दोलनको क्रममा विभिन्न महिला नेतृहरूले जेलनेल खाए, विभिन्न पीडा भोगे । तीमध्ये त्यतिखेर पोखरामा चर्चित एक महिला विद्यार्थी नेतालाई जेलभित्र दिइएको यातना, उनीमाथि गरिएको बलात्कार निकै चर्चामा आयो । २०४६ सालको आन्दोलन सम्झौतामा सकियो । २०४६ साल पहिलासम्म महिला आन्दोलनलाई टुक्र्याउने, आन्दोलनकारी महिलाहरूलाई गलत देख्ने, उनीहरूमाथि बलात्कार गरिँदा, विभिन्नखाले हिंसा गरिँदा चुँसम्म नगर्ने महिलाहरू रातारात महिला हिंसाविरुद्ध कार्य गर्ने अगुवा कार्यकर्ताका रुपमा स्थापित भए । सत्ता र स्रोतमा रहेको तिनीहरूको एकाधिकार झनै बलियो भयो । यसले महिला अधिकारको आन्दोलनमा अर्को चुनौती थप्यो । २०४६ सालपछि देशमा आएको केही खुला परिवेश निर्वाचित दलहरूको सत्ताले दिएको सीमित प्रजातन्त्रले यिनीहरूले विगतमा गरेका गल्ती कोट्याउन चाहेन । २०४६ सालपछि स्थापित सरकारले पहिलेकै राजनीतिक सोचअनुरुप राज्य संचालन गरेका कारण यही समूह सत्तानिकट रहयो । महिलालाई गरिने कल्याणकारी कार्यक्रमहरूलाई महिला अधिकारसम्बन्धी कार्यक्रमको रुपमा स्थापना गरियो । महिलाको राजनीतिक सीमान्तीकरण, दोस्रो दर्जामा रहेको स्थितिको कारणहरू विश्लेषण गर्नेतिर लागिएन । समग्रमा भन्दा २०४६ सालको परिवर्तन आमूल राजनीतिक परिवर्तन नभई सुधारात्मक परिवर्तन मात्रै भएका कारण यसले पुरानै शैली र सोचबाट काम गर्नेहरूलाई निरन्तरता दियो । फलस्वरुप हिजो महिला आन्दोलनको मर्मसमेत नबुझ्नेलाई २०४६ सालपछिको समयले स्थापित गरायो । त्यसपछिको समयमा आन्दोलनकारी समूहहरू नै विभाजित भए । एकथरि सुधारात्मक माध्यमबाट सत्ता प्राप्ति र त्यसकै माध्यमबाट महिलाअधिकारको सुनिश्चिततातर्फ लागे । अर्काथरि आमूल परिवर्तन र त्यसमाथि पनि वर्गीय मुक्तिपछि मात्रै महिलामुक्ति सम्भव छ भन्ने मान्यताका साथ भूमिगत भए । आन्दोलनकारी मान्यता बोकेका केही महिला अधिकारवादी महिलाहरू र खास गरी ती महिलाहरू (जुन कुनै दलमा संलग्न थिएनन् वा दलमा संलग्न भए पनि आफ्नो दलको काम कारबाहीसँग सन्तुष्ट थिएनन्) महिला अधिकारको मान्यताअनुरुप महिला आन्दोलन अगाडि बढाउन लागे । उनीहरूले महिला भएकै कारण गरिने हिंसा, उनीहरूको अधिकारको हननको क्षेत्रलाई आफ्नो कार्यक्षेत्र बनाए र राजनीतिक विश्लेषण कायम राखे । अर्काथरि पञ्चायती व्यवस्थामा पनि सक्रिय महिलाहरू आफ्नो पुरानो शैली यथावत् राख्दै स्रोत र सत्तामाथिको आफ्नो वर्चस्व कायम राख्दै अगाडि बढे । उनीहरूको राजनीतिक विश्लेषण यथावत् रहयो । यसबीचमा खुला परिस्थिति भएका कारण धेरै महिलाअधिकारमा काम गर्ने संस्थाहरू जन्मे । यस अवधिको अन्तर्राष्ट्रिय परिवेश पनि महिला अधिकारका पक्षमा सहयोगी रहयो । १९९५ मा भएको बेइजिङ महिला सम्मेलन, १९९४ मा कायरोमा भएको जनसंख्या तथा विकाससम्बन्धी सम्मेलनहरूले महिलाअधिकारका क्षेत्रमा काम गर्ने वातावरण बनाए । उक्त वातावरणको फाइदा नेपाली संस्थाले पनि उठाए । विदेशी दातृसंस्थाहरूले देखाएको क्षेत्रमा काम गर्ने प्रतिस्पर्धा चल्यो । यो अवधिमा महिलाअधिकारको हनन क्षेत्रमा क्रियाशील विभिन्न कानुनहरू परिवर्तन भए । केन्द्रीयस्तरमा परिवर्तन देखियो तर ग्रामीण महिलाले न त ती परिवर्तित कानुनले दिएको अधिकारको उपयोग गर्न पाए न त उनीहरूको जीवनमा केही आधारभूत परिवर्तन नै भयो । उनीहरूमाथि हुने हिंसा यथावत रहयो । यो क्रममा भने केही नयाँ महिलाअधिकारकर्मीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित भए । एउटै वर्ग भएका कारण यस्ता समूहको सञ्जाल पंचायती व्यवस्थादेखि नै सक्रिय महिलाहरूसँग बन्यो, जोडियो । आन्दोलनकारी महिलाहरू आन्दोलनरत नै रहे । कति बलात्कृत भए, कति मारिए, कतिलाई बेपत्ता बनाइयो, यसको लेखाजोखा गर्ने महिला संघसंस्थाहरू सीमित मात्रै भएर संविधानसभाको आवश्यकता लोकतान्त्रिक गणतन्त्रप्रतिको प्रतिबद्धता सार्वजनिक गर्ने महिलाहरूलाई पाखा पारियो । कतिपय कार्यक्रमहरूमा सत्ता नजिक रहेका महिलाहरूद्वारा यस्ता महिलाहरूले बोलेको सुन्दा पनि बान्ता आउँछ भनेको सुनियो । समग्रमा यो अवधिमा पनि उच्च वर्ग, सहरिया, सत्ता नजिक रहेका, दातृसंस्थाहरूलाई रिझाउन सक्ने महिलाहरूकै बोलवाला रहयो । आन्दोलनकारी अथवा अधिकारका पक्षबाट वकालत गर्ने महिलाहरू ओझेलमै रहे । त्यसपछि फेब्रुअरी १, २००६ मा एकाएक राजाले सत्ता हातमा लिए । त्यसपछि महिला आन्दोलनमा ध्रुवीकरण सुरु भयो । लोकतन्त्र र महिलाअधिकारप्रति स्पष्टता राख्ने महिलाहरू स्पष्टसँग राजाविरोधी आन्दोलनमा ओर्लिए । यिनीहरूले राजनीतिमा रहेका महिलाहरूलाई खुला रुपले देशभित्र तथा देशबाहिर दुवै क्षेत्रबाट सघाए । परम्परादेखि राजा मान्दै आएका एउटा समूहका महिलाहरू राजाका सहयोगी बने । केही चुप लागेर आफ्नो काम निरन्तर राख्ने र जुन पक्षको जित हुन्छ त्यसमै लाग्न सकिने स्थान सुरक्षित गरे । राजाको पक्षलाई पनि समर्थन गरे, स्वागत गरे, आन्दोलनकारी पक्षसँग पनि सामीप्य भए । भूमिगत महिलाहरू झनै सक्रिय भए, आन्दोलनमा ऊर्जा थपे । मानवअधिकार आन्दोलन सक्रिय भयो । महिलाहरू त्यसभित्र पनि सक्रिय भए । त्यसपछि सडकमा सुरु भएको आन्दोलनले अर्को आयाम थप्यो । आन्दोलन चर्किंदै गएपछि त अब आन्दोलनले

जित्छ भन्ने निश्चित भएपछि आन्दोलनमा नयाँ नया महिलाका अनुहारहरू देखिन थाले । आन्दोलन सफल भयो, जनबलबाट संसद् पुनःस्थापित भयो, सरकार बन्यो । यसपछि महिला क्षेत्रमा काम गर्नेहरूबीच अर्को अध्याय सुरु भएको छ ।

**यति खेरसम्म आइपुग्दा महिला आन्दोलनभित्र निम्न चुनौती देखिन्छन् :**

**२०४६ साल पछि २०६२ सम्म –** महिलाआन्दोलन मुख्यरुपमा राजनीतिक आन्दोलन सँगै अगाडि बढेको र महिलाआन्दोलनको अगुवाई राजनीतिक दलसँगै आबद्ध महिला संघसंस्थाले गरेको देखिन्छ । त्यसभित्र पनि सत्तारुढ राजनीतिक दलसँग जोडिएका महिलाहरू सुधारमुखी कार्यक्रमलाई प्रयोग गर्दै महिला अधिकारकालागि क्रियाशील नेकपा (माओवादी)सँग जोडिएका भूमिगत रुपमा महिलामुक्तिका लागि क्रियाशील महिलाहरू वर्गीय मुक्ति राजनीतिक परिवर्तनपछि मात्रै महिलाअधिकार स्थापित हुन्छ भन्ने स्पष्ट मान्यता ।

**महिला अधिकारमा क्रियाशील संघसंस्थाहरू–तीन थरिमा स्पष्ट विभाजित**

१) यथास्थितिवादी, पंचायती बेलादेखि नै गरेको कामलाई निरन्तरता, कल्याणकारी मान्यताबाट मुख्यरुपमा कार्य संचालन/राजसंस्थाप्रति आस्थावान् ।

२) अन्तर्राष्ट्रिय दस्तावेजहरूको आधार र खास गरी बेइजिङ सम्मेलनको तयारी र त्यसपछिको कार्य योजनामा केन्द्रित गर्दै, दातृसंस्थाहरूसँगको सहकार्यमा काम संचालन गर्ने समूह, काठमाडौं केन्द्रित कार्यक्रमहरू, देशको कानुनहरू परिवर्तन गर्न क्रियाशील देशको राजनीतिक अवस्थामा मौनता, राजनीतिक विश्लेषणभन्दा अन्तर्राष्ट्रिय विश्लेषणको आधारमा कार्य संचालन, सकेसम्म आफू र आफ्नो कार्यमा कुनै पनि राजनीतिक छवि नपरोस् भन्नेमा सतर्क अन्तर्राष्ट्रियस्तरमा क्रियाशील ।

३) अन्तर्राष्ट्रिय दस्तावेज, कार्ययोजनाअनुरुप सरकारलाई दबाब दिन क्रियाशील तर यो दबाब समुदायदेखि हुनु पर्छ भन्ने मान्यता राखी राजनीतिक विश्लेषण, राजनीतिक चेतनाको विकास समुदायदेखि गर्न क्रियाशील । सामुदायिक संगठन, महिला समूहहरू गठन उनीहरूभित्र रहेको राजनीतिक चेतनालाई प्रस्फुटन गर्नका लागि सहजीकरण । आवश्यकताअनुरुप सरकारका नीति परिवर्तनका लागि पनि क्रियाशील तर आमूल राजनीतिक परिवर्तनविना यो दिगो हुँदैन भन्ने स्पष्ट मान्यताका साथ कार्य । कानुन परिवर्तनले मात्र महिलाको अधिकार प्राप्त हुँदैन, यो सहयोगी हुन सक्तछ भन्ने मान्यता । समुदायमा संगठन, राष्ट्रियस्तरमा नीति परिवर्तनमा पैरवी तथा अन्तर्राष्ट्रियस्तरमा पनि दबाब र पैरवीमूलक कार्यमा क्रियाशील । स्पष्ट राजनीतिक विश्लेषण तर दलगत राजनीतिमा असंलग्न ।

२०४६ सालपछिको खुला परिवेशमा माथि उल्लिखित विभिन्न किसिमले संचालित मान्यताहरूबाट संचालित कार्यक्रमहरूका कारण समुदायका महिलाहरू संगठित, राजनीतिक चेतनाको विकास तथा महिलामुक्तिको लागि आवाज समुदायस्तरदेखि उठ्न थालेकोलाई यस अवधिको महत्त्वपूर्ण उपलब्धिका रुपमा लिनु पर्छ । २०६२/०६३ मा भएको आन्दोलनमा ओर्लेको महिला सागरलाई यो अवधिमा आएको यही उपलब्धिको परिणामका रुपमा लिन सकिन्छ ।

यस अवधिमा केही नकारात्मक परिणाम पनि आएका छन् । तीमध्ये मुख्यरुपमा यथास्थिति प्रतिक्रियावादी महिलाहरूको पनि संगठन विस्तार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चिनारी स्थापित भएको छ । महिलाअधिकारकर्मीहरूको रुपमा कतिपय स्थापित भएका छन् । यसको उदाहरणको रुपमा राजाले शासन आफ्नो हातमा लिनेबित्तिकै बनेका आयोगहरूमा त्यस्ता महिलाहरू संलग्न हुनु, राजालाई आफूलाई प्रधानमन्त्री र मन्त्री बनाउनका लागि बिन्तीपत्र चढाउन जानु तथा राजाको भ्रमणको क्रममा महिलाहरू राजालाई सलामी चढाउन जानुलाई लिन सकिन्छ । यसका साथै राजाको प्रत्यक्ष शासनकालको विरुद्धमा हुने कुनै पनि काममा यिनीहरूको सक्रियता नहुनुलाई लिनु पर्छ ।

यस्ता गतिविधिहरूले महिला आन्दोलनभित्र निकै चुनौती जन्माएका छन् । वास्तवमा २०६२/०६३ को आन्दोलनको सफलतापछि महिलाको समावेशी, समानुपातिक सहभागिताको लागि आवाज उठेको छ, तर सत्तासीन दलहरू (माओवादी बाहेक)ले यसलाई महत्त्वसँग लिएको देखिँदैन । महिलाअधिकारकालागि क्रियाशील व्यक्तिहरूभित्र सत्तामा आफू कसरी जान सकिन्छ भन्ने मानसिकता प्रखर देखिन्छ । राजनीतिक दलमा संलग्न महिलाहरू र विभिन्न संघसंस्थामा आबद्ध महिलाहरूमा विभाजन स्पष्ट देखिन्छ ।

पंचायती व्यवस्थादेखि चलखेल गरिरहेका, पहिलेको सत्ता नजिक रहेका महिलाहरूको अहिले पनि स्रोत र सत्तामा नियन्त्रण छ । राष्ट्रिय रुपमै त्यो समूह आफ्नो संगठनविस्तार र सुदृढीकरणमा विभिन्न तरिकाले प्रयासरत छ ।

समुदाय स्तरदेखि आन्दोलनमा सक्रिय महिलाहरूको पहिचान गर्न राजनीतिक दलहरू तथा संघसंस्थाहरू सक्रिय भएर आउन सकेका छैनन् ।

आन्दोलनको अगुवाइ गर्ने राजनीतिक दलहरूमा संलग्न सबै महिलाहरूका महिलाअधिकार र महिला मुद्दामा स्पष्टता छैन । राजनीतिक परिवर्तन भएमा महिलामुक्ति भइहाल्छ भन्ने मानसिकता छ, जुन हालको पितृसत्तात्मक दलगत तथा राजनीतिक संरचनामा सम्भव छैन ।

महिला मुद्दा बुझेका, महिलामुखी दृष्टिकोणबाट विश्लेषण गर्न सक्ने र महिलाका अधिकारहरू स्थापित गर्न राजनीतिक परिवर्तन गर्न आवश्यक छ । यसका साथै महिलामुखी दृष्टिकोण र महिलाअधिकारवादी विश्लेषण पनि आवश्यक छ । त्यसमाथि महिलाहरूको राजनीतिक दलहरूमा पहुँच छैन । उनीहरू महिलाअधिकारवादीहरू भनी पाखा लगाइएका छन् ।

दातृसंस्थाहरूले परिवर्तन, समावेशीका कुरा गरे पनि व्यवहारमा उनीहरू पहिलेकै संरचनालाई नै प्रश्रय पुऱ्याउने महिलाहरूसँग काम गर्न रुचाइरहेको देखिन्छ ।

वर्षौंदेखि महिला मुद्दामा कुनै न कुनै रुपले सक्रिय महिलाहरू आफ्नो स्थान छोडी नयाँ महिलालाई नेतृत्व हस्तान्तरण गर्न तयार देखिँदैनन् ।

वर्षौंदेखि महिलामाथि भएको हिंसा, त्यसको कारण हाल भइरहेको हिंसा, हिंसापीडितलाई सहयोगका साथै महिलाहरूले दिनहुँ जस्तो भोग्नु परेको समस्या काठमाडौंमा रहने महिलाहरूको मुद्दा बन्न सकेको छैन ।

देशको आमूल परिवर्तनका लागि कुन कुन क्षेत्रमा के के गर्नु पर्छ भन्नेबारे विस्तृत योजनासहित महिलाहरू अगाडि आउन सकेका छैनन् ।

**अब के गर्ने ?**

सबभन्दा पहिला महिलाआन्दोलनका अगुवाहरू र विशेषतः दलभित्र रहेका महिला नेतृहरूले परिवर्तनका पक्षधर, राजनीतिक रुपले परिष्कृत सबै महिलालाई समेट्नु पर्छ ।

यथास्थितिवादी तथा प्रतिक्रियावादी शक्ति र खास गरी राजालाई कुनै पनि प्रकारले सहयोग पुऱ्याएका महिलालाई पहिचान गरी महिलाअधिकारको आन्दोलनबाट अलग गर्नु पर्छ । लोकतन्त्रमा सबैको अधिकार हुनु पर्छ, त्यसैले उनीहरूले आफूले आफ्नो चिन्तन स्पष्ट पारी गरेका काम भने गर्ने छुट पाउनु पर्छ ।

विभिन्न प्रकारका योजना सल्लाहकार तथा संघसंस्थाको नेतृत्वदायी भूमिकामा रहेका महिलाहरूले राजनीतिमा रहेका महिलाहरूलाई सघाउने र अन्तरिम विधायिकामा उनीहरूको निर्णायक सहभागिता गराउन सहयोग गर्नु पर्छ ।

राजनीतिमा रहेका महिलाहरूले नैतिक जिम्मेवार भई राजनीतिमै रहनु पर्छ । स्रोत र अवसर पायो कि गैसस (गैरसरकारी संस्था) बनायो, चित्त बुझेन कि गैससलाई गाली गऱ्यो गर्ने व्यवहार तुरुन्त बन्द गर्नु पर्छ ।

महिला मुद्दामा कुनै न कुनै प्रकारले नेतृत्वदायी भूमिका निर्वाह गरिरहेका महिलाहरूले समुदाय स्तरदेखि नेतृत्व लिन सक्ने महिलाहरूलाई अगाडि ल्याउन सहजीकरण गर्नु पर्छ ।

देश चलाउने अभिभारा जनताबाट चुनिएर आएका महिला प्रतिनिधिहरूको हो । सबै मानिस सबै क्षेत्रमा उत्तिकै विज्ञ हुनु आवश्यक छैन र हुन सक्तैन, यो कुरा सबैले बुझ्नु पर्छ । महिलाआन्दोलनभित्रका महिलाअधिकारवादीहरूले राजनीतिभित्र रहेका महिलाहरूलाई सहयोग गर्ने र राजनीतिमा रहेका महिलाहरूले महिला अधिकारवादीहरूलाई सम्मान गर्ने उनीहरूको कुरा सुन्ने परिपाटी बसाल्नु पर्छ ।

महिलाहरूलाई हरेक दिन पीडा दिने मुद्दाहरू, पीडाबाट पीडित महिलाहरूलाई सहयोग, त्यसका लागि आवश्यक पर्ने संयन्त्रको आवश्यकताका लागि आवाज राजनीतिमा सत्ता साझेदारीको लागि गरिरहेको आवाज सँगसँगै उठ्नु जरुरी छ । नत्र भने महिलाआन्दोलन पनि आन्दोलन नभई सत्ता साझेदारीका लागि पितृसत्तात्मक सोचद्वारा गरिने अर्को खेल बन्नेछ, जसमा महिलाको हार निश्चित छ ।

यी सबै काम महिलाआन्दोलनका चुनौती हुन् । यो चुनौती विभिन्न दलभित्र रहेका महिलाहरूका सही विश्लेषण सहितको कुशल नेतृत्व तथा दलभन्दा बाहिर रहेका महिलाअधिकारवादीहरूको मुद्दामा राजनीतीकरणका साथै राजनीतिमा रहेका महिलाहरूलाई निसर्त सहयोग भएका अवसरमा परिणत हुन सक्तछ । त्यसो भएमा महिला आन्दोलनको विजय कसैले रोक्न सक्तैन । ■



# माओवादीको सफलता

■ विश्वदीप पाण्डे

**नेपाली राजनीतिमा** छाएको अन्योलका कारण दिगो शान्ति हुने कुरामा आशा मारिसकेका नेपाली जनताको आशाले अहिले केही भए पनि त्राण पाएको छ। सशस्त्र विद्रोहमा उत्रिएको पार्टी नेकपा (माओवादी) अहिले राज्यसत्ताको प्रमुख खेलाडी बन्दै छ। यसले विश्व कम्युनिष्ट आन्दोलनमा एक प्रकारको तरंग पैदा गरिदिएको छ। नेपालमा सल्किएको गणतन्त्रको आगो विस्तारै विस्तारै अब विश्वभरि फैलिँदै छ। यसले देशी-विदेशी प्रतिक्रियावादी र साम्राज्यवादी तत्त्वहरूमाझ डर र भयको कम्पन पैदा गरिदिएको छ। उनीहरू सपनाझैं मानी आफूलाई एकपटक चिमोट्न बाध्य भएका छन्।

अझै पनि केही राजनीतिक खेलाडीहरू भन्ने गर्छन्, 'नेपालमा गणतान्त्रिक व्यवस्था असम्भव छ।' प्रस्ट कुरा त जुन दिन ऐतिहासिक बाह्रबुँदे सहमति भएको थियो, सोही दिनबाटै नेपालमा गणतान्त्रिक व्यवस्थाको सुरुवात भएको थियो। राजतन्त्रको अन्त्य र गणतन्त्रको उदय भएको थियो, औपचारिक घोषणा गर्न मात्र बाँकी थियो। विभिन्न बाधा-अड्चनबीच अन्ततः त्यो पनि अन्तरिम संविधान जारी भएलगत्तै नेपालमा गणतान्त्रिक व्यवस्थाको औपचारिक सुरुवात भएको छ।

अहिले छोटे बुस, मनमोहन र ज्ञानेन्द्रहरू 'शक्तिशाली' हुँदाहुँदै पनि जनताको तागतका अगाडि निरीह र कमजोर देखिएका छन्। माघ १ गते राति जारी भएको अन्तरिम संविधानले राजतन्त्रलाई व्यवहारिक रुपमा अन्त्य गरिदिएको छ भने विदेशी प्रतिक्रियावाद र साम्राज्यवादका षड्यन्त्रहरूलाई परास्त गर्दै नेपाली जनताले ठूलो राजनीतिक विजय हासिल गरेका छन्। दसवर्षे जनयुद्ध र १९ दिने शान्तिपूर्ण ऐतिहासिक जनआन्दोलनले छोटे बुस, मनमोहन र ज्ञानेन्द्रलाई त्यो अन्तरिम संविधानमा हस्ताक्षर गर्न बाध्य पारेको छ, जहाँ उनीहरूको अन्त्य लेखिएको छ। नेपाल राज्यको शासनसत्ताको बागडोर अब शोषित-पीडित नेपाली जनताले सम्हाल्नेछन्।

**अहिले छोटे बुस, मनमोहन र ज्ञानेन्द्रहरू 'शक्तिशाली' हुँदाहुँदै पनि जनताको तागतका अगाडि निरीह र कमजोर देखिएका छन्। माघ १ गते राति जारी भएको अन्तरिम संविधानले राजतन्त्रलाई व्यवहारिक रुपमा अन्त्य गरिदिएको छ भने विदेशी प्रतिक्रियावाद र साम्राज्यवादका षड्यन्त्रहरूलाई परास्त गर्दै नेपाली जनताले ठूलो राजनीतिक विजय हासिल गरेका छन्।**

राजतन्त्र अब मृत्युशय्यामा पुगेको छ, तर मरिसकेको चाहिँ छैन। त्यसकारण क्रान्तिकारी शक्तिहरू अब हुने षड्यन्त्रहरूबाट सतर्क रहन जरुरी छ। अमेरिकी साम्राज्यवाद र उसका पिछलग्गुहरू अनि मृत्युशय्यामा पुगेको सामन्तवादी राजतन्त्रका भूतहरुले नेपाली जनतालाई तर्साउन अझै अनेक उपायहरु रच्नेछन्। अब कसैले पनि क्रान्तिकारीहरूलाई सिध्याउने बहानामा राजतन्त्र जोगाइराख्ने षड्यन्त्र गर्छ भने त्यो उसैका निम्ति प्रत्युत्पादक सावित हुनेछ। बाह्रबुँदेदेखि अन्तरिम संविधानसम्मको यात्रामा गणतन्त्रवादी शक्तिहरूले एकपछि अर्को विजय हासिल गर्दै आएका छन्। अब हुने संविधानसभाको चुनावमा पनि लोकतान्त्रिक गणतन्त्रवादीहरूकै जित हुनेछ। अबको नयाँ नेपाल संघीय संरचनायुक्त लोकतान्त्रिक गणतन्त्र नेपाल हुनेछ।

अहिले केही नेताहरूको मुखबाट सुन्ने गरिन्छ 'संविधानसभाको चुनावमा बहुमत संवैधानिक राजतन्त्रको पक्षमा जानेछ।' यो असम्भव कुरा हो। यस्तो कल्पना पनि गर्नु भनेको सहिदहरूको अपमान मात्र होइन, आफू स्वयं र नेपाली जनताको विश्वासलाई धोखा दिनु हो। जनताले हारेको र प्रतिक्रियावादीहरूको जित भएको इतिहास कतै छैन।

राजा बचाउने कसरत आज पनि जारी छ। यहाँ 'प्रजातन्त्रवादी'भन्दा पनि एक कदम अगाडि बढेर 'वामपन्थी' कित्ताबाटै त्यो षड्यन्त्र भइरहेको छ। चाहे त्यो बाह्रबुँदे सहमति रोक्न होस्, कार्तिक २२ को सम्झौता होस् वा माघ १ गतेको अन्तरिम संविधान जारी हुनबाट रोक्न होस्, हरपल अन्तिम क्षणसम्म पनि यहाँ षड्यन्त्र भइरहेका थिए। बारम्बार उनीहरूको षड्यन्त्रकारी राजनीति असफल हुँदै आएको छ। यो नै नेपाली जनताको विजय हो।

अहिले एकथरि शक्ति राजतन्त्रको अन्त्य भएको भन्दा पनि माओवादी अन्तरिम व्यवस्थापिकामा प्रवेश गरेको कुरालाई महत्त्व दिई जनतामाझ अनेकौं भ्रम छर्ने प्रयास गरिरहेका छन्। सबै के कुरामा प्रस्ट हुनु पर्छ भने यो संसदीय व्यवस्था नै होइन। माओवादी संसदीय व्यवस्थामा होइन कि संसदीय व्यवस्थालाई ध्वस्त गरेर अन्तरिम व्यवस्थामा गएको हो। अन्तरिम संविधानले परिकल्पना गरेको 'संसदीय व्यवस्था' होइन कि लोकतान्त्रिक गणतन्त्र उन्मुख अन्तरिम व्यवस्था हो। माओवादी पुरानो संविधान र संसद्को अन्त्य गरेर आएको हो। माओवादी पुरानै ढाँचा र संसद्मा प्रवेश होइन, कि नयाँ ढाँचा र संरचनामा अरू दलहरूलाई समेत लैजान सफल भएको छ। कस्तो व्यवस्था हुने भन्ने त संविधानसभाको चुनावले निर्धारण गर्नेछ। यसका लागि स्वच्छ र निष्पक्ष निर्वाचन हुनु र राजनीतिक शक्तिहरू इमानदार हुनु आवश्यक छ। जनतालाई केवल नारा मात्रै देखाइयो भने त्यो नेपाली जनताका निम्ति विश्वासघाती कदम ठहर्नेछ। जनताको मुक्तिदाताको नाममा कुनै पनि आवरण ओढाइएका शक्तिहरू जनताका निम्ति अस्वीकार्य हुनेछन्। यो सबैले बुझ्नु अत्यावश्यक छ, अन्यथा त्यस्ता जनविरोधी काम गर्ने जोसुकै पनि बढारिनेछन्।

अहिले माओवादीले विधायिकामा अयोग्य व्यक्तिहरूलाई पठाएको हौवा पिटिएको छ। माओवादीले विधायिकामा पठाएका व्यक्तिहरू बहुसंख्यक नेपाली जनताको प्रतिनिधित्व गर्ने प्रतिनिधिहरू हुन्। अहिले माओवादीबाट गरिब जनता, महिला, दलित, मधेसी, जनजातिको प्रतिनिधित्व गर्ने व्यक्ति आएका छन्। ■

निरन्तरता र परिवर्तन दुवैको समुचित सन्तुलनबाट नै कुनै पनि समाजको सभ्यता अगाडि बढ्छ । निरन्तरता भनेको यथास्थितिको निरन्तरता वा प्रगति छेकथुन गर्ने बाधक शक्तिहरूको निरन्तरताचाहिँ होइन । एउटा मकैको गेडाभित्र मकैको बोट उमार्ने शक्ति निरन्तर क्रियाशील हुन्छ र छोक्राको रुपमा हराउने तत्त्व पनि सँगै ।

# नयाँ विधायिकाबाट नागरिकको अपेक्षा



विमलकुमार फुयाँल

**नवनिर्मित अन्तरिम** व्यवस्थापिका नेपालका निरन्तरता र परिवर्तनका वाहक राजनीतिक शक्तिहरूको संगम बन्न पुगेको छ । जनआन्दोलनले पुनःस्थापित गराएको प्रतिनिधिसभाले अन्तरिम संविधानदेखि अन्तरिम व्यवस्थापिकासम्म निर्माण गर्न खेलेको सकारात्मक भूमिका र सशस्त्र आन्दोलनमा हेलिएको माओवादी शक्तिले देखाइरहेको उच्चतम सुझबुझका कारणले गर्दा यस्तो सिर्जनात्मक संगम उद्भव हुन सकेको हो । त्यसकारण मुलुकको समुन्नतिको अभियानमा सहभागी बन्न चाहने नागरिक समुदायले यो अन्तरिम व्यवस्थापिकाबाट धेरै अपेक्षा राखेका छन् । आशा छ, सार्वभौम जनताको सर्वोच्चता स्विकार्ने नेतृत्ववर्गले नागरिकको अपेक्षालाई आत्मसात गर्दै लोकतन्त्रको विकासक्रमलाई सही निकास दिनेछन् ।

निरन्तरता र परिवर्तन दुवैको समुचित सन्तुलनबाट नै कुनै पनि समाजको सभ्यता अगाडि बढ्छ । निरन्तरता भनेको यथास्थितिको निरन्तरता वा प्रगति छेकथुन गर्ने बाधक शक्तिहरूको निरन्तरताचाहिँ होइन । एउटा मकैको गेडाभित्र मकैको बोट उमार्ने शक्ति निरन्तर क्रियाशील रहेको हुन्छ र छोक्राको रुपमा हराउने तत्त्व पनि सँगै रहेको हुन्छ । त्यसैगरी समाजमा पनि राजनीति लगायत हरेक पक्ष कला, साहित्य, शिक्षा, उद्यम, व्यापार र खेलकुदमा समेत सम्बन्धित विषयलाई फक्राउने, फलाउने र फुलाउने पक्ष त्यहाँभित्रै पनि निरन्तर क्रियाशील रहेको हुन्छ । अन्तरिम व्यवस्थापिकामा रहेका 'सात दल' पनि लोकतन्त्रको सुदृढीकरणको हिसाबले निरन्तरताका वाहक शक्ति हुन् । व्यक्तिगतरुपमा त्यहाँ कतिपय नेता वा सांसद प्रतिगामी र यथास्थितिवादी पनि छन्, तर मूल नेतृत्व भने निरन्तरताकै वाहक शक्ति हुन् । उनीहरूले हालै खेलेका सकारात्मक भूमिकाको आधारमा यो प्रमाणित भएको हो । नागरिक समुदायको अपेक्षा छ, सात दल आफ्नो अडान र भूमिकाबाट विचलित नहोऊन् र २००७ देखिको लोकतान्त्रिक आन्दोलनको मर्मलाई गन्तव्यसम्म पुऱ्याउन क्रियाशील रहून् ।

नयाँ संविधान, नयाँ राज्यव्यवस्था र जनमुखी अर्थनीतिको मुद्दा अघि सारेर सशस्त्र जनयुद्धमार्फत पुरानो राज्यलाइ ध्वस्त पार्ने अभियानमा लागेको माओवादी पनि जनआन्दोलनमा सहभागी हुँदै शान्तिपूर्ण सम्झौतामार्फत अन्तरिम व्यवस्थापिकासम्म आइपुगेका छन् । त्यसैले माओवादीलाई परिवर्तनपक्षीय वाहक शक्ति मान्न सकिन्छ । ऊ निरन्तरताबाट निकास नपाइने वा उनीहरू यथास्थितिवादी भए भन्ने निर्क्योल झिकेर आमूल परिवर्तनको झन्डा उठाउने शक्ति हो । संविधानको मालिक सार्वभौम नेपाली जनतालाई बनाउनुपर्छ र राज्यको लोकतान्त्रिक पुनर्संरचनाको खाँचो छ भन्ने विषयलाई मुलुककै मूलधारको राजनीतिक मुद्दा बनाउन योगदान दिएको कारणले माओवादीलाई परिवर्तनको वाहक शक्ति मान्ने आधार मिलेको हो । यद्यपि, यी सबै गर्न सशस्त्र संघर्ष चाहिन्थ्यो कि थिएन भन्ने विषयचाहिँ विवादास्पद रहेको छ । यति बेला नागरिक समुदायको माओवादीसँग दुइटा अपेक्षा छन् । पहिलो, माओवादीहरू सत्ताको भागबन्डामा नफसी परिवर्तनको मुद्दालाई गन्तव्यसम्म पुऱ्याउने प्रक्रियामा इमानदारीपूर्वक दत्तचित्त भएर लागून् । दोस्रो, उनीहरूले बुझून् कि कुनै पनि सकारात्मक परिवर्तन विगतका सम्पूर्ण विरासतलाई ध्वस्त पारेर प्राप्त हुँदैन, बरु सकारात्मक प्रयासहरूको निरन्तरताको जगमा मात्र अपेक्षित परिवर्तनको वास्तविक आकार खडा हुनसक्छ । माओवादीले राजनीति लगायत समाजका अन्य क्षेत्रका 'निरन्तरता'का प्रणेताहरूलाई निषेध गर्ने गल्ती नगरोस् र सकारात्मक विरासतमा नयाँ तल्ला थप्ने कर्ममा जुटोस् । यहाँ कोही व्यक्ति माओवादी बिल्ला भिर्नेबित्तिकै क्रान्तिकारी हुने र माओवादीको आलोचना गर्नासाथ प्रतिगामी, यथास्थितिवादी, सहरी बुर्जुवा वा संशोधनवादी हुन्छन् भन्ने प्रकारको राजनीतिक जमिनदारी प्रवृत्ति पनि उनीहरूले नदेखाऊन् ।

समग्रमा निरन्तरताका वाहकशक्ति भए पनि अन्तरिम व्यवस्थापिकामा बहुमतमा रहेका सात दलको निकट विगत त्यति सुकिलो भने छैन । त्यसमा पनि खासगरी कांग्रेस र एमालेको नेतृत्ववर्ग पंचायतकालका क्रान्तिकारी थिए, २०४६ पछि प्रजातन्त्रवादी सत्ताधारी बने । त्यसपछि कहिले सत्ताखेलमा चुर्लुम्म डुबेका अवसरवादी र कहिले दरवारको नजिक देखिन मरिहत्ते गर्ने यथास्थितिवादी पनि भएकै हुन् । माघ १९ को शाही 'कु'ले भने प्रतिगामी र निरन्तरताका वाहक शक्तिहरूको कित्ताकाँट हुनुपर्ने अवस्था सिर्जना भयो र सात दल प्रतिगामी दलदलमा फस्न गएनन् । त्यसैले आम लोकतन्त्रवादी नागरिक समुदाय उनीहरूको नेतृत्व स्विकारेर आन्दोलनमा होमिएका हुन् । अहिले नागरिकको अपेक्षा के छ भने सात दलको नेतृत्व दरवार तथा प्रतिगामी स्वार्थसमूहको प्रलोभनमा नफसोस् । जनता र दरबारको बीच लमी बनेर तर मार्ने सपना नेताहरूले नदेखून् । इमानदारीपूर्वक संविधानसभाको निर्वाचन सम्पन्न गरेर समुन्नत तथा समावेशी लोकतान्त्रिक नेपालको सिर्जनाको आधार खडा गर्नमा योगदान गरून् ।

सात दलसँग नागरिकको अपेक्षा के पनि छ भने हिजोको दिनमा जस्तो संसद् दलीय स्वार्थको लागि अनैतिक षड्यन्त्र गर्ने अखडा नबनोस्, संसद् सांसद किनबेच गर्ने खसीबजार नबनोस्, पुरुष सांसदले सुत्केरी हुँदा खाएको औषधीको बिल पेस गर्ने अनैतिक स्थान नबनोस्, सांसदहरूबीच कुटाकुट भएर अस्पताल लैजानुपरेको लज्जास्पद क्षण नदोहोरियोस् र पहिलेको जस्तो कतैको इसारामा प्रधानमन्त्रीको राजीनामा माग्दै सन्ताउन्न दिनसम्म संसद् अवरुद्ध पनि नपारियोस् । कांग्रेस र एमालेका नेताहरूबाट के पनि अपेक्षा छ भने संसद्लाई आफ्नो बिर्ता ठानेर अरू साना दलहरूलाई त्यहाँका मोही वा हरुवा, चरुवा ठान्ने राजनीतिक जमिनदारी पनि नदेखाइयोस् । माओवादी पनि व्यवस्थापिकामा ठूलै हैसियत राख्ने भएकोले यो विषयमा ऊ पनि सुरुमै सचेत बनोस् । हिजो राजाले मुलुकलाई नै आफ्नो पेवा मानेर जनतालाई दास ठान्ने आचरण देखाए र पतन पनि भइसके । अब कांग्रेस, एमाले वा माओवादीले आफूलाई ठूलो शासक ठानेर अन्य दल र आम नागरिकलाई रैती नठानून् ।

अन्त्यमा निरन्तरताका वाहक सात दल गलेर नझरून् र परिवर्तनको वाहक माओवादी पात्तिएर नपछारिऊन्, नागरिक समुदायको उनीहरूलाई निरन्तर साथ र सहयोग रहनेछ । जेल बसेको, सडक तताएको वा हतियार भिरेको अतीत भिडाएर जनताले तिरेको राज्यको राजस्वमाथि लुट मचाउने एकाधिकार आफूहरूले पाउनु पर्छ भन्ने अधिनायकवादी आचरण कसैले पनि नदेखाऊन् ।

friendbimal@gmail.com

# अझै छन् दासीहरू

**सरकारले दासप्रथा उन्मूलन भएको भने पनि र अदालतले त्यस्तो प्रथा उन्मूलन गर्न आदेश दिए पनि मुलुकमा कम्लरीका नाममा अझै पनि दासप्रथा चलिरहेको छ ।**

■ रुद्र खड्का/देउखुरी, दाङ (तस्वीर पनि)



**एक वर्षदेखि** कम्लरी बस्दै आएकी सतबरिया-३ नयाँबस्तीकी जुनु चौधरी माघीमा घर फर्किएपछि बाबुआमासँग भेट हुँदा उनले रुँदै मालिकको घरमा कम्लरी नपठाउन आग्रह गरिन् ।

मालिकको घरमा काम गर्दा साह्रै दुःख पाएको १२ वर्षीया जुनुले पटक-पटक बताइरहँदा पनि बाबु जंगबहादुरले छोरीलाई अबदेखि मालिकको घरमा पठाउँदिनँ भन्न सकेनन् ।

एक वर्षदेखि देउखुरी, देवपुर निवासी पूर्णबहादुर केसीको घरमा वार्षिक ४ हजार रुपैयाँमा कम्लरी बसिरहेकी जुनु थारूको महान् पर्व माघीका बेला घरमा फर्केर आफूलाई पनि पढ्ने रहर भएको उल्लेख गर्दै आमा-बाबुसँग मालिकको घरमा नपठाउन हारगुहार गर्दा पनि जंगबहादुरले छोरीलाई कम्लरी नपठाएर घर खर्च कसरी चलाउने हो भनेर आलटाल गरिरहेका छन् । 'सम्पत्तिको नाममा बस्नलाई सानो घरबाहेक केही छैन', जंगबहादुर भन्छन्, 'आफू एक्लैले कमाएको पैसा ज्यादै थोरै र अन्य चार सन्तान पनि पाल्नु पर्ने भएका कारण आर्थिक सहयोगको लागि छोरीलाई कम्लरी नपठाई हुँदैन ।'

त्यसैगरी चार वर्षदेखि लमहीको एक चिया पसलमा भाँडा माझ्ने काम गरिरहेकी चैलाही-२ कोलहीकी १६ वर्षीया डोङ्नी चौधरी माघीको दिन घर फर्कँदा बाबु-आमाको अगाडि रुँदै आफूलाई काममा नपठाउन आग्रह गरे पनि उनीहरूले छोरीको पीडामा साथ दिन सकेनन् ।

गाउँका अन्य साथीहरूझैं आफूलाई पनि स्कुल पढ्ने रहर भएको बताउने डोङ्नीका बाबु खुसीराम पनि आर्थिक समस्याका कारण छोरीलाई पढ्ने व्यवस्था गर्न असमर्थ छन् ।

५ छोरा र ४ छोरीसहित ९ सन्तानका बाबु ४० वर्षीय खुसीरामले घर खर्च धान्नको लागि

## माघीमा पनि व्यथा

**सर्वोच्च अदालतले** कम्लरी प्रथा हटाई बालश्रम शोषण अन्य गर्न सरकारका नाममा आदेश जारी गरेको छ । यो कुप्रथा रोक्न कानुन अपूर्ण रहेको र भएका कानुन कार्यान्वयन हुन नसकेको अदालतको ठहर छ । यो प्रथा रोक्न र अन्यका लागि सरकारका तर्फबाट सबै समस्या समेट्ने कानुन बनाउन र त्यसको प्रभावकारी कार्यान्वयन गर्न निर्देशनात्मक आदेश जारी गरिएको हो । माघे संक्रान्तिका दिन पश्चिमका थारू समुदायमा कम्लरी प्रथाका रुपमा बालबालिकाहरूको श्रम शोषण हुँदै आएकाले त्यसलाई रोक्न माग गर्दै रिट दायर गरिएको थियो ।

सरकारले विनातयारी मुक्तिको घोषणा गरेको आधा दशकपछि थारुहरूको महान् पर्व माघी थारु समाजको लागि खासै उत्साहजनक रहेन । यो माघी पनि मानव इतिहासको कलंकको रुपमा रहेको दासप्रथाको अवशेष कमैयासँगै जोडिएको कम्लरी बेचबिखन भएका खबर चर्चामा रहे ।

पश्चिम नेपालमा रहेका हजारौं कमैयाहरूको आन्दोलनपछि ६ वर्षअघि जारी भएको ऐनले न त कमैयाहरूको मुक्तिको उचित व्यवस्था नै गर्न सक्यो, न त्यो ऐनले निषेध गरेको श्रमसम्बन्धी व्यवस्थामा कमैयासँगै रहेका कयौं महिला कम्लरीहरूलाई ऐनको परिधिभित्र ल्याउने काम गऱ्यो । तत्कालीन सरकारले सस्तो लोकप्रियताका लागि र केही दाता संस्थाहरूको दबाबमा जसरी ऐन जारी भयो र मुक्तिको घोषणा गरियो । त्यो अव्यवस्थापनको पीडाबाट मुक्त हुन नसकेका सयौं कमैया परिवारमा यसपटक पनि परम्परागत रुपमा चलीआएको माघीमा कम्लरीहरूको साटासाट नभए पनि कसरी जीवनयापन गर्ने यही पीडामा उनीहरूले निरस माघी मनाए ।

कञ्चनपुरको सुडामा थारू समुदायले माघी पर्व मनाउन आयोजना गरेको ठूलो सांस्कृतिक समारोहमा प्रस्तुत गीतहरूमा कमैया मुक्तिका रोदनहरू रहेका थिए । अधिकांश थारू समुदायलाई सांस्कृतिक कार्यक्रमले आफूसँग बाँधी राख्न प्रयास गरेको देखिए पनि त्यही भीडमा मनमती, नेहा र सुशीला जस्ता कम्लरीहरू माघीपछिका दिनहरू कसरी बिताउने भन्ने चिन्ता नै उनका लागि यो माघीका उपहार रहे । बैंसले भर्खर छोएका यी कम्लरी युवतीहरू आफूलाई कम्लरी भन्न चाहिँ रुचाउँदैनन् न त कम्लरीको परिभाषाभित्र उनीहरू पर्छन् । मुक्तिपछि अलपत्र परेका कमैयाका सन्तान भन्न उनीहरू आफूलाई रुचाउँछन् । मुख्यतया मेहनत मजदुरी गरेर उनीहरूले आफ्नो परिवारलाई आर्थिक सहायता गरिरहेका छन् । यो उनीहरूको दिनचर्या नै हो । न हामीले पढ्न पायौं पढ्ने बेलामा मुक्तिका नाममा अलपत्र पऱ्यौं न त घरमा खान र लाउने उचित व्यवस्था नै थियो । हामीसँग रहेको एउटै विकल्प मेहनत मजदुरी गर्नु थियो, त्यही गरिरहेका छौं । विनायोजना सरकारले मुक्तिको घोषणा गरेका कारण नै माओवादीको पश्चिम डिभिजनमा अधिकांश थारू युवतीहरूको बाहुल्य रहेको देख्न सकिन्छ । धन्न मनमती, नेहा र सुशीला जस्ता युवतीले त्यो

जेठी छोरी डोइनीलाई घरेलु कामदारको रुपमा पठाउन बाध्य भएको बताएका छन्। अर्काको जग्गा लगाएर गुजारा गर्दै आएका खुसीराम हातमुख जोर्नको लागि छोरीलाई कम्लरी पठाउन बाध्य भएको बताउँछन्।

पढ्ने अथवा घरमै बस्ने इच्छा हुँदाहुँदै पनि आर्थिक अभावका कारण सानै उमेरमा घरेलु कामदार बन्न बाध्य डोइनी र जुनु चौधरी देउखुरी उपत्यकाका दुई उदाहरण मात्र हुन्। यतिखेर थारूको महान् पर्व माघी मनाउन लामो समयसम्म अर्काको घरमा काम गरेका थारू किशोरीहरू आ-आफ्नो घर फर्केर परिवारसँग कम्लरी नपठाउन आग्रह गरिरहेका छन्। तर आर्थिक विपन्नताले सताइँदै आएका थारू अभिभावकहरू छोरीहरूले भनेअनुसार घरेलु कामदार नपठाएपछि उत्पन्न हुने समस्याको समाधान भेटाउन सकेका छैनन्। 'नाबालक छोरीलाई अर्काको घरमा पठाउन त कहाँ मन हुन्छ र ?', छोरीलाई कम्लरी पठाउनु पर्ने कारणको जवाफमा चौलाही-८ मजगाउँका शिव चौधरी भन्छन्, 'आर्थिक समस्याले कम्लरी बस्न बाध्य बनाउँदै आएको छ।'

एकातिर पुरानो परम्परा र अर्कोतिर आर्थिक अभावले कम्लरी बनेका अधिकांश थारू युवतीहरू माघीका बेला घर फर्कने पुरानो चलनअनुसार वर्षको एक दिन माघीमा मालिकबाट छुट्टी लिएर घर फर्कन्छन्। यही चलनअनुसार घर फर्केका कम्लरी युवतीहरूले एक वर्षभरि मालिकको घरमा काम गर्दाको राम्रा-नराम्रा कुरा अभिभावकलाई सुनाउँछन् र बस्दै आएको मालिक चित्त नबुझे कम्लरीहरू अर्को मालिकको घरमा जाने थारूहरूको परम्परा हो।

पुस्तौंदेखि दासतापूर्ण जीवन बिताउँदै आएका पश्चिम नेपालका कमैयाहरूलाई सरकारले मुक्त भएको घोषणा गरेपछि उनीहरूले स्वतन्त्रताको केही अनुभव गर्न पाए पनि मुक्त घोषित कमैयाका छोरीहरूले भने अहिलेसम्म बालअधिकारको त कुरै होइन, शारीरिक अवस्था अत्यन्त कमजोर हुँदाहुँदै बाबुआमासँग छुट्टिएर अर्काको घरमा कठिन काम गर्न बाध्य छन्।

सरकार, न्यायपालिका तथा विभिन्न संस्थाहरूले पटक-पटक कम्लरी प्रथा रोक्नु पर्ने बताउँदै आए पनि अथवा कम्लरी राख्ने केही व्यक्तिहरूलाई कानुनी कारबाही तथा कम्लरी पठाउने अभिभावकहरूलाई सम्झाउन खोजिए पनि यो प्रथा पश्चिम नेपालका कमैया बस्ती रहेका बाँके, दाङ, बर्दिया, कैलाली र कञ्चनपुरमा अझै कायम छ।

केही वर्षदेखि कम्लरी उत्थानमा क्रियाशील नेपलीज युथ अपर्चुनिटी फाउन्डेसनका सोम पनेरुका अनुसार पश्चिम नेपालका कमैया बस्ती रहेका पाँच जिल्लाहरूमा कम्लरीहरूको संख्या कम्तीमा २० हजार छ। दाङमा मात्र अझै कम्लरीहरूको संख्या १ हजार ४ सय १३ रहेको असहाय नानीहरूको साथी संस्थाले जनाएको छ। उक्त संस्थाका अनुसार विभिन्न संस्था र व्यक्तिहरूको प्रयासमा अहिलेसम्म दाङका २ हजार ५ सय कम्लरीहरू घर फर्केका छन्।

हरेक माघीमा कम्लरीहरू घर फर्कने र पुरानो मालिक चित्त नबुझेको खण्डमा नयाँ मालिक समेत छान्ने परम्परा रहेको कमैया बस्तीहरूमा पछिल्ला दिनहरूमा विभिन्न संस्थाको सक्रियताका कारण नयाँ कम्लरीहरू बस्न जाने प्रचलनमा केही कमी आए पनि विगतमा कम्लरी भइसकेका थारू युवतीहरूलाई फर्काउन निकै कठिन भएको कम्लरी उत्थानमै क्रियाशील सोसाइटी वेलफेयर एक्सन नेपाल (स्वान)का अध्यक्ष कृष्ण चौधरी बताउँछन्।

चौधरीका अनुसार जिल्लामै कम्लरी बनेका युवतीहरूलाई घर फर्काउन सजिलो भए पनि राजधानीलगायत देशका विभिन्न सहरमा पुऱ्याइएका थारू युवतीलाई फर्काउने काम सर्वाधिक चुनौती बनेको छ। कयौं कम्लरी युवतीहरू कहाँ पुऱ्याइएका छन् भन्ने समेत आमाबाबुलाई थाहा नभएको उनी बताउँछन्। खासगरी कुनै दलालमार्फत जिल्लाबाहिर पुऱ्याइएका थारू युवतीहरूलाई एक ठाउँबाट अर्को ठाउँमा पठाइरहँदा उनीहरूको अवस्था थाहा हुन नसकेको बताइन्छ। कयौं जमिनदारहरूले कम्लरी बसेकी थारू युवतीहरूलाई छोरीको विवाहपछि दुलाहाको घरमा पठाउने र दुलाहाको घरबाट अर्को स्थानमा पुऱ्याएका थुप्रै उदाहरण भएको केही गैरसरकारी संस्थाका व्यक्तिहरू बताउँछन्।

एकातिर थारूहरूको पुरानो परम्परा छोरीहरूलाई मालिकको घरमा कामदारको रुपमा पठाउने र अर्कोतिर गरिबीका कारण कम्लरी बन्न बाध्य युवतीहरू मालिकको घरमा गएर काम मात्र गर्दैनन्। उनीहरू बेला-बेलामा मालिकहरूबाट यौनशोषण सहनु पर्ने बाध्यता पनि रहेको कम्लरी उत्थानमा क्रियाशील संस्थाका प्रतिनिधिहरूले दाबी गरेका छन्।

तर, थारू युवतीहरूलाई कम्लरी बनाएका कयौं व्यक्तिहरूले भने उनीहरूकै अभिभावकको आग्रहमा कम्लरी राखिएको उल्लेख गर्दै त्यस्ता कम्लरीलाई काममा मात्र नलगाई स्कुल पठाइदिने गरेको पनि बताउँछन्।

६ वर्षको उमेरदेखि २२ वर्षका युवतीहरू कम्लरी बन्ने चलन रहेको यहाँ पछिल्ला दिनहरूमा आएर थारूबाहेक अन्य जातिका युवतीहरू पनि परिवारको आर्थिक अभावका कारण कम्लरी बन्न बाध्य भएको पाइन्छ। ■

बाटो रोजेनन्।

कर्णाली पारिको तुलनामा सुदूरपश्चिम क्षेत्रमा कम्लरी प्रथाले त्यतिसारो जरो गाडेको थिएन। किसानको घरमा बाबुआमासँगै बँधुवा भएको थाहा नपाउने उमेरमै उनीहरूको भविष्य जमिनदारसँग बेचिइसकेको हुन्थ्यो। होस पाउने उमेरमा बल्ल उनीहरूले थाहा पाउँदा आफू कम्लरी भएको हुनाले जमिनदारको घरमा काम गर्नु नै आफ्नो जीवन र नियति हो। जुन पर्वलाई थारूहरू आफ्नो महान् पर्व मान्छन् त्यही दिन कमैया र कम्लरीहरूको बेचबिखन हुन्थ्यो मनमती भन्छिन्, 'यो सबै थारू समाजको लागि दुर्भाग्यपूर्ण दिन पनि थियो। सरकारी घोषणाले कमैयाहरू मुक्त भए पनि अदृश्य रूपमा कम्लरी राख्ने प्रथा परिमार्जित भए पनि जीवित रहेको देख्न सकिन्छ।'

मुख्यतया मुक्तिपछि कञ्चनपुरबाट कम्लरीहरू पलायन हुँदै काठमाडौंदेखि भारतका विभिन्न सहरमा पुगेको यो क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको अनुमान छ, तर आर्थिक उपार्जनको लागि यस्ता मुद्दाहरू उठाउने गैरसरकारी संस्थाहरूले कमैयाहरूको वास्तविक जीवनमा सुधार ल्याउन नसकेको यथार्थ भने सबैका सामु स्पष्ट छ। कम्लरीका पक्षमा कञ्चनपुरमा दुईवटा गैरसरकारी संस्था बेस र थारू महिला मञ्चले काम गर्दै आएका छन्। एक वर्षदेखि कम्लरीका लागि काम गरिरहेको थारु महिला मञ्चको तथ्यांकमा कञ्चनपुरमा ५४ जना कम्लरीहरू रहेका छन्। चौधदेखि १८ वर्ष उमेर समूह रहेका यो संख्याभित्र थारू किशोरी मात्र होइनन्, किशोरहरूले पनि प्रश्रय पाएका छन्। मञ्चकी अध्यक्ष भारती चौधरीका अनुसार विपन्न थारुहरूका सन्तानलाई छनोट गरी हामीले उनीहरूको आर्थिकस्तर उकास्न आय आर्जनका काम गरिरहेका छौं। कम्लरीका अभिभावकलाई पनि सन्तानलाई स्कुल पठाउन अभिप्रेरित हुने कार्यक्रम पनि थारू महिला मञ्चले गरिरहेको छ। खुद्रा तथा शृंगार एवं तरकारी पसल, घुम्ती पसल र सिलाइ व्यवसाय गर्न हामीले काम गरिरहेका छौं। थारू समुदायका पक्षमा कार्यरत बेसले भने सम्बन्धित ठाउँबाट कम्लरीहरूलाई मुक्त गरी उनीहरूलाई किशोरी शिक्षा दिइरहेको छ। कम्लरीलाई सदाका लागि मुक्त गर्ने बेसको लक्ष्य रहेको छ। कञ्चनपुरको तुलनामा कैलालीमा यो प्रथाको प्रभाव अधिक रहेको मानिन्छ। छिमेकी जिल्ला बर्दियाका कारण पनि यसो हुन गएको हो। खोजको विषय बनाउने हो भने गैरसरकारी संस्था नपुगेका कञ्चनपुर र कैलालीका दुर्गम गाउँहरूमा यो प्रथाका सिकार कम्लरीहरू भेट्न सकिने दाबी पनि यी गैरसरकारी संस्थाहरूको रहेको छ।

अन्तरिम संविधानले कक्षा दससम्मको शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरेको भए पनि कमैयाका यी अलपत्र सन्तानहरूका लागि भने मौलिक अधिकार प्राप्त गर्ने कुनै पनि प्रयासका कार्यक्रमहरू राज्यले सोचेको देखिँदैन। आगामी दिनहरूमा मुलुकमा हुने राजनीतिक परिवर्तनसँगै कमैयाहरूका यी सन्तान मात्र होइन, विपन्न वर्गका नेपालीका प्रत्येक सन्तानले मौलिक अधिकारभित्र परेको शिक्षा पाउने वातावरण र कार्यक्रम राज्यले ल्याउने आशा भने जीवितै रहेको छ।

**■ श्याम भट्ट/महेन्द्रनगर**

# सबल पश्चिमको खोजी

■ श्याम भट्ट/डडेल्धुरा

**कर्णाली वारिका** २२ पुल र मुख्यतया कर्णाली पुल निर्माण भएपछि राज्यसँग जोडिएको सुदूरपश्चिम केन्द्रमा राज्य पुनर्संरचनाको वहस चलिरहँदा पनि विश्वस्त बन्न सकेको छैन । २०४६ सालको परिवर्तनपछि भएको यो महत्त्वपूर्ण विकासका बेला प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दिपायल क्षेत्रीय प्रसारण केन्द्रको उद्घाटन गर्दा सुदूरपश्चिम बल्ल संचारको मूलधारमा जोडिएको थियो । राणा शासनको अन्त्य भएको भन्डै पाँच दशक पुग्न आँट्दा यो क्षेत्रले राज्यको अनुभूति पाएको थियो, एक अर्थमा । आज एक दशकभन्दा पछि जनताले आमूल परिवर्तनका पक्षमा आफ्नो मत जाहेर गरेपछि नयाँ सुदूरपश्चिमका लागि उनीहरूको छटपटाहट स्वभाविक हो ।

ऐतिहासिक परिवर्तनपछि राजनीतिक दलका दर्जनौं ठूला नेता र नागरिक आन्दोलनका अगुवाहरूको सुदूरपश्चिम दौडाहाको क्रममा पनि आम नागरिकले भाषणहरू सुन्नुभन्दा सुदूरपश्चिमका मुद्दाहरूप्रति राज्य सचेत रहनु पर्ने विषयमा गम्भीर बन्न आग्रह गरे । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, एमाले महासचिव माधवकुमार नेपाल, माओवादी अध्यक्ष प्रचण्ड, माओवादी संसदीय दलका नेता कृष्ण महरा, एमाले नेताहरू वामदेव गौतम र सुवास नेम्वाङ, सूचनामन्त्री दिलेन्द्र बडु, वार्ताटोली सदस्य रमेश लेखक, मानवअधिकारकर्मी कृष्ण पहाडी, कांग्रेस उपसभापति सुशील कोइराला, पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीसहितका व्यक्तिहरूको सुदूरपश्चिम भ्रमणका क्रममा यहाँका अहम् मुद्दाहरूका विषयमा बढी वहस भयो ।

माओवादी जनयुद्ध थालनीको प्रमुख विषयको रुपमा

सुदुरपश्चिमका यी मलिला डाँडाहरूले विकास मागेका छन्



रहेको कर्णाली र सेती-महाकाली अनि ऐतिहासिक जनआन्दोलन-२ का बेला प्रमुखता पाएका सुदूरपश्चिमका समस्याहरूका विषयमै अहिले सुदूरपश्चिम जवाफ मागिरहेको छ र राज्यलाई सचेत गर्ने धुनमा लागेको छ । राज्यको पुनर्संचनाको वहस र प्रयासको थालनीको पूर्वसन्ध्यामा आज पनि राज्यको मूलधारमा जोडिएको महसुस गर्न नपाएको सुदूरपश्चिम भने बेग्लै ध्याउन्नमा व्यस्त छ । राज्य पुनर्संरचनाको वहससँग यहाँका समस्या दरिलो रुपमा सुदूरपश्चिम उठाउन खोजिरहेको छ। नेपाल पत्रकार महासंघको महेन्द्रनगरमा हालै सम्पन्न ऐतिहासिक विधान अधिवेशन सुदूरपश्चिमको महेन्द्रनगरमा सम्पन्न गर्नको मुख्य उद्देश्य नै यहाँका मुद्दाहरूलाई राष्ट्रियकरण गर्नु रहेको बताउँदै नेपाल पत्रकार महासंघका उपसभापति डिआर पन्त भन्छन्, 'नागरिकहरू अविलम्ब विकेन्द्रीकरणको पक्षमा रहेको कुराप्रति राज्य सजग र सचेत रहनु अनिवार्य भएको छ ।'



हरेक वर्ग र क्षेत्रका माध्यमबाट आफ्ना मुद्दाहरूलाई उठाउने प्रयासमा लागेको यो क्षेत्र अर्को एउटा राष्ट्रिय सम्मलेनको आयोजना गर्ने तयारी गर्दै छ। देशभरका साहित्यकारहरूलाई डडेल्धुराको रंगुन उपत्यका जोगबुढामा भेला गराउने योजना उनीहरूको छ। देशको साहित्यिक क्षेत्रले पनि यो क्षेत्रको पीडा आत्मसात गर्ने र यो क्षेत्रको मर्म बुझ्नेछ भन्ने उनीहरूको विश्वास छ ।

लोकतान्त्रिक सरकार गठनपछि राज्यका महत्त्वपूर्ण निर्णायक ठाउँमा आउन सक्ने सक्षम व्यक्तिहरूको खोजी गर्दा सुदूरपश्चिम नराम्रोसँग उपेक्षाको सिकार भएको छ । 'हामी राजनीतिक नेतृत्वसँग आशावादी छैनौं', मानवअधिकार तथा शान्तिसमाजका सभापति सुरेश जोशी भन्छन्, 'संविधानसभाको निर्वाचनको सफलताको कुरा गरेर सुदूरपश्चिमका मुद्दाहरू ओझेलमा राख्न पाइँदैन । राष्ट्रिय राजनीतिको नेतृत्वमा पटकपटक सुदूरपश्चिमले प्रतिनिधित्व गरे पनि यहाँका पीडाहरू सधैं ओझेलमा राखिए । लोकतान्त्रिक सरकार गठन भएको दस महिना पुग्न लाग्दा पनि सुदूरपश्चिमलाई राज्यले हेर्ने दृष्टिकोणमा कत्ति पनि फरक नभएको अनुभव हामीले गरेका छौं ।'

हेर्दाहेर्दै भारतले ब्रह्मदेवको केही भूभाग लिएपछि कहिले पूरा नहुने पञ्चेश्वरको सपना देखाइएको सुदूरपश्चिमलाई उपल्लो कर्णाली, पश्चिम सेती जस्ता महत्त्वाकांक्षी आयोजनाको सपनामात्र देखाइएको छ । सपना त थुप्रै देखाइए, तर सुदूरपश्चिमेली युवाहरूले आज पनि शिक्षा, स्वास्थ्य र रोजगार जस्तो आधारभूत आवश्यकताका लागि भारतको भर पर्नु पर्ने बाध्यता छ । यहाँ जहिले पनि हुने खाद्यान्न अभावका समस्या सीमा विवाद, विस्थापन, खानेपानी, बाढी र पहिरो जस्ता मानवीय समस्याहरू आज पनि संचारमाध्यमका लागि प्रमुख समाचार बन्नुपरेको विडम्बना यो क्षेत्रले झेलिरहेको छ ।

इतिहासका पानाहरू खोतल्ने हो भने राजनीतिक रुपमा सुदूरपश्चिमले सपूतहरू नजन्माएको होइन । साहित्यकार अर्जुन पराजुलीका शब्दमा दूध सुदूरपश्चिममा उम्लिए पनि काठमाडौंमै पाइन्छ भने यहाँ आइराख्न किन पर्‍यो ? यो नै सुदूरपश्चिमको विडम्बना हो । 'सुदूरपश्चिमका सपनामा राजनीतिक रोटी सेक्ने दिन अब गइसके,' राजनीतिक नेतृत्वलाई चेतावनी दिँदै प्राध्यापक युवराज जोशी भन्छन्, 'भौतिक विकासका रुपमा भनिहाल्नै पर्ने कुनै विकास हामीकहाँ छैन । चुनौती नै चुनौती छन्, यहाँ यिनै चुनौतीलाई अवसरका रुपमा सुदूरपश्चिमले लिन सक्ने वातावरण सशस्त्र द्वन्द्वले मात्र होइन, स्वतस्फुर्त रुपमा उठेका जनताले बनाउनेछन् ।'

अछाम, डोटी हुँदै डडेल्धुरासम्म शान्ति अभियानमा पुगेका कांग्रेस उपसभापति सुशील कोइरालाले भने, 'सुदूरपश्चिमको यो दबाब महसुस गरी सार्वजनिक रुपमै सुदूरपश्चिम सरोकारका विषयहरूमा प्रतिबद्धता व्यक्त गर्नु पर्‍यो । अब सुदूरपश्चिमबाट विकास सुरु गर्ने नीति निर्माण गरिने बेला भएको छ ।'

काली, कर्णाली, सेती र बूढी गंगाको पानी मात्र होइन, चीन हुँदै समुद्र छुने सबैभन्दा सस्तो मार्ग बन्न सक्ने ताक्लाकोट नाका, द्रुततर रुपमा विकास भइरहेको छिमेकी भारतको केही वर्षअघि छुट्टिएको उत्तराञ्चल राज्य र नेपालको भारतीय राजधानी दिल्लीको सबैभन्दा नजीकको भूभागका रुपमा यो क्षेत्रको अन्तर्राष्ट्रिय उपस्थिति छ । प्रकृतिको अमूल्य उपहारका रुपमा रहेका यो क्षेत्रको खप्तड राष्ट्रिय निकुञ्ज, सुर्मा सरोवर, अपी र सैपाल जस्ता हिमशृंखला, एसियाकै सबैभन्दा ठूलो घाँसेमैदान शुक्लाफाँटा आरक्ष, पश्चिम नेपाल विजयको ऐतिहासिक अमरगढी किल्ला, बाइसे-चौबीसे राज्यकालको ज्यूँदो इतिहासको रुपमा रहेको अजयमेरु कोटले यो क्षेत्रमा सबै प्रकृतिका विकासको ठूलो सम्भावना रहेको सन्देश राज्यले बुझ्न नसकेको गुनासो उनीहरूको छ ।

भारतको सीमान्त पहाडी राज्य उत्तराञ्चलको जस्तै भौगोलिक अवस्था र सामाजिक प्रभाव रहेको यो क्षेत्र उत्तराञ्चलमा भइरहेको द्रुततर विकाससँगै आफूलाई अगाडि लैजाने महत्त्वाकांक्षा बोकेर हिँडिरहेको छ । कुनै समय यो क्षेत्रमा भारतीयहरू विदेश फोन गर्न आउँथे, तर द्वन्द्वको विडम्बना आज उनीहरू विदेश फोन गर्न भारतीय सहरमा जानु पर्छ । सँगै रहेको उत्तराञ्चल चार वर्षकै अवधिमा हेर्दाहेर्दै सूचना प्रविधि, पर्यटन र उद्योग धन्दाको धनी भएको देख्दा विकासे सपना उनीहरूले देख्नु स्वभाविकै हो । ■


मोबाइल मर्मत सेन्टर
सबै प्रकारका मोबाइल फोनहरू ग्यारेन्टीका साथ मर्मत तथा Unlock गरिन्छ ।

SAGEM
SONY ERICSSON
MOTOROLA
PANASONIC
SIEMENS
SHARP
LG
BENQ
SAMSUNG
SANYO, 02 - TOSHIBA
& NOKIA


१. हाम्रा ग्राहकहरुलाई छिटोभन्दा छिटो सर्भिस दिन्छौं । २. सबै थरीको स्पेयर पार्टसहरु उपलब्ध छन्
Electro Concern
SHOP NO. 113, BISHAL BAZAR, 1ST FLOOR NEW ROAD 4266833, 4223101

# बढ्दो रक्तचाप

■ मनीष गौतम/काठमाडौं

**जीवनशैली** र खानपानमा कत्तिको ध्यान दिइन्छ ? नियमित धुम्रपान, अधिक चिल्लो, गुलियो र नुनिलो खान, प्रत्येक दिन रक्सी सेवन अनि थकान महसुस र पर्याप्त शारीरिक अभ्यास छैन भने उच्च रक्तचापको समस्याबाट पीडित हुने निश्चित छ। नेपाली समाजमा उच्च रक्तचाप अधिक रुपले बढेको स्वास्थ्य विशेषज्ञहरू बताउँछन्। औषधी विज्ञानको भाषामा 'हाइपर टेन्सन' बताइने यस समस्याबारे कमैले चासो दिएका छन्।

'भर्खरै हामीले गरेको एक अनुसन्धानमा प्रौढ जनसंख्याको झन्डै २० प्रतिशतमा उच्च रक्तचाप भेटिएको छ', सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मनबहादुर केसी भन्छन्, 'यसले समग्र रुपमा नेपालकै प्रतिनिधित्व गर्छ भन्नेमा हामी निश्चिन्त छौं किनकि हाम्रै अस्पतालमा दिनहुँ उच्च रक्तचापका विरामीहरूको संख्या बढ्दो छ।'

उच्च रक्तचापबारे सर्वसाधारणमा रहेको जनचेतनाको सम्बन्ध बुझ्न सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले दस महिनाअघि ललितपुरको धापाखेल गाविसमा यससम्बन्धी अनुसन्धान गरेको थियो। उक्त अनुसन्धानले उच्च रक्तचापबारे जानकारी तथा जनचेतना एकदमै न्यून रहेको देखाएको छ। 'उच्च रक्तचापबारे जानकारी कम भएकाले यसको उपचार खोज्ने प्रवृत्ति पनि निकै कम रहेको छ', डा. केसी भन्छन्, 'यसकै कारणले थला पर्‍यो भने मात्र अनि उपचार खोज्ने प्रवृत्ति छ।'

उच्च रक्तचापका विरामीहरूको संख्या बढ्नुको प्रत्यक्ष सम्बन्ध अहिलेको प्रतिस्पर्धात्मक जीवनशैलीसँग गासिएको छ। 'निश्चित उमेरमा बढ्दै जाने उच्च रक्तचापलाई अहिले मानसिक तनाव तथा उल्झन अनि असन्तुलित खानपान र जीवनशैलीले झनै बढाएको छ', डा. केसी भन्छन्, 'यदि यसलाई व्यवस्थापन गर्न सकिएन भने यसले जटिल रोगहरू निम्त्याउँछ। यसले व्यक्तिको जीवन बर्बाद त पार्छ, साथै यसको उपचार पनि अति धेरै महँगो पर्न जान्छ।'

उच्च रक्तचापकै कारणले यसको समस्या भोगिरहेकाहरू धेरै थरिको जटिल रोगबाट पीडत हुनु परेको छ। 'दक्षिण एसियामा उच्च रक्तचापको समस्या तीव्रतर बढ्दो छ, जसले विभिन्न स्वास्थ्य समस्या बढाएको छ', भारतस्थित एस्कोर्ट हार्ट इन्स्टिच्युटका कन्सल्टेन्ट कार्डियोलोजिस्ट डा. रवि रतन कास्लिवाल भन्छन्, 'यसलाई व्यवस्थापन गरिएन भने यसले अन्य रोग निम्त्याउने निश्चित छ।' नर्भिक अस्पतालद्वारा गत साता राजधानीमा आयोजित 'स्वस्थ्य मुटुका लागि मन्त्र' कार्यशालामा बोल्दै डा. कास्लिवालले जोड दिँदै भने, 'उच्च रक्तचापबाट जोगिन हामीले खानपिन र शारीरिक अभ्याससमामा ध्यान दिनै पर्छ।'

विशेषज्ञहरूका अनुसार उच्च रक्तचापको सही औषधी उपचार भएन भने यसले मुटुका विभिन्न रोग निम्त्याउने त निश्चित छ। यसकै कारणबाट 'ब्रेन ह्याम्रेज', अन्धोपन तथा मृगौलासम्बन्धी रोगहरू पनि उब्जिएका छन्। यसबाट पीडित हुने नेपालीको संख्या दिनहुँ बढ्दो छ, तर यसबारे जनचेतना भने शून्य छ।

'उच्च रक्तचापले आँखामा असर गर्छ', तीलगंगा आँखा केन्द्रका 'रेटिना' विशेषज्ञ डा. गोविन्द पौडेल भन्छन्, 'उच्च रक्तचापले साधरणतया आँखाको रेटिनामा असर गर्छ र यसले दृष्टि कमजोर गराउने

**विशेषज्ञहरूका अनुसार उच्च रक्तचापको सही औषधी उपचार भएन भने यसले मुटुका विभिन्न रोग निम्त्याउने त निश्चित छ। यसकै कारणबाट 'ब्रेन ह्याम्रेज', अन्धोपन तथा मृगौलासम्बन्धी रोगहरू पनि उब्जिएका छन्। यसबाट पीडित हुने नेपालीको संख्या दिनहुँ बढ्दो छ, तर यसबारे जनचेतना भने शून्य छ।**



तथा अन्धोपन समेत निम्त्याउँछ ।' उच्च रक्तचापका कारण आँखाको समस्या भोगेका नेपालीहरू उलेख्य रहेको डा. पौडेल बताउँछन् । उनी भन्छन्, 'उच्च रक्तचापले जसरी हार्ट अट्याक हुन्छ, त्यसरी नै यसले आँखाको रेटिनामा पनि झट्का दिन्छ र यसबाट अन्धोपन निम्तिन्छ ।'

'रेटिना' सुन्निएको छ र त्यहाँ रक्तश्राव भएको छ भने यसको कारण उच्च रक्तचाप हुनु हो । नेत्र विशेषज्ञका अनुसार उच्च रक्तचापका कारण 'आर्टरी अक्लुजन' भयो भने विरामीको आँखाको ज्योति एक्कासि गुम्छ र यसको उपचार असम्भव छ । 'भेन अक्लुजन' भएको छ भने यसबाट जलबिन्दु लगाउतका आँखाको अन्य समस्या उत्पन्न हुने सम्भावना रहन्छ र यसको उपचार पनि उपलब्ध छ । डा. पौडेल भन्छन्, 'त्यसैले उच्च रक्तचापका विरामीले नियमित आँखा देखाइराख्नु जरुरी छ ।'

त्यसैगरी उच्च रक्तचापले निम्त्याउने अर्को जटिल रोग भनेको मृगौलासम्बन्धी रोग पनि हो । मृगौला रोगको उपचार एकदमै जटिल र खर्चिलो छ । 'उच्च रक्तचापलाई नियन्त्रण गर्न सकिएन भने मृगौलासम्बन्धी रोगका समस्या आउने सम्भावना पनि धेरै छ', राष्ट्रिय मृगौला केन्द्रका निर्देशक डा. ऋषिकुमार काफ्ले भन्छन्, 'कतिपय अवस्थामा मृगौला रोगका कारणले पनि उच्चरक्तचापको समस्या आउन सक्छ ।' उनका अनुसार यदि ३० वर्षभन्दा मुनिका व्यक्तिमा उच्च रक्तचाप देखियो भने मृगौला रोग हुन सक्ने सम्भावना पनि त्यत्तिकै छ । नेपालमा बर्सेनि २ हजार ५ सयको हाराहारीमा मृगौलासम्बन्धी रोगबाट पीडित हुनेको संख्या थपिने अनुमान गरिएको छ । 'उच्च रक्तचाप र मृगौलाको सम्बन्ध जोडिएको छ', डा. काफ्ले भन्छन्, 'यदि उच्च रक्तचापलाई व्यवस्थापन गर्न सकियो भने मृगौलारोगबाट बच्ने सम्भावना पनि उचो रहन्छ ।'

चिकित्सकका अनुसार 'स्वस्थ बानी' अपनायो भने उच्च रक्तचापबाट उब्जिने रोगबाट पनि सजिलै जोगिन सकिन्छ । त्यसैले उच्च रक्तचापलाई 'मोडिफाइड रिस्क फ्याक्टर' रुपमा चिकित्सकहरूले लिन्छन् । डा. केसी भन्छन्, 'यस समस्याबाट व्यक्ति आफैंले चाहृयो भने बच्न सक्छ ।'

'स्वस्थ बानी'मा के के पर्छन् त ? चिल्लो, नुनिलो खान अनि मासुको साटो अन्य खानेकुरामा जोड दिने, शरीरको वजन घटाउने, शारीरिक अभ्यास नियमित गर्ने, तनाव कम गर्ने, धुम्रपान नगर्ने, क्याफिन भएको पदार्थ कम खाने, 'अल्कोहल' सेवन नगर्ने - गरे पनि एकदमै कम मात्रामा कहिलेकाहीँ मात्र गर्ने आदि रहेका छन् ।

उच्च रक्तचापको उपचार नियमित हुनु पर्नेमा चिकित्सकहरू जोड दिन्छन्, तर उच्च रक्तचापका विरामीहरूले विभिन्न कारणले यसको उपचार गरेका पाईंदैन । 'उच्च रक्तचापबारे जनचेतनाको कमी र आर्थिक अभावका कारणले पनि उनीहरू चिकित्सकसम्म आइपुग्दैनन्', डा. केसी आफ्नो अनुभव सुनाउँछन्, 'त्यसैगरी शिक्षित र चेतनशील व्यक्तिहरूमा पनि उच्च रक्तचापका औषधीको प्रयोगले शरीरमा नकारात्मक असर गर्छ भन्ने गलत व्याख्या भएको पाइन्छ ।' उच्च रक्तचापको औषधी एकपटक सेवन गरेपछि जिन्दगीभर लिनु पर्छ भन्ने भ्रम विरामी र उनीहरूका आफन्तमा रहेको पाइन्छ, जसले गर्दा उनीहरू औषधी नलिई यसबाट झनै पीडित बनेका छन् ।

तर विशेषज्ञ चिकित्सकको सल्लाहमा औषधीको मात्रा जति अवधिका लागि लिनु पर्ने हो, त्यो भएमा उच्च रक्तचापबाट बच्न सकिन्छ । उच्च रक्तचापको औषधी मुटुरोग विशेषज्ञले सिफारिस गरेको आधारमा लिए यसका असरहरूबारे जानकारी प्राप्त गर्न सकिन्छ र विरामीले आफूलाई स्वस्थ राख्न सक्छ ।

विशेषज्ञको सल्लाह यस कारणले पनि आवश्यक छ किनकि उच्च रक्तचापका लागि अनुसन्धानबाट प्रयोग लागि प्रतिबन्धित मानिएका औषधीहरूको समेत प्रयोग हुने गरेका छन् । त्यसैगरी उच्च रक्तचापसँग सम्बन्धित औषधीहरू विशेषज्ञको सल्लाहविना लिएमा यसको खाने मात्रा, अवधिबारे जानकारी नभए विरामीहरू औषधीको गलत उपयोगका मारमा पर्छन्, जसबाट स्वास्थ्यमा प्रतिकूल असर पर्छ ।

उदाहरणका लागि उच्च रक्तचाप धेरै नै बढेको र अन्य औषधीले काम नगरेको अवस्थामा प्रयोग हुने 'डायुरेटिक्स' समूहअन्तर्गत पर्ने औषधीलाई अन्य औषधीसँग प्रयोग गरिन्छ । यसका असरहरू धेरै छन् । यी औषधीको सेवनले पिसाबको मात्रा र मधुमेहका विरामीहरूमा चिनीको मात्रा बढाउँछ । साथै यसको प्रयोगबाट शरीरमा 'कोलेस्ट्रोल' र 'युरिक एसिड' पनि बढ्छ ।

नेपालमा उच्च रक्तचापका विरामीहरूमाझ व्यापक प्रयोग हुने औषधीको समूहमा 'क्याल्सियम च्यानल ब्लकर्स' पर्छन् । यसअन्तर्गत निपेडेपिन औषधी नेपालमा बढी प्रयोग हुन्छ । यो औषधी उच्च रक्तचापको उपचारमा जति प्रभावकारी छ त्यति नै यसले स्वास्थ्यमा प्रतिकूल असर पनि गर्छ । अनुसन्धानका अनुसार यसको सेवनले रक्तचाप स्वात्तै घट्छ, तर लामो समयसम्म उच्च रक्तचापको उपचारमा यो औषधी सेवनले हुने मृत्यु औषधी सेवन नगर्ने मानिसहरूको भन्दा पनि बढी पाइएको छ ।

त्यसैगरी 'एस इन्हिबिटर्स'अन्तर्गतको औषधीको प्रयोगबाट उच्च रक्तचापका विरामीमा हुने मृगौला बिग्रनबाट बचाउन सकिन्छ । ■


तेज बस्नेत

# अन्तर्राष्ट्रियस्तरको बैंकिङ सेवा




**ग्लोबल बैंकले** मुख्य शाखा कार्यालयमार्फत काठमाडौंमा बैंकिङ कारोवार सुरु गरेको छ। अर्थमन्त्री डा. रामशरण महतले यसै साता उक्त बैंकको कर्पोरेट तथा मुख्य शाखा कार्यालयको राजधानीमा उद्घाटन गरेका थिए। उक्त अवसरमा बोल्दै अर्थमन्त्री महतले विश्व प्रतिस्पर्धामा टिक्न बैंकलाई अन्तर्राष्ट्रियस्तरको सेवा प्रदायक बैंकका रुपमा अगाडि बढाउन आग्रह गरेका छन्। विश्व व्यापार संगठन (डब्लुटिओ) सदस्यका रुपमा नेपालले सन् २०१० देखि अन्तर्राष्ट्रिय बैंकलाई खुला गरेको छ। अन्तर्राष्ट्रिय बैंकसँग प्रतिस्पर्धा क्षमता बढाउन नेपाली बैंकले परम्परागत शैली त्याग्न सुझाव विज्ञहरूले दिँदै आएका छन्। द्वन्द्वको समयमा गाउँको बचत सहरी विकासमा लगानी हुँदै आएको पृष्ठभूमि औंल्याउँदै अर्थमन्त्री महतले अब ग्रामीण क्षेत्रमा लगानी केन्द्रित हुनु पर्ने आवश्यकता औंल्याएका छन्। 'अब आर्थिक मुद्दालाई हामीले केन्द्रमा राख्नु पर्छ', महतले भने, 'जनताको जीवनस्तरमा आमूल परिवर्तन गर्न सकिएन भने भोलि अर्को तानाशाहले मुलुकलाई डोऱ्याउन सक्छ।' सरकार, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा आर्थिक विकासका साझा मुद्दा तय गर्नु आवश्यक रहेको धारणा पनि उनले राखेका छन्।

नेपाल राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईले वित्तीय सुशासन कायम हुन नसक्नु नै अहिलेको मुख्य चुनौती बताएका छन्। सर्वसाधारणको निक्षेपलाई बैंक संचालकहरूले आफ्नो व्यक्तिगत सम्पत्तिका रुपमा दुरुपयोग गर्दै आएकोप्रति आलोचना गर्दै उनले नियतवश ऋण नतिर्नेहरूमाथि कारबाही हुनै पर्ने आग्रह दोहोऱ्याएका छन्।

बैंकका अध्यक्ष चन्द्रप्रकाश ढकालले आफ्नो बैंकले वित्तीय सुशासनलाई मुख्य प्राथमिकता दिने बताएका छन्। 'संस्थागत सुशासनको कमी' वित्तीय क्षेत्रको समस्या औंल्याउँदै उनले भने, 'ग्लोबल बैंकमा यसको अभाव महसुस हुनेछैन।' खराब ऋण बढ्न सक्नेतर्फ समयमै सचेत रहँदै सर्वसाधारण निक्षेपकर्ताको हितलाई मुख्य ध्यान दिइने प्रतिबद्धता पनि उनले जनाएका छन्। आधुनिक बैंकिङ प्रणालीको सेवा बैंकका सबै शाखामा विस्तार गरिने पनि उनले बताएका छन्। बैंकले निकट भविष्यमा नगरोन्मुख गाउँहरूमा शाखा विस्तारको योजना बनाएको छ। बैंकका मुख्य कार्यकारी अधिकृत सुमन न्यौपानेले 'माग र आवश्यकताअनुसार स्थानीय तहमा बैंकिङ सेवा उपलब्ध गराइने जानकारी दिएका छन्। ग्राहकलाई विशिष्ट सेवा र सामाजिक उत्तरदायित्वप्रति पनि बैंक उत्तिकै सचेत रहने प्रतिबद्धता संचालकहरूले व्यक्त गरेका छन्। उद्घाटन समारोहमा अर्थशास्त्री एवं सांसद डा. मीनेन्द्र रिजाल र माओवादी नेता दीनानाथ शर्माले राजनीतिक रुपमा लगानीको वातावरण बनाइने बताएका छन्।

# एलजीको टाइम

**एलजी इलेक्ट्रोनिक्सले** एलजी टाइम मेसिन बजारमा ल्याएको छ। टेलिभिजनमा जडित उक्त मेसिनको माध्यमबाट टिभीमा प्रसारण गरिने कार्यक्रम रेकर्ड गरी चाहेको बेला हेर्न सकिन्छ। ३३ घन्टा रेकर्ड क्षमता रहेको यो मेसिनको ८० गेगावाइटको हार्डडिस्क मेमोरी रहेको छ। विज्ञप्तिका अनुसार यो मेसिनमा एकै साथ रेकर्ड, पुनः प्रदर्शन र रिसेट गर्न सकिने सुविधा छन्।

# सानिमा बैंकको उच्च मुनाफा

**सानिमा विकास** वित्तीय संस्था लिमिटेडले चालू आर्थिक वर्षमा ८७ लाख ८६ हजार रुपैयाँ खुद मुनाफा गरेको छ। यसै साता राजधानीमा सम्पन्न दोस्रो साधारणसभाको अवसरमा बैंकले उक्त जानकारी दिएको हो। यो मुनाफा गत वर्षको तुलनामा तीन हजार प्रतिशतभन्दा बढी हो। बैंकले यो अवधिमा ७४ करोड ९९ लाख रुपैयाँ निक्षेप संकलन गरेको छ भने ७ करोड ५१ लाख रुपैयाँ कर्जा लगानी गरेको छ। गत वर्षको तुलनामा यो उल्लेख्य मात्रामा बढी रहेको छ। बैंकले निष्क्रिय कर्जा शून्य प्रतिशत रहेको जानकारी दिएको छ।

साधारणसभामा दिइएको जानकारीअनुसार बैंकले शाखा विस्तार गर्नेछ। ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्नेतर्फ ध्यान केन्द्रित गरिने प्रतिबद्धता संचालकहरूले व्यक्त गरेका छन्।

# सूर्य नेपालको आफ्नै कारखाना




**सूर्य नेपाल** प्रालिले विराटनगरमा आफ्नै कारखाना निर्माण गर्ने भएको छ। कम्पनीद्वारा यसै साता राजधानीमा आयोजित पत्रकार सम्मेलनमा प्रबन्ध निर्देशक हर्षमाधव धरले कारखाना निर्माणको प्रक्रिया सुरु भइसकेको जानकारी दिएका छन्। गत महिना सम्पन्न कम्पनीको साधारणसभामा कम्पनीका अध्यक्ष एवं निर्देशक अनुप सिंहले सेयरधनीहरूलाई यसबारे जानकारी गराएका थिए।

नयाँ कारखाना स्थापनाका लागि प्रारम्भिक चरणमा करिब २५ करोड रुपैयाँ लाग्ने अनुमान गरिएको छ। कारखाना निर्माणका लागि सूर्य नेपालले धरान मार्ग, विराटनगरस्थित करिब १० एकड जमिन खरीद गरिसकेको बताएको छ। प्रथम चरणका लागि मुख्य कन्सल्ट्यान्ट र डिजाइनर एमआरबी एन्ड एसोसिएट्स, काठमाडौं तथा ठेकेदार ढोलका निर्माण कम्पनी, विराटनगर रहेका छन्। यस कारखानामा पहिलो चरणअन्तर्गत दैनिक दुई सत्रमा १२ सय थान पाइन्ट र ७ हजार थान सर्ट उत्पादन गर्न सक्ने क्षमताका विश्वस्तरीय पूर्वाधारहरू एवं उपकरण जडान गरिनेछन्। कारखाना कुल १-१ हजार वर्ग फिट क्षेत्रफलमा निर्माण हुनेछ र जसमा कारखाना भवन, उत्पादन भवन, क्यान्टिन, कामदारहरू रहने स्थान, कार्यालय र प्रशासनिक भवन रहनेछन्।

# हिमालयन बैंकको विशेष कर्जा

**हिमालयन बैंकले** विश्व बैंकसँग आबद्ध संस्था एवं अन्तर्राष्ट्रिय फाइनान्सहरूसँगको सहकार्यमा साना तथा मझौला व्यवसाय लक्षित विशेष कर्जा कार्यक्रम सुरु गर्ने भएको छ। बैंकको हालै सम्पन्न चौधौं वार्षिक साधारणसभामा बैंकका अध्यक्ष मनोजबहादुर श्रेष्ठले उक्त जानकारी दिएका हुन्। आधुनिक बैंकिङ कारोवारको अग्रणी यस बैंकले कम्तीमा १० शाखामा एटिएम सेवा विस्तार गर्ने, भिसा डेबिट कार्ड र मास्टर कार्ड जारी गर्ने एवं यसको प्वाइन्ट अफ सेल्स टर्मिनल विस्तार गर्ने जनाएको छ। बैंकले प्रयोगमा ल्याएको ग्लोबस सफ्टवेयरलाई सबै शाखाहरूमा आबद्ध गरी जुनसुकै शाखाबाट कारोवार गर्न सकिने बनाइनेछ। अध्यक्ष श्रेष्ठका अनुसार यो वर्ष बैंकले ६८ करोड ४० लाख ९२ हजार रुपैयाँ संचालन मुनाफा र ४५ करोड ७४ लाख ५७ हजार खुद मुनाफा आर्जन गरेको छ। खुद मुनाफामध्येबाट सेयरधनीलाई चुक्ता पुँजीको ५ प्रतिशत बोनस सेयर र ३० प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरिएको छ। बैंकको कुल निक्षेप २६ अर्ब ४९ करोड र कर्जा लगानी १५ अर्ब ७६ करोड रुपैयाँ छ।



# घाम ताप्नेमात्र ?

■ नवीन अर्याल/विराटनगर (तस्बिर पनि)

**नेपाली खेलकुदमा** पूर्वाञ्चलको विशेष महत्त्व छ। यो क्षेत्रबाट राष्ट्रियस्तरमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा सफलता चुम्ने थुप्रै खेलाडी छन्। खेलाडी उत्पादनको दृष्टिकोणले ८० को दशकको अन्त्यतिर पूर्वाञ्चल नेपाली खेलकुदकै अग्रणी मानिन्थ्यो। हाल पूर्वाञ्चलको स्थिति दिनप्रतिदिन दयनीय बन्दै गइरहेको छ।

हुन त राष्ट्रकै खेल गतिविधि शून्य बन्दै गइरहेको अवस्थामा पूर्वाञ्चलको खेल गतिविधि शून्य हुनुलाई यहाँका खेल विशेषज्ञले अनौठो मानेका छैनन्। देशको शासन व्यवस्थामै आमूल परिवर्तन हुँदा र लोकतन्त्र बहालीपश्चात् पनि खेल क्षेत्र उपेक्षित हुनुलाई भने उनीहरूले दुःखद पक्ष बताएका छन्।

यसअघि लोकतन्त्रबहालीसँगै पुर्वेली खेलप्रेमीहरूले पूर्वाञ्चलमा खेल गतिविधि बढ्ने आशा गरेका थिए। लोकतन्त्र स्थापना भएको नौ महिना बितिसक्दा पूर्वाञ्चलको खेल गतिविधि पूर्णरुपले ठप्प मात्र छैन, पूर्वाञ्चलमा खेल गतिविधि सञ्चालनका लागि खटिएका प्रशिक्षकहरू अहिले घाम तापेर बस्न बाध्य छन्। क्रिकेट र फुटबल छोडेर पूर्वाञ्चलमा अन्य खेलको उपस्थितिको कुरा गर्ने हो भने राष्ट्रिय खेलकुद परिषद्मा आबद्ध ५२ वटा राष्ट्रिय संघहरूको औचित्य विस्तारै समाप्त हुँदै गइरहेको छ। पूर्वाञ्चलमा हाल विभिन्न खेलका गरी २८ प्रशिक्षक कार्यरत छन्। उनीहरू प्रशिक्षण दिने सामग्रीको अभाव, प्रतियोगिताको अभाव र जिल्ला खेलकुद विकास समितिका पदाधिकारीहरूसँग समन्वयको अभावका कारण यति बेला कामभन्दा योजना बुनेर बस्न बाध्य छन्।

'अवस्था ज्यूँका त्यूँ रहिरहने हो भने केही वर्षभित्र रंगशाला र कभर्ड हल खण्डहरमा परिणत हुनेछन्। लालटिन बालेर खेलाडी खोज्नु पर्नेछ', क्षेत्रीय खेलकुद संघको अध्यक्ष रहिसकेका राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य सुधीर अर्ज्याल भन्छन्। २०५९ सालमा राजदरबार हत्याकाण्डभन्दा एक दिनपछाडि काठमाडौंमा सुरु हुन लागेको बृहत् पाँचौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनोट गर्ने उद्देश्यले त्यति बेला क्षेत्रीय प्रतियोगिता आयोजना भएयता पूर्वाञ्चलमा हालसम्म कुनै पनि ठूलो प्रतियोगिता हुन सकेको छैन। 'नवौं र दसौं दक्षिण एसियाली खेलकुद प्रतियोगिताका लागि खेलाडी छनोट भए पनि त्यो सीमित खेलको मात्र थियो', विगत चार वर्षदेखि पूर्वाञ्चलमा बृहत् खेल महोत्सवको आयोजना नभएको बताउँदै ह्यान्डबल प्रशिक्षक भैरव क्षेत्री भन्छन्। कुनै बेला नेपालमा लोकप्रिय रहेको ह्यान्डबल अहिले संघको रुपमा मात्र राष्ट्रिय खेलकुद परिषद्मा दर्ता छ। यस खेलको गतिविधि लामो समयदेखि ठप्प छ।

जिल्लामा खेल गतिविधि नहुँदा यहाँ कार्यरत प्रशिक्षकहरूको दिनचर्या नै बनिसकेको छ, बिहान कार्यालय जाने, हाजिर गर्ने र घाम ताप्ने। 'जिल्लामा खेल गतिविधि सञ्चालन गर्न जिल्ला खेलकुद विकास समितिले पहल गर्नु पर्ने हो, समिति नै सुतेर बसेको छ', जिल्लामा खेल गतिविधि ठप्प हुनुमा प्रशिक्षक सुतेर बसेको आरोपको खण्डन गर्दै कराँतेका सहायक प्रशिक्षक विमल पोखरेल भन्छन्, 'कि खेल गतिविधि सञ्चालन गर्ने जिम्मा हामीलाई दिनु पर्‍यो, होइन भने जिम्मा लिएर बसेकाहरूले जिल्लामा खेल गतिविधि सञ्चालन गर्न कम्मर कस्नु पर्‍यो।'

सन् १९९९ मा काठमाडौंमा भएको आठौं दक्षिण एसियाली खेलकुद प्रतियोगिताका लागि जिल्लामा अन्तिमपटक खेल सामग्री भित्रिएको थियो। तर, त्यसपछि खेल गतिविधि सञ्चालनका लागि आवश्यक पर्ने कुनै सामग्री जिल्ला नआएको प्रशिक्षकहरू बताउँछन्। 'सात वर्षअघि खेल गतिविधिका लागि राष्ट्रिय खेलकुद परिषद्ले सामान पठाएको थियो', ब्याडमिन्टन प्रशिक्षक उत्तम सिम्खडा बताउँछन्, 'त्यसपछि जिल्लामा समान आएको हामीलाई थाहा छैन।'

मोरङ जिल्ला खेलकुद विकास समितिले पनि खेल सञ्चालनका लागि २०५६ सालदेखि राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त हुँदै आइरहेको रकम विगत केही वर्षदेखि आउन छाडेको बताएको छ। हाल समितिमा प्राविधिक र प्रशासन गरेर ४२ कर्मचारी कार्यरत छन्, जसको काम घाम ताप्ने मात्र रहेको छ। विगत चार वर्षदेखि खेलकुद गतिविधि ठप्प रहेको यस ठाउँमा राष्ट्रिय खेलकुद परिषद्ले फागुन १ गते थप दुई कर्मचारी काजमा पठाएको थियो, जो अन्य कर्मचारीसँगै घाम तापेर बसिरहेका छन्। त्यसमा पनि परिषद्ले थप एकजनालाई करारमा नियुक्त गरेको छ।

लोकतन्त्र प्राप्तिपश्चात् क्षेत्रीय अवधारणा लागू हुनु पर्नेमा अझै त्यो लागू नभइसकेका कारण क्षेत्रीय खेलकुदका थप १० कर्मचारी जिल्लामै हाजिर बुझाउन बाध्य छन्। जागिर जोगाउन विराटनगरमा हाजिर गरेर घाम ताप्दै बसिरहेका यी कर्मचारीहरूको बेग्लै गुनासो छ। कतिपय अफिसर लेभलका कर्मचारीहरू आफूभन्दा जुनियर कर्मचारीको मुनि बसेर काम गर्न बाध्य छन्। उनीहरूलाई बस्न खेलकुद समितिमा कुर्सी पनि छैन। 'हामीलाई काम, कर्तव्य र अधिकार केही दिइएको छैन', क्षेत्रीय लेखापाल टंक कट्टेल भन्छन्।

जिल्ला खेलकुद विकास समितिको अध्यक्षमा सिडियो रहने व्यवस्थाले पनि जिल्लाको खेल गतिविधि खुम्च्याएको विशेषज्ञहरूको भनाइ छ। शाही शासनकालमा पूर्व सदस्य-सचिव किशोरबहादुर सिंहको यो निर्णयबाट असन्तुष्ट हुँदै सुधीर अर्ज्यालले राजीनामा दिएका थिए। 'मेरो अझै पनि यही अडान छ। उहाँहरूबाट खेलकुदले सहयोग लिने हो। जिम्मेवारी दिने होइन', अर्ज्याल थप्छन्।

जिल्लाको खेलकुद यथास्थितिमा चल्न नसक्ने निष्कर्ष निकाल्दै कात्तिक महिनाको अन्ततिर जिल्लाका प्रशिक्षकहरू मिलेर मोरङ जिल्ला खेलकुद व्यवस्थापन कर्मचारी समिति गठन गरेका समितिका सचिव हक्कीका सहायक प्रशिक्षक रञ्जन थापा जिल्लाको आर्थिक स्रोतले नै वर्षमा ४-५ वटा बृहत् प्रतियोगिता आयोजना गर्न पुग्ने बताउँछन्। उनी






विभिन्न प्रायोजक र रंगशाला भाडामा लगाएवापत जिल्ला खेलकुद विकास समितिले राम्रो कमाइ गरे पनि त्यो रकम खेल गतिविधिमा सदुपयोग नभएको दाबी गर्छन्। 'हामी जिल्लामा विभिन्न खेलका गरेर २८ प्रशिक्षक छौं, तर अहिलेसम्म हामीलाई थाहा छैन रंगशाला भाडामा दिएवापत र विभिन्न प्रायोजकबाट कति रकम उठ्छ', उनी भन्छन्। उनको दाबी छ, खेलकुदको आन्तरिक स्रोत, होडिङ बोर्ड र खेलमैदान भाडाबाट मात्र वार्षिक १ देखि डेढ लाख रुपैयाँ उठ्ने गर्छ।

यस विषयमा जिल्ला खेलकुद विकास समितिले खुलेर बताउन चाहेन। समितिका लेखापाल गायत्रा भट्टराईले मौखिकरुपमा विभिन्न स्रोतबाट वार्षिक ५० हजारभन्दा बढी रकम उठने बताइन्।

जिल्ला खेलकुद व्यवस्थापन समितिका अध्यक्ष फुटबल प्रशिक्षक सन्तोष बानिया मोरङ जिल्लामा थुप्रै औद्योगिक प्रतिष्ठान भएका कारण राम्रो समन्वय बनाउने हो भने खेलकुदका लागि दसौं लाखभन्दा बढी रकम संकलन गर्न सकिने र त्यसबाट पूर्वाञ्चलको खेल गतिविधि सजिलै सञ्चालन हुने औंल्याउँदै भन्छन्, 'तर, त्यसको लागि खै गृहकार्य ?'

## रंगशाला 'डेटिङ स्पट'

कुनै बेला पुर्वेली खेलाडीहरूका लागि सीप तिखार्ने स्थान बनेको विराटनगरको सहिद रंगशाला अहिले प्रेम गर्ने जोडीहरूका लागि आदर्शस्थलको रुपमा चिनिंदै छ। विगत चार वर्षदेखि सहिद रंगशालामा खेल गतिविधि ठप्प भएपछि विराटनगरमा प्रेम गर्न उपयुक्त स्थलको खोजीमा रहेका जोडीहरूका लागि सहिद रंगशाला उपयुक्त थलोको रुपमा विकसित हुँदै छ।

'खेल गतिविधिका लागि भन्दा पनि हामीले रंगशालालाई 'डेटिङ स्पट'को रुपमा विकसित गऱ्यो भने यसबाट राम्रै आम्दानी होला', मोरङ जिल्ला खेलकुद व्यवस्थापन कर्मचारी समितिका सचिव हक्की प्रशिक्षक रञ्जन थापा व्यंग्य गर्दै भन्छन्।

विराटनगरमा हुने त्रिभुवन गोल्डकपको तयारीका लागि करिब तीन वर्षअघि 'ड्रिलिङ' निर्माण गरेर व्यवस्थितरुपले तयार पारिएको विराटनगरको एकमात्र सहिद रंगशाला शाही शासनकालमा राजाको स्वागतका लागि 'हेलिप्याड'मा परिणत भएको थियो। त्यसयता यो रंगशाला विभिन्न सांस्कृतिक कार्यक्रम र महोत्सवस्थलको रुपमा परिणत हुँदै आइरहेको छ। कुनै बेला विदेशी खेलाडीहरूकै लागि आदर्श मैदानको रुपमा परिचय पाएको सहिद रंगशाला अहिले फितलो व्यवस्थापनका कारण अव्यवस्थित बन्न पुगेको हो। यहाँ अहिले दिउँसै प्रेमालाप गरिरहेका जोडीहरू प्रशस्त देख्न सकिन्छ। 'के गर्ने खेल गतिविधि केही छैन। यही गतिविधि हेरेर दिन कटाउनु परेको छ', थापा भन्छन्।

यसैगरी आधुनिक रंगशाला निर्माणका लागि विराटनगरदेखि उत्तरपूर्वमा पर्ने झापा वेजनाथपुर गाविसमा खरिद गरिएको १५ बिघा जग्गा पनि अहिले लथालिंग अवस्थामा छ। २०५८ सालमा क्षेत्रीय अध्यक्ष हुँदा राखेपका पूर्व सदस्य सुधीर अर्ज्यालको संयोजकत्वमा एक समिति गठन गरी ८० लाख रुपैयाँमा उक्त जग्गा खरिद गरिएको थियो। रंगशाला निर्माणका लागि कोषमा अहिले पनि २० लाख रुपैयाँ रहेको अर्ज्याल बताउँछन्। उक्त जग्गामा आधुनिक रंगशाला निर्माण गर्ने सम्बन्धमा ठोस काम हुन सकेको छैन। यो जग्गा अहिले गौचरणको रुपमा परिणत भएको छ।

## आन्दोलनमा पूर्व

आफूलाई माओवादी निकट भन्दै प्रचार-प्रसार गर्दै आइरहेको राष्ट्रिय गणतान्त्रिक खेलकुद संगठनले एक साताअघि राष्ट्रिय खेलकुद परिषद्मा आफैंले लगाएको ताला खोल्ने निर्णय गरे पनि मोरङ जिल्ला खेलकुद व्यवस्थापन कर्मचारी समितिले संघर्षका थप कार्यक्रम सार्वजनिक गर्दै आन्दोलन यथावत् राख्ने बताएको छ। कर्मचारी बढुवाको निर्णयलाई मुद्दा बनाउँदै कर्मचारी समितिले गत साता विराटनगरको कभर्ड हल र जिल्ला खेलकुद विकास समितिको कार्यालयमा तालाबन्दी गरेको थियो।

गत साता परिषद्ले २ सय १ जना कर्मचारीलाई बढुवा गर्ने गरेको निर्णय पारदर्शी नभएको र मनोमानी ढंगले बढुवा गरेको आरोप लगाउँदै गणतान्त्रिक खेलकुद संगठनले काठमाडौंको त्रिपुरेश्वस्थित राष्ट्रिय खेलकुद परिषद्को मूल ढोकामा तालाबन्दी गरेको थियो। बढुवा स्वेच्छाचारी ढंगले भएको भन्दै विराटनगरमा पनि खेलकुद व्यवस्थापन कर्मचारी समितिले विरोध जनाएको थियो। गणतान्त्रिक खेलकुद संगठनले परिषद्सँग यस विषयमा वार्ता गर्दै यसै सोमवार विवाद टुंग्याएको थियो। कर्मचारी समितिले आफूहरू माओवादी नभएको र आफ्नो माग विशुद्ध खेल गतिविधिसँग सम्बन्धित भएको बताएको छ। 'माओवादीले के गर्छ, त्यो हाम्रो सरोकार हैन। कर्मचारी बढुवामा धाँधली भयो। केन्द्रीकृत भयो। दक्षताको आधारमा भएन र जिल्लालाई हेप्ने पुरानै प्रवृत्ति हावी भयो भन्ने हाम्रो गुनासो हो', पूर्वाञ्चल संघर्ष समितिका सदस्य भैरव क्षेत्रीले *समय*सँग भने।

यस विषयमा परिषद्सँग वार्ता गर्न क्षेत्रीय लेखापाल टंक कट्टेललाई काठमाडौं पठाइएको बताउँदै क्षेत्रीले भने, 'कर्मचारी बढुवाको विषयमा कर्मचारी संघले खुट्टा कमायो। त्यसैले हामीले आन्दोलन छेड्नु पऱ्यो।' यता खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठले भने यी सबै समस्या वार्ताबाट हल गर्न आफू तयार रहेको बताएका छन्। 'सबै कुरा वार्ताबाट सुल्झाउन सकिन्छ', उनले *समय*लाई भने।

बढुवामा धाँधली भएको विषयलाई लिएर यसै साता विराटनगरमा सदस्य-सचिव जीवनराम श्रेष्ठ लगायत तालिम तथा प्रशिक्षण विभाग निर्देशक पार्थसारथी सेनगुप्ता, कराँतेका मुख्य प्रशिक्षक थानेश्वर राई र टेबल टेनिसका मुख्य प्रशिक्षक आरआर जोशीको पुतला जलाइएको थियो। ■

# युद्धका घाउहरूको बयान

*हैजा फैलिएर बर्सेनि*
*हुम्लाहरू हाहाकार हुँदा*
*राजधानी अस्वस्थ भएन*
*अनिकाल परेर प्रत्येक साल*
*जुम्लाहरू धरधरी रुँदा*
*राजधानी पटक्कै रोएन...*
*(राजधानी र मोफसल)*




**क्षेत्रप्रताप अधिकारी** नेपाली साहित्यमा नौलो नाम होइन । समसामयिक कसिला शब्दहरूको प्रभावले पनि होला, उनको एउटा कविताले मात्र एक पेजभरिको समाचार बोल्छ । कवि अधिकारीले ८४ पेजको कसिलो समाचारलाई सार्वजनिक गरेका छन्, 'युद्धका छायाँहरू' नामक कविता संग्रहमार्फत । किताबभित्र ८४ वटा कविता समेटिएका छन् र प्रत्येक कविताभित्र गहकिलो र खोजपूर्ण समाचार बोलेको छ, कविताको शैलीमा ।

'युद्धका छायाँहरू'भित्रको प्रत्येक कविताहरूमा कर्णाली रोएको छ, भेरी रोएको छ, सेती रोएको छ, ११ वर्षे युद्धका क्रममा कमै नेपालीहरू पीडावाट वञ्चित हुनु पऱ्यो । ती हरेकका आशा रोएका छन्, सपनाहरू रोएका छन् ।

लगातार ११ वर्षसम्म हरेक राति दुई करोड नेपालीको जीवन भयभीत र आतंकित भूत भएर बित्यो । जीवनमा कहिल्यै नसोचेको घाउको सामना गरे जनताका छोराले । कति ठाउँमा सरकार भनाउँदो जनताको निरीह अनुहार चुपचाप नाबालक जस्तै हेरिरहयो । युद्ध अवधिभर धेरै आमाहरूले घरमा जमरा राख्ने दुस्प्रयास गरेनन् । हराएका छोराहरूको खोजीमा निस्केका बाबुहरूका लावारिस लास भेटिए बाटोमा । तैपनि सबै चुपचाप भए । युद्धका यिनै छायाँहरू समेटेका छन् कवि क्षेत्रप्रताप अधिकारीले युद्धका छायाँहरू कविता संग्रहभित्र ।

युद्ध अवधिभर धेरै स्रष्टाहरूको कलम रगतको मसी पिएर कुद्यो । विरामी परेका बाबुआमाहरू हरेक दिन उडिरहेका परेवाहरूसित शान्तिको खबर साटिरहे । रगतको रङमा एक दशकसम्म मेची महाकाली रुमल्लिए । कतिको वास अहिले पनि अँध्यारोमै छ । युद्धका घाउहरूलाई समेट्न थाल्ने हो भने अर्को एक दशक लाग्नेछ । तैपनि कवि अधिकारीले आफ्ना ८४ वटा कवितामार्फत युद्धकालीन मुलुकको तस्बिर देखाएका छन्, युद्धकालीन समयलाई कवितात्मक शैलीमा समेटेर ।

*विरामी देश, कृष्णभीर भत्केर त्रिशूली बग्छ*
*हामी रमितेहरू छाल गनिरहेछौं*
*लुम्बिनीमाथि प्रशान्त आकाशमा*
*हिंसाको वर्षा पानीभन्दा अधिक*
*आसु वर्षिरहेछ*
*राम्रो भयो थिन्लेको क्याराभान*
*ओस्कार पुग्यो रे*
*नुन ले'र आएन, डोल्पा अलिनै छ ....(विडम्बनाहरू)*

■ **ज्योति देवकोटा**

# सक्रिय सन्देश

**'म प्रचारभन्दा** कामलाई विश्वास गर्ने मान्छे' २०५५ सालमा शिक्षिकाको रुपमा सम्झना शर्माले सिकाएका शब्द हुन्, यी । जतिखेर उनको पहिलो कविता संग्रह 'आऊ साथी' सार्वजनिक भइसकेको थियो र कवयित्री प्रचारभन्दा बिल्कुलै बाहिर थिइन् । अहिले आफ्नो पाँचौं कृतिमा पनि आफ्नो सोच र शैली परिवर्तन गरेकी छैनन् कवयित्रीले । चर्चामा कहिल्यै आउन नचाहने र सृजनालाई कहिल्यै छोड्न नसक्ने उनै स्रष्टाको नाम हो, सम्झना शर्मा ।




साहित्य र अध्यापनलाई सँगै लगेर नेपाली साहित्यलाई आधा दर्जन कृति दिइसकेकी सम्झना शर्माको 'नानी त्यो त तिमी आफैंले बनाउनु पर्छ' नामक अर्को कविता संग्रह बाहिर आएको छ ।

छोटा तर, मन र मुटुलाई नै छुने सबल कविताहरूको सँगालो 'नानी त्यो त तिमी आफैंले बनाउनु पर्छ'भित्र ४२ वटा कविता समेटिएका छन् । हरेक कविताले नानीहरूलाई आफ्नो भविष्यबारे आफैं चिन्तित हुन सल्लाह मात्र दिएको छैन, बुझक्कडलाई संवेदनशील भइदिन आग्रह गरिएको छ । महत्त्वपूर्ण पक्ष कवयित्रीले स्वयं शिक्षिकाको रुपमा भोगेका अवस्था इमानदारीसाथ पस्किएको छ, कविता संग्रहभित्र । शिक्षिका शर्माको 'जागिर' स्कुले नानीहरूलाई भविष्य सिकाउने हो । सिकाउने क्रममै कवयित्रीले अनेक आरोह, अवरोह देखेकी छन् र सँगै भोगेकी छन् । कविता संग्रह पनि यसै वरिपरि घुमेको छ ।

आफू स्पष्ट भएका कारण छुच्ची स्वभावकी भएको स्विकार्ने कवि शर्मा आफ्नो कविता संग्रह 'नानी त्यो त तिमी आफैंले बनाउनु पर्छ'भित्र भन्छिन् -

*बेइमानी र भ्रष्टाचारले*
*चुलिएकाहरूलाई ठूलो नमान्दा*
*टिभी र पत्रिका आउन मानेनन्*
*त्यसैले स्वाङ उद्घाटन गर्नै परेन ।*



किताब : मेरो पत्रकार जीवन
लेखक : श्यामप्रसाद शर्मा
पृष्ठ : ९५
मूल्य : रु ७५।–
प्रकाशक : हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एन्ड सोसल साइन्स



किताब : पदार्थहरूको गीत
कथाकार : सरुभक्त
पृष्ठ : ६९
मूल्य : रु ९५।–
प्रकाशक : रत्न पुस्तक भण्डार



किताब : ईश्वरको मलामी
विधा : कविता
कवि : दयाकृष्ण राई
पृष्ठ : ६६
मूल्य : रु १००।–
प्रकाशक : श्रीमती लक्ष्मीशोभा राई



किताब : चराहरूको देश
कवि : भीम राना 'जिज्ञासु'
पृष्ठ : ९८
मूल्य : रु १००।–
प्रकाशक : वसुन्धरामान प्रज्ञा प्रतिष्ठान, काठमाडौं

# माघुरामको माघी

■ कृष्णराज सर्वहारी

**नाम माघुराम थारू,** गाउँमा बोलाइने नाम मघुवा, घर कालाबन्जर, बर्दिया । नागरिकताको उमेर ३५ तर शारीरिक रूपले एक दशक तानिएर ४५ वर्षमाथि देखिन्छ । माघुकी जनेवा (श्रीमती) भेडली र ऊ समान उमेरका तर जनेवा ऊभन्दा झन् बूढी देखिन्छे । बाह्रैमास चिन्ताको बाक्लो कुहिरोले डम्म ढाकेकाले उनीहरू समयभन्दा पहिले बुढ्यौलीमा प्रवेश गरेझैँ देखिन्छन् ।

सात वर्षअघि मुक्ति हुँदा अरू सहकर्मीझैँ माघुराम कमैयाबाट मुक्त कमैयाको श्रेणीमा उक्लिएको छ । उसको परिवार कमैयाभन्दा मुक्त कमैया परिवारको रूपमा चिनिएको छ । नाउँ मुक्त कमैया परे पनि उसको परिवार समस्यामा जेलिएर अझैसम्म उन्मुक्तिको सास लिन सकिरहेको छैन । यस्तो लाग्छ, उसका परिवारका सदस्यहरू बाँच्नलाई मात्र सास फेर्ने उपक्रम गरिरहेछन् ।

पछिल्लो पटक नौरंगा गाउँको एक जमिनदारकहाँ कमैया बसेको माघुरामको बुकुरो त्यही जमिनदारकै जग्गामा थियो । मुक्ति हुँदा बुकुरोको एउटा खाँबो समेत ल्याउन नपाएकाले हालको उसको बुकुरो कुखुरा बस्ने जस्तो पनि छैन । यो घर जहाँ ऊ बसिरहेको छ । मात्र ६ वर्षअघि तयार भए पनि उसको उमेरभन्दा अझ बूढो देखिन्छ । बरु बन्जाराहरूको तम्बुवाल घर राम्रो हुँदो हो, तर माघुरामको घरमा मात्र घरको अस्थिपञ्जर देखिन्छ, जसमा मासु भर्न सकिएको छैन । फाटेको प्लास्टिकको छानाले शीतको गाना गाउँदा उसको परिवारको हरेक रातको निद्रा बिथोलिन्छ । टुटेको भित्ताले घरमा चिसो सिरेटो हुल्दा उनीहरूको आङमा भ्वाङ पार्छ ।

गेरुवा नदीको किनारमा माघुरामको घर छ । गत वर्षको साउने बाढीले उसको घर बगाएपछि उसको घर नाम मात्रको भएको हो । उसले त्यहाँबाट आफ्नो घर सार्न पनि सकेको छैन, कारण भूमिसुधार कार्यालयबाट लालपुर्जा थमाइएपछि उसलाई बस्ने ठाउँ त्यही देखाइएको थियो । उसलाई देखाइएको जग्गा बाढीको दाइँले बगरमा परिणत भइसक्यो । माघुरामको मन पनि अब त बगरमा परिणत भइसक्यो, उसको मनमा केही उम्रिन सकेको छैन, पूरै बाँझो छ उसको मन ।

केही समयअघि छेदियाको जंगल क्षेत्र कब्जा गरे मुक्त कमैयाहरूले, बस्ने वासको उचित बसोवासको लागि । दबाबस्वरूप सो जग्गा कब्जा गरेको भनियो । माघुरामले आफ्नो बूढो बाबुलाई अलिकति ठाउँ रोक्न खटायो त्यहाँ । गेरुवा नदीको किनारमा भएको घरमा त उसले फूलबुट्टा भर्न सकेको थिएन । छेदियाको जंगलमा आफ्नो बाबु बस्ने घरलाई उसले के गरी ताजमहल बनाओस् । अजम्बरीको कंकाल त्यही ठड्याइयो र त्यसमाथि परालले जेनतेन छोपियो । उसको बाबुको जेनतेन जीउ अटाउने भयो । उध्रिएको पुरानो कम्मलले माघुरामको बाबुले जाडो थेग्न सकेनन् । उनलाई छेदियामा बसेको अढाई महिनामै यमराजले आफूकहाँ आउने सहर्ष निम्ता दिए ।


माघुरामको बाबु हाँसी हाँसी यमराजकहाँ गएपछि ऊ रुन पनि सकेन । जेनतेन सत्गत, काजक्रिया त गर्‍यो तर भोजभतेर समेत दिन सकेन । उसले मृत्यु भोज पनि ख्वाउन नसक्ने छोरो भएकोमा आफूलाई सातपल्ट धिक्कार्‍यो ।

माघी आएको छ । वर्ष दिनको चाडलाई कसरी बिदा गर्ने माघुराम चिन्तामग्न छ । जमिनदारकहाँ कमैया छँदा माघीको पहिलो हप्ता कम्तीमा निष्फिक्रीसाथ माघी मान्दथ्यो ऊ । माघीमा नाच्दानाच्दै त उसले स्वास्नी पनि भित्र्याएको हो । खै त्यो पुरानो माघी ? सात वर्षदेखि उसको बस्तीमा मादलको बोली सुनिएको छैन । माघीमा गाइने मंगल गीत, धमारको राग उसको मुखबाट झर्नै मान्दैन । उसलाई डर छ, चाडपर्व संस्कृति मेरा छोराछोरीले अब बिर्सिने पो हुन् कि !

माघीको पहिले सुरुवात सुँवर मर्ना दिन (सुँगुर मार्ने दिन) । अहँ उसले छोराछोरीलाई एक टुक्रा मासु पनि ल्याउन सकेन । १ गते माघे संक्रान्तिका दिन एका बिहानै, गेरुवा नदीमा नुहाउन हिँड्यो । उसले जलदेवतासँग प्रार्थना गर्‍यो - 'हे जलदेवता, मेरो कल्याण गर्ने भए मात्रै पानीभित्रबाट निस्किन्छु होइन भने, तिम्रै शरण परेर जलसमाधि लिन्छु । मलाई मारेको पाप तिमीलाई लाग्नेछ ।'

एक मिनेट पनि नहुँदै ऊ पानीभित्रबाट आत्था थु थु गर्दै किनारमा आइपुग्यो । एक हुल मान्छे किनारमा आगो ताप्दै गफ गरिरहेका थिए । धेरैजसोले गए राति माघी मनाएको, सुँगुरको मासु अघाउन्जेल खाएको डकारेर वर्णन गरिरहेका थिए । हुलमध्ये केहीको भने उसको झैँ निन्याउरो अनुहार थियो । उसले तुलना गर्‍यो - म खानै नपाएर बोल्न सकेको छैन, उनीहरू राति बढी खाएर बोल्न नसकिरहेका होलान् ।

माघुराम गह्रुंगो मन लिएर घरतिर पाइला डोर्‍यायो । माघी कसरी मनाउने भनी तनावले उसको पाइला उठ्न सकिरहेको थिएन । के सुरले हो, ऊ गेरुवा नदीको पन्टुन ब्रिज पार गरेर कोठियाघाट बजारमा छिर्‍यो । बजारमा खासै चहलपहल थिएन । दुई सालअघि माघुले एक होटेलमा दुई दिन काम गरेको थियो । 'पाछे कौनो दिन काम कै देम वेन आझ माघी मनाइक लग सय रुपैयाँ सापटी दि मालिक', माघुले होटलेसँग



सय रुपैयाँ सापटीको अनुनय गऱ्यो तर होटले गलेन । उनीहरूको वार्तालाप एक वयोवृद्धले सुनिरहेका थिए ।

मानपुरटपराका जमिनदार थिए त वयोवृद्ध जमुनासिंह । उनले माघुरामसँग अनौठो प्रस्ताव राखे - 'तिमीलाई रकमको खाँचो रहेछ, मलाई काम गर्ने मान्छे । तिम्रो घरमा दस बाह्र वर्षकी छोरी छ ? नभए मकहाँ कमलहरी पठाइदेऊ । म तिमीलाई भनेजति रकम दिन्छु ।' माघुराम अनखनायो – वा टे हजुर, लकिन भखखर सात वरस लग्लिस् । औरे घर का काम करे सेकी ?

छोरी भख्खर सातौं वर्षमा टेकेकीले अरू घर काम गर्न सक्दिन कि ! भन्ने माघुरामको भनाइ भुइँमा झर्न नदिँदै जमुनासिंहले सय सयका दसवटा गैंडा उसको हातमा थमाइदिए - के धन्दा मान्छौ तिमी । काम गाह्रो छैन, नेपालगन्ज मेरा छोरीज्वाइँकहाँ बस्छे तिम्री छोरी । हाम्रो नातिसँगै तिम्री छोरी पनि बोर्डिङ स्कुल जान्छे । विस्तारै भातभान्साको काम सिकी हाल्ली । जम्मा तीनजनाको परिवारमा त्यहाँ काम नै के छ र । लौ तिम्री छोरीको तलब वार्षिक ५ हजार भयो । खुसीले माघी मनाऊ ।

हजार रुपैयाँ माघुरामले धेरबेर ओल्टाई पल्टाई हेऱ्यो । भारी मनले बोल्यो –'छाई कमलहिया लगैना, एकचो जन्नीसे सल्लाह लेहे परी कि हजुर ।' जमिनदार जमुनासिंहले उसको काँध थमथमाउँदै भने - स्वास्नीसँग के सल्लाह गर्नुपऱ्यो, मैले तिम्री स्वास्नीलाई पनि चिन्छु नि, कति सोझी छे, विचरी । तिमीलाई आफ्नै मान्छे ठानेर पो भनेको त । नत्र त आफ्नी छोरी कमलहरी दिने कति छन् कति !

माघुराम हजार रुपैयाँ बडो जतनका साथ लिएर हिँड्न थाल्यो । जमुनासिंहले भने – ए पख, पख, लौ एक बोतल रक्सी लैजाऊ । अनि यो गेरुवा नदीको ठूलो माछा पनि लैजाऊ । एक किलोभन्दा बढी छ । यति भए तिमीलाई माघी मनाउन पुगिहाल्छ नि । योचाहिँ मेरो तर्फबाट तिमीलाई सित्तैमा । माघी धुमधामसाथ मनाएर भोलि ठिक १० बजे यहीं होटेलमा आउनु छोरीलाई लिएर ।

माघुरामले माछा र रक्सी लिएर घरतिर पाइला बढायो । यसपालि उसको वेग रेलको इन्जिनझैं दौडियो । टाढैबाट जनेवालाई हकाऱ्यो – 'सुन्ले, हेर मै का आनल्ले बटुँ ? सुख्लीक डाई ।' उसको छोरीको नाम सुख्ली रहेछ । आफूले ल्याएको माघीको सामग्री जनेवाको अगाडि राख्यो । बूढासँग एक रुपैयाँ पनि थिएन । बिहानै बिहानै माछा र बोतलको रक्सी कसरी आइपुग्यो । स्वास्नीले इसारामै प्रश्न गरी । माघुरामले धेरै बेर छोरीलाई बन्धकमा राखेर आएको भन्न सकेन ।

उता होटलेले जमुनासिंहलाई भन्दै थियो - त्यति सात वर्षकी फुच्चीलाई वार्षिक ५ हजार रुपैयाँ ज्याला त धेरै भएन र हजुर । फेरि बोर्डिङ पढाइदिने कुरा पनि गर्नुभयो ।

जमुनासिंहले जुँगामा ताउ लाउँदै भने - तपाईं पनि साहुजी । यी सोझा थारूहरू यस्तै हुन् क्या । भन्नु र गर्नुमा त फरक छ नि । उसकी छोरीलाई भोलि ल्याउन त दिनोस् । कसरी काम गराउनुपर्छ, हामीले जान्या छ । उसलाई अब कुनै थप रकम पनि दिनुपर्दैन । देख्नु भएन बोनसमा रक्सी र माछा दिएको । त्यही उसको छोरीको वार्षिक ज्याला पनि भयो । उसको छोरीको भाग्यमा बोर्डिङ त के सामान्य स्कुलमा पनि पढ्ने लेखेको छैन । विचरी कसरी पढ्छे । हा हा हा ! ठूलो स्वरमा हाँस्दै जमुनासिंहले अगाडि भने – खै ल्याउनुहोस् एक बोतल वियर र फ्राई माछा । हामीले पनि त माघी मनाउनुपऱ्यो नि ।

यता असलियत थाहा पाएपछि अश्रुमिश्रित स्वरमा माघुरामको जनेवा आफ्नो थरुवा (लोग्ने)लाई सत्तोराप गर्दै थिई – 'कुछ काम नै पाके छाई बेंच्के अइलो । जाऊ यी रुपिया घुमा आऊ । मैं भुँखे मर्जइम् वेन अपन छाइहे नै बेचम् ।' अरू केही काम नपाएर छोरी बेचेर आउनु भयो । म बरु भोकै मरुँला, तर अरू घर छोरी कमलहरी पठाउँदिनँ । जनेवाले त्यसो भनेपछि माघुरामले सम्झायो – कर्रा काम नै हुइन्, स्कुल फेन् पढा डेहकलग बटाँ (गाह्रो काम छैन रे ! फेरि स्कुल पनि पठाइदिने भनेका छन् ।)

माघुरामकी स्वास्नी सिंहनीझैं गर्जिन् – 'हुइल, हुइल मैं अपन आँखीले देख्ले बटुँ । आनक घर कमलह्निया लागल छाइनके दशा । अगर रुपिया नै घुमैवोटे मोर मरल मुह देख् बो । आब फेन् ऋणके बोझा नै वोक्जाई ।' (भयो, भयो मैले आफ्नै आँखाले देखेकी छु । अरू घर कमलहरी लाग्ने छोरीहरूको दशा । यदि रुपैयाँ फर्काएनौं भने मेरो मृत शरीर देख्नेछौ । अब फेरि ऋणको भारी बोक्नु छैन हामीलाई)

माघुरामको जनेवा अलापविलाप गर्दै रुन थाली । मौकाको फाइदा उठाउँदै बिरालोले माछा उडायो । माघुराम बिरालो धपाउन जाँदा बोतलको रक्सी ढल्यो । माछा खाएर सन्तुष्ट देखिने बिरालो, ढलेको रक्सीको बोतल, फर्काउनुपर्ने हातको रुपैयाँ हेर्दै माघुरामको मनले भन्यो – यी वरषके माघ फेन फिक्कल हुइना हुइल् । (यो वर्षको माघी पनि अलिनो हुने भयो) ■

# सद्दाम हुसेन र अर्को राज्य

■ अमोघ काफ्ले

स्वार्थले जलप गरेको आँखाचोरबाटोबाट
छयाप्छयाप्ती
सूर्यग्रहण हेर्छ (१) -
हतियारको पिरामिडमा उभिएर
शान्तिको मोडेल गर्जिन्छ (१) -
यात्रामा यो समय
कुन हुनसक्छ उत्कृष्ट जुत्ता ?
प्रश्न उठ्यो
र वक्तव्य निकाले
धूर्त राजनेताले -

जब काम छुट्यो
चिसोको दबाबले
विस्फोट भयो आवाज :
-'युएनओको चल्ला गाँज्ने
चिल भनेको के ?'
- 'कसले ठेक्का पाएको छ
भूगोलमा शान्ति ?'
धर्मपथमा काँपिरहेको
पृथ्वीको सालिक हेरेपछि
अमेरिका,
युएनओ जुत्ता कारखाना हुन्छ १ -

अर्को राज्य,
जसलाई सुँघाइयो शान्तिको मोजा (१)
र फासीको जुत्ता बन्यो सद्दाम -
आफ्नू दुर्गन्ध बिर्सिएर
खुसी मनाइरहेछ धार्मिक जनावर
जसले बिर्सियो
जुत्ताकै अचानोमा अडिएको
आफ्नू गर्धन -

कि दुईचार ब्रोइलर कुखुरासँग
हजारौं मान्छेलाई
कुखुरा सावित गर्ने शक्ति हुन्छ (१) -
हेर्नु क्राइस्टकै जन्मकुण्डली :
भविष्यसँग जहिल्यै परास्त छ
जुनसुकै धर्मभीरु -
कि नसोचेरै दौडने भीड वरिपरि
महायुद्धले परिक्रमा गर्छ -
हुइयाँ अवतार र पुराना दरवार
जहाँसुकै भुतुचाको म्युजियम हुन्छ -
कि खुट्टाको स्वाद लिई
जुत्ता कुल्चेर हिँड्छन्
विद्यार्थी र जंगीनिसान -
शान्तिको ढोल पिट्ने धेरैधेरै घोषणा
इतिहासको काखीमुनि
जाबोको थैली सुँघ्छ १ ...
फरक छैन कहीँ-कतै हेर्नुमा युद्ध -
जो जहाँसुकै
एउटै झन्डा हल्लाउँछ
र झन्डाकै आवाज मैथुन गर्छ १

ए हतियारधारी महाशय ,
उस्तै हो तिम्रो शान्ति पनि
जहाँ एकलाई झुन्ड्याइँदा
सयौं जल्लादहरू झुन्डिएका छन्
झुन्डिएका बेइजिङ, सोल, प्योङयाङ हेर्दै -
तेहरान, न्युयोर्क, टोकियो हेर्दै -
लगातार ग्लोब घुमाइरहेछु म
ए धर्मभीरु महामहिम,
यो काबुल, बेरुत र बगदादपछि
कुन हुन सक्छ
शान्तिको उत्कृष्ट मोडेल ?- ...

तिमी पनि बोल
हे मनकामनामाई,
लोकल कुखुरा
भाकल छ - (१)

# रात सम्झाउने अभियान



**रातसँग पौठेजोरी** नखेली दिन आउँदैन, तर रातका बेला गरेको संघर्ष बिर्सेर धेरैजना दिनमा मात्तिने गर्छन् । राजनीतिक स्वतन्त्रता नभएको पञ्चायती शासन पनि नेपालीका लागि रातसरह अन्धकार थियो । त्यो रातमा धेरै संघर्ष भए । त्यसैको फलले २०४६ सालमा प्रजातन्त्र आयो, तर पञ्चायतकालको संघर्ष बिर्सेर नेताहरू मात्तिए, प्रजातन्त्र गुम्न बेर लागेन । मुलुकमा फेरि संघर्ष भयो, लोकतन्त्र आयो ।

अँध्यारो कालखण्डमा गरेको संघर्ष बिर्सेर नेताहरू नमात्तियून् भन्दै प्रसिद्ध नाट्य संस्था सर्वनामले खबरदारी अभियान सुरु गरेको छ । विपी कोइरालाको कथा 'एक रात'लाई नाटकमा रुपान्तरण गरेर सर्वनामले यसको मञ्चन सुरु गरेको छ । पंचायतकालमा युवाले गरेको संघर्ष सम्झाउने 'एक रात' पुस २४ गते नारायणगढको नारायणी कलामन्दिरमा प्रदर्शन भयो ।

सात सालमा आएको प्रजातन्त्र २०१७ सालमै खोसेर राजा महेन्द्रले देशमा निर्दलीय पंचायती व्यवस्था सुरु गरे । राजनीतिक स्वतन्त्रता हरण भयो । प्रजातन्त्र फर्काउन आ-आफ्ना ढंगका संघर्षहरू भए । नेपाली कांग्रेसले पनि २०१८ सालमा सशस्त्र संघर्ष सुरु गर्‍यो । त्यो परिवेश 'एक रात'मा झल्काइएको छ । पार्टीले बम हान्ने घोषणा गरेपछि यसका लागि खटिएका किशोर पक्राउ पर्छन् । उनलाई फासीको सजाय हुन्छ । फासी दिनुभन्दा अघिल्लो रातको युवकको मनोदशा हो, एक रात । 'चाँडो प्रजातन्त्र ल्याउन बम नफाली भएन', निरंकुश शासनको उकुसमुकुसबाट मुक्ति पाउन किशोर यस्तो निर्णयमा पुग्छ । भर्खर बिहे गरे पनि उसलाई अरूभन्दा देश र प्रजातन्त्रकै बढी माया छ । फासी पाउनुभन्दा केही क्षणअघि पनि ऊ भन्छ, 'कालगतिको सामान्य नियमबाट आएको मृत्यु होइन यो ।'

प्रजातन्त्रका लागि सयौं पुस्ताले यसरी नै ज्यान अर्पेका हुन्, तर यो समर्पण र संघर्ष २०४६ सालपछि नेताहरूले बिर्से । राजाले प्रजातन्त्र फेरि खोसे । जनताले गरेको संघर्षले प्रजातन्त्र आएको छ, तर नेताहरूको पुरानो बानी दोहोरिने हो कि भन्ने चिन्ता पनि धेरैलाई छ । 'संघर्ष कसैले बिर्सनु भएन, नेताहरूले बानी नसुधारे संघर्षहरू खेर जाने अवस्था देखेर नै नाटक लिएर निस्केको हुँ,' निर्देशक अशेष मल्लले बताए ।

सुन्दरीजल जेलमा हुँदा वि.सं. २०२२ सालमा विपीले यो कथा लेखेका हुन् । साहित्यमा यौन मनोविज्ञान पस्कनु विपीको विशेषता हो । तर 'एक रात' राजनीतिक विषय मात्र बोकेको कथा हो । सर्वनामले यसमा आधारित टेलिचलचित्र पनि १५ वर्षअघि बनाएको छ । नाटकमा रुपान्तरण भने यसै वर्ष गरेको हो र कलामन्दिरमा भएको मञ्चन पहिलो हो ।

त्यसपछि पुस २७ गते बनारसमा देखाइयो । विपीले संघर्ष गरेको भूमि भएकाले नाटक त्यहाँ लगेको मल्ल बताउँछन् । नाटकमा ओममणि शर्मा, हरिश्चन्द्र केसी, रमेश खड्का, अनुप खड्का, रामहरि खड्का, शिरोमणि दवाडी, भीममाया प्रजापति, लक्ष्मी नापित, सविता लामा, गोपाल खतिवडा, पवन घिमिरे, सविन सिंह र प्रवेश केसीले अभिनय गरेका छन् ।

■ **रमेश पौडेल/नारायणगढ**

# संगीतकर्मीहरूको हिट्स मेला



**नेपाली सांगीतिक** क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याएबापत विगत नौ वर्षदेखि प्रत्येक वर्ष दिइँदै आएको 'हिट्स एफएम म्युजिक अवार्ड'को पछिल्लो संस्करण यो सप्ताहान्त राजधानीमा हुँदैछ । २०६२ सालभरि रेडियो, टेलिभिजनमा बजेका र श्रोताद्वारा सबैभन्दा बढी मन पराइएका उत्कृष्ट गीत, गायक, गीतकार, म्युजिक भिडियो, पपगीतलाई पुरस्कृत गरिनेछ, यो दिन ।

हरेक वर्षझैं यस वर्ष पनि श्रोताको भोटको आधारमा वर्षभरका उत्कृष्ट गीत, म्युजिक भिडियो, कलाकारहरू छानिएको आयोजकले बताएको छ । यस वर्षको उत्कृष्ट नयाँ कलाकारका रुपमा डम्बर नेपाली सांगीतिक दुनियाँमा उदाएका छन् भने असीम चित्रकारको 'बिर्सुं भन्छु..' वर्षकै उत्कृष्ट म्युजिक भिडियोको रुपमा मनोनयनमा परेको छ । त्यसैगरी रक कम्पोजिसनमा 'म संसार जित्छु'- सविन राई, पप कम्पोजिसनमा 'आज आकाशमा- डम्बर नेपाली छानिएको आयोजक 'क्लोजअप हिट्स म्युजिक अवार्ड २०६३' जनाएको छ । यसैगरी उत्कृष्ट महिला पप गायनमा नलिना चित्रकार आफ्नो 'हुने भयो...' गीतमार्फत छानिएकी छन् ।

त्यसैगरी यस वर्ष उत्कृष्ट नेपाली लोकगीतमा सिन्धु मल्लको 'वार्ता गराइदेऊ' छानिएको छ भने उत्कृष्ट लोकगीति एल्बममा 'चरीले बीउ खायो' छानिएको छ । वर्षभरि श्रोताले मन पराएको यस वर्षको उत्कृष्ट गीतमा कृष्णहरि वरालको 'कस्तो कथा लेख्यो' छानिएको छ । यस वर्षको 'लाइफ टाइम एचिभमेन्ट अवार्ड' कसले पाउने भन्ने घोषणा भने गरिएको छैन ।

समारोहमा सुकर्म, प्रेमराना औतारी, माण्डवी त्रिपाठी, अन्जना गुरुङ, लुजा ब्यान्ड, प्राश्ना शाक्य, जुना प्रसाईजस्ता कलाकार र समूहले सांगीतिक मनोरञ्जन प्रदान गर्ने छन् ।

■ **ज्योति देवकोटा/काठमाडौं**

# कलिला तर कडा



तस्वीरहरू : तेज बस्नेत



**'तितो सत्यबाट कति पैसा आउँछ ?'** प्रश्न भुइँमा खस्न नपाउँदै चारफुटे फुच्चेको जवाफ आउँछ, 'कर तिराउनलाई सोधेको हो कि क्या हो ?' तितो सत्य नामक हास्य टेलिशृंखलामा विगत १ सय ३० अंकदेखि लगातार बालकलाकारको भूमिका निर्वाह गर्दै आएका राज आचार्यको खुबीलाई एकछिनको भेटमा आँक्न मुस्किल पर्छ । १२ वर्षे बच्चोले बोल्ने शैली, कला र व्यवहारिकताले उनीसँग पहिलोचोटि भेट्ने जोसुकैलाई पनि उनको क्षमता मूल्यांकन गर्न गाह्रो पर्छ ।

केही वर्षदेखि बाल कलाकारहरूको प्रयोगले नेपाली हास्य क्षेत्र दरिलो मात्र बनेको छैन, हास्य विधाको बिडो पनि अब यिनै बालकलाकारहरूले थाम्नु पर्ने हो कि भन्ने अवस्था समेत सृजना भएको छ । तितो सत्य नामक टेलिशृंखलामा बालकलाकारको सशक्त भूमिका निर्वाह गर्दै आएका राज आचार्य यसका उदाहरण हुन् । उनको दैनिकी बुझ्न खोज्ने हो भने कुनै व्यस्त नायकको भन्दा कम छैन । स्कुलमा हुने मध्यान्तरको छुट्टीमा सबै साथी खाजा खाने तयारी गरिरहेका बेला उनी यसै समयको सदुपयोग गर्न दौडिरहेका हुन्छन् । 'कहिलेकाहीँ साथीले जिस्काउँछन् कति व्यस्त भनेर', उनी भन्छन् । तितो सत्यले उनको व्यस्तता बढाएको उनको कथन छ । तितो सत्यका लागि राज प्रायः स्कुलमा हुने दिउँसोको मध्यान्तरमा अभिनयका लागि भनेर हिँड्छन् ।

विगत २ वर्षदेखि स्कुले रुटिन र तितो सत्यको अभिनयलाई समय मिलाउँदै उनलाई कहिल्यै फुर्सद हुँदैन । तैपनि, स्कुलमा उत्कृष्ट तीनको स्थानबाट बाहिरिएका छैनन् । 'अहिलेसम्म त समय मिलाउन भ्याएको छ, तर आठ कक्षादेखि तितो सत्यका लागि समय घटाउनु पर्ला', बागमती बोर्डिङ स्कुल कक्षा ६ मा अध्ययनरत राज बताउँछन् ।

विचारले खारिएका उनीलाई भेट्ने कमै मात्रले उनको क्षमताप्रति विश्वास गर्छन् । उनले कलाकारितामा देखाएको उच्च क्षमताले उनको परिचयलाई चुलिन मलजल थपेको छ । 'सानो भए पनि कडा पो छु त', बाह्रवर्षेको उमेरमै राष्ट्रियस्तरमै राम्रो परिचय बनाउन सफल राजको भनाइ छ ।

बाबु शंकर आचार्यले बनाएको विज्ञापनबाट पहिलोपटक आफ्नो अनुहार सार्वजनिक गरेका राजले चार वर्षमा आधा दर्जन फिल्म, विज्ञापन र दर्जनौं टेलिसिरियलमा आफ्नो कला क्षमता देखाइसकेका छन् ।

उनको क्षमता कलाकारितामा मात्र छैन । उनी पढ्ने स्कुलमा उनको कलाकारिताको भन्दा उनको गलाको बढी चर्चा हुन्छ । प्रत्येक वर्ष स्कुलमा हुने गायक प्रतिस्पर्धामा उनले विजय प्राप्त गर्छन् । 'कलाकारिताभन्दा मलाई मन पर्ने विधा गायन हो', उनी थप्छन् ।

प्रत्येक साता तितो सत्य नामक टेलिचलचित्र एकाइका प्रमुख दीपकराज गिरीले उनलाई धाप मार्दै भन्छन्, 'ठिटो चलाख छ, केही गर्छ ।' कलाकारितामै लाग्ने उनको भावी योजना छैन, तर यसले उनको कलाकारितालाई निरन्तरता दिन बल पुग्छ । 'योजना डाक्टर बन्ने छ, तैपनि, हेर्दै जाऔँ के बनिन्छ', कलाकारिताले व्यवसायिकता नपाएको बुझेपछि गत वर्षदेखि राजले भावी लक्ष्य परिवर्तन गरेको बताउने बाबु शंकर आचार्य भन्छन्, 'छोरो हामीभन्दा जान्ने भएको जस्तै लाग्छ ।'

प्रत्येक हप्ता तितो सत्यमा बालकलाकारको भूमिका निर्वाह गरेबापत उनले पाँच सय रुपैयाँ पारिश्रमिक प्राप्त गर्छन् । आफ्नो पढाइ अगाडि बढाउन उनलाई परिवारको मुख ताक्नु परेको छैन । 'स्कुलमा साथीले 'हाम्लाई पनि खेला न' भन्दा मात्र आफू अन्य साथीभन्दा अगाडि रहेछु भन्ने लाग्छ', टेलिभिजनको पर्दामा देखाउने हाँसो हाँस्दै उनी भन्छन् ।

गत वर्ष उनले प्राप्त गरेको वीर गणेशमान प्रज्ञा पुरस्कार र उत्कृष्ट बालकलाकारको पुरस्कारले उनलाई अझ सबैको प्रिय बन्न प्रेरणा थपेको छ, तर व्यवसायीकरणको अभावमा सधैं ढुलमुल भइरहने नेपालको कलाकारिता क्षेत्रबारे अभ्यस्त बालकलाकार राज भन्छन्, 'सधैं कलाकार बन्न सकिँदैन, गरुन्जेल उत्कृष्ट दिनु पर्छ ।'

■ **ज्योति देवकोटा/काठमाडौं**

# झ्याइँकुटी ऐश्वर्या

**लामो समयको** कौतुहल चिर्दै बलिउडका चर्चित अविवाहित जोडी अभिषेक बच्चन र ऐश्वर्या राय यसै वर्ष वैवाहिक बन्धनमा बाँधिने पक्का भएको छ। बलिउडको सबैभन्दा आकर्षक यो जोडीले विवाहका लागि गत आइतवार औपचारिक सहमति जनाएपछि गत वर्षदेखि अड्कल गर्दै आइरहेको अभिषेक र ऐश्वर्याको विवाहले अन्तिमरुप लिने भएको छ।

'यो साँचो हो, ऐश्वर्या र अभिषेकको आइतवार साँझ 'इङ्गेजमेन्ट' भएको हो', यसै वर्ष यो जोडीबीच विवाह हुन लागेको जानकारी ऐश्वर्याका म्यानेजर हरि सिंहले दिए। यो जोडीको विवाहको खबर अन्तर्राष्ट्रिय मिडियाहरूमा फैलिएपछि यसै साता पप गायिका ब्रिट्नी स्पेयर्सले लस भेगासको पाल्म होटलमा मोडल तथा नायक ब्युडु जोउर इसाक कोहेनसँगै रात बिताएको खबर ओझेलमा परेको छ।

पूर्व विश्वसुन्दरी ऐश्वर्याको यसअघि बलिउडका नायकद्वय सलमान खान र विवेक ओवरायसँग प्रेम-सम्बन्ध रहेको विभिन्न भारतीय सञ्चारमाध्यमले जनाउँदै आइरहेका थिए। पछिल्लोपल्ट सन् २००६ को मध्यमा पहिलोपटक ऐश्वर्याको विवाह हिन्दी सिनेमाका मेगास्टार अमिताभ बच्चनका 'स्टाइलिस' छोरा अभिषेकसँग हुन लागेको समाचारलाई सञ्चारमाध्यमले उठाएका थिए। सन् २००६ को अन्त्यमै अभिषेक र ऐश्वर्या एकै साथ बनारसको विश्वनाथ मन्दिरमा प्रार्थना गर्न गएको तस्बिर सार्वजनिक भएपछि यो जोडीको सम्भावित विवाहको हल्ला जोडतोडले चलेको थियो।



'उनीहरूले आफ्नो चलचित्र 'गुरु'को प्रिमियरका लागि अमेरिका गएका बेला विवाहको फैसला गरेर आएछन्', अभिषेकका पिता अमिताभले जानकारी दिए।

यो जोडीको पहिलो चलचित्र 'ढाइ अक्षर प्रेम के' सन् २००२ मा सार्वजनिक भएको थियो, त्यतिबेला ऐश्वर्या चर्चित नायिकाको रुपमा स्थापित भइसकेकी थिइन् भने अभिषेक बलिउडमा खुट्टा जमाउन संघर्षरत थिए।

चलचित्र उद्योगमा ऐशको नामले चर्चित ऐश्वर्या र अभिषेकको विवाहको खबर सुनेपछि यी दुवै नायक र नायिकाका प्रशंसकहरू आइतवार राति नै सडकमा ओर्लेर खुसियाली मनाउन व्यस्त देखिन्थे। यसअघि अभिषेकको बिहेको कुरा बलिउडकी अर्की नायिका करिस्मा कपुरसँग छिनिए पनि यी दुवैको सम्बन्ध विवाहअघि नै टुक्रिन पुगेको थियो।

पछिल्लो समय बच्चन परिवार एउटा सुशील बुहारीको खोजीमा थियो। अमिताभकी श्रीमती जया बच्चन बंगाली भएका कारण उनीहरू बंगाली बुहारीकै खोजीमा थिए। ऐशसँग कुरा छिन्नुअघि बंगाली परिवारको भएका कारण रानी मुखर्जीको नाम पनि बेला बेलामा 'बच्चन परिवारको बुहारी'को रुपमा नजोडिएको भने होइन। 'जेहोस् हामीले बुहारी पाएका छौं', बुहारीको रुपमा ऐश्वर्याको छनोटप्रति खुसी देखिएका अभिताभले प्रतिक्रिया दिए। एकतीस वर्षीय अभिषेकभन्दा ऐश दुई वर्ष जेठी छिन्। ■





# प्रतिमाको प्रयास

**विवश उपनामले** प्रतिमा एउटी कवयित्री जस्तो लाग्छ, तर उनी कवयित्रीमात्र नभएर यस्ती पत्रकार पनि हुन्, जो आफूले अखबारमा पोखेको विचारलाई व्यवहारमै उतार्न पनि तयार हुन्छिन् ।

कसैको दुःख, पीरलाई पत्रिकामा लेख्ने र उसलाई आफूले गुण लाएको ठान्ने पत्रकारहरू त धेरै हुन्छन्, तर पत्रकार प्रतिमा विवश राईले धरान-९, बगैंचा लाइनकी ४५ वर्षीया मिठु कटुवालको व्यथा पत्रिकामा लेखिनन् मात्रै, आफैं अग्रसर भएर उनका लागि आर्थिक सहयोगसमेत जुटाइन् ।

तेह्र वर्षकै छँदा सवारी दुर्घटनामा परेर आफ्ना दुवै खुट्टाको घुँडामुनिको भाग गुमाएकी र धागो कातेर जीविकोपार्जन गर्दै आएकी मिठुको बारेमा यसअघि प्रतिमाले आफ्नै सम्पादनमा धरानबाट प्रकाशित हुने मासिक पत्रिका 'वुमेन्स एरा'मा लेखेकी थिइन् । त्यत्तिले मात्र उनको चित्त बुझेन । 'जहिल्यै मनमा मिठुकै कुरा खेल्थ्यो', प्रतिमा भन्छिन्, 'त्यसैले मिठुका लागि केही गरूँजस्तो लाग्यो ।'

पत्रिकाको काम, स्नातकोत्तरको पढाइ, थुप्रै सामाजिक संस्थासँगको संलग्नता आदिको चटारोबाट समय निकाल्दै प्रतिमाले विभिन्न व्यक्ति र संस्थासँग अनुरोध गरेर १३ हजार रुपैयाँ संकलन गरिन् । कुनै औपचारिक कार्यक्रमविना नै त्यो रकम मिठुलाई हस्तान्तरण गरिन् । 'यी नानी मेरा लागि भगवान रहिछिन्' सहयोग पाएपछि मिठुले प्रतिमाप्रति कृतज्ञ हुँदै भनिन्, 'मैले कुन जुनीमा के पुण्य गरेकी रहिछु नि !'

मिठुले आफूले पाएको सहयोग रकममा थपथाप गरेर आफ्ना श्रीमान्का लागि एउटा सैलुन खोलिदिने योजना सुनाउँदा प्रतिमाले आफ्नो सानो प्रयास सार्थक भएको महसुस गरेकी छन् । 'मैले मिठुलाई ठूलो सहयोग गरेकी हैन', उनी भन्छिन्, 'तर सानै प्रयास पनि सार्थक भयो ।'

दुई महिनाअघि मात्रै प्रेस काउन्सिलको महिला सशक्तीकरण पुरस्कारबाट सम्मानित प्रतिमा मिठुलाई सहयोग गर्नुको पछाडि भविष्यमा समाजसेवामा हात हाल्ने आफ्नो कुनै उद्देश्य नरहेको बताउँछिन् । 'म एउटी लेखिका नै हुन चाहन्छु', एक दशकदेखि पत्रकारितामा संलग्न प्रतिमा भन्छिन् ।

■ **ओमआस्था राई**





युवराज घिमिरे

# संसद्मा माओवादीको मर्यादित प्रवेश, तर भावी व्यवहार कस्तो होला ?

> **मर्यादित भेषभूषामा संसद् प्रवेश गरेर माओवादी सांसदहरूले पहिलो संकेत उनीहरू इमानदार भएको दिएका छन्। तर, प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत संसद् र सरकारमा प्रवेशसँगै ती संयन्त्रहरूलाई ध्वस्त पारी एकदलीय अधिनायकवाद स्थापित गर्ने उनीहरूको चाल रहेको र त्यो प्रक्रियामा सुरक्षानिकायलगायत राज्यका अन्य अंगहरूलाई ध्वस्त गर्नेतर्फ उनीहरू लाग्नेछन् भन्ने आशंकालाई उनीहरूले अबको व्यवहारबाट झूटो सावित गर्नुपर्नेछ।**

**सरकार–माओवादी** वार्ता प्रसंगमा दुवै पक्षको, अझ भनौं माओवादी प्रतिबद्धताको सबभन्दा बढी विश्वसनीय प्रमाण हो, अन्तरिम संसद्मा माओवादीहरूको प्रवेश। न्यायिक स्वतन्त्रताको सहादत र कार्यकारीको रबरछाप हैसियत र अधिनायकवादी प्रधानमन्त्रीको स्थापनाजस्ता आपत्तिजनक चरित्रसहित अन्तरिम संविधान अस्तित्वमा आए पनि ८३ जना माओवादी सदस्यहरूको संसद् र संसदीय सहभागितापछि नेपालको राजनीतिले आशालाग्दो कोल्टे फेरेको छ। सैन्य भेष त्याग गरी ११ वर्षसम्म जुन व्यवस्थालाई ढाल्न माओवादीले हतियार उठाए, त्यही व्यवस्थामा उनीहरूको प्रवेशले तत्कालका लागि कमसेकम दुइटा कुरा प्रमाणित गरेको छ - विचारद्वारा संचालित प्रजातन्त्र हतियारले मर्दैन र विविध विचारधारा बोकेको र आफ्नै विरुद्ध हतियार उठाएका शक्तिहरूको हृदय परिवर्तन गराई उनीहरूलाई मर्यादित स्थानका साथ आफूमा समाहित गर्ने शक्ति पनि प्रजातन्त्रमा मात्र हुन्छ।

मर्यादित भेषभूषामा संसद् प्रवेश गरेर माओवादी सांसदहरूले पहिलो संकेत उनीहरू इमानदार भएको दिएका छन्। तर, प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत संसद् र सरकारमा प्रवेश गरी ती संयन्त्रहरूलाई ध्वस्त पारी एकदलीय अधिनायकवाद स्थापित गर्ने उनीहरूको चाल रहेको र त्यो प्रक्रियामा सुरक्षानिकायलगायत राज्यका अन्य अंगहरूलाई ध्वस्त गर्नेतर्फ उनीहरू लाग्नेछन् भन्ने आशंकालाई उनीहरूले अबको व्यवहारबाट झूटो सावित गर्नुपर्नेछ।

प्रजातन्त्र राजनीतिक नारा मात्र नभएर जीवनशैली तथा राजनीतिक प्रक्रिया पनि हो। त्यस अर्थमा दलका सांसदहरूको छनोटमा माओवादीले केन्द्रीकृत नेतृत्वकै अधीन रहेर पनि सबैभन्दा बढी प्रजातान्त्रिक प्रक्रिया अपनाएको छ जब कि प्रजातन्त्रको पर्यायवाचीका रुपमा आफूलाई प्रस्तुत गर्दै आएको नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद पूर्णरुपमा अधिनायकवादी र धृतराष्ट्रबाहेक अरू केही बन्न सकेका छैनन्, दसजना अतिरिक्त संसद्को छनोटमा। यसको स्पष्ट अर्थ हो कोइराला शान्ति, प्रजातन्त्र र समृद्धिको गन्तव्य निर्धारित गरिएको नेपालका भविष्य हैनन्, उनी एउटा अतीतमात्र हुन्। प्रजातन्त्रको लामो संघर्षको इतिहास बोके पनि उनको राजनीतिक जीवनको अन्तिम परिचय जनताको नेता नभएर अधिनायकवादी नेताका रुपमा स्थापित भएको छ। बाँकी उनको भावी व्यवहारले स्पष्ट पार्नुपर्छ कि सो हैसियत उनले प्रजातन्त्रविरुद्ध प्रयोग गर्नेछैनन्।

तर यो संविधानको उपभोग र पूर्ण प्रजातान्त्रिक पद्धतितर्फ नेपालको संक्रमणको नेतृत्व कोइरालाले गर्नेछैनन्। दुई कांग्रेस दलले आन्तरिक प्रजातन्त्र स्थापनातर्फ आफूलाई समर्पित गरेनन् भने आगामी दिनहरू उनीहरूको अस्तित्वका लागि पार्ने चुनौती सावित हुनेछन्।

त्यति नै ठूलो चुनौती माओवादीहरूका लागि पनि उपस्थित भएको छ। हतियारबाट आर्जित शक्तिलाई जनताको अनुमोदन प्राप्त नभए उनीहरूको राजनीतिक वैधता स्थापित हुनेछैन। आगामी दिनमा हतियार व्यवस्थापनमा उनीहरूले देखाउने इमानदारी (वा त्यसको अभाव), भिन्न राजनीतिक मतका दलहरूलाई चुनाव प्रचार तथा राजनीतिक गतिविधि गर्न उनीहरूले अवरोध पुऱ्याउलान्, यो सबै कार्यले उनीहरूलाई प्रजातान्त्रिक शक्तिका रुपमा स्थापित गर्ने दिशामा प्रभावित गर्नेछन्।

विगतका हत्या र हिंसाप्रति प्रस्तावित 'सत्य तथा मेलमिलाप' आयोगको प्रभावकारी भूमिकालाई स्थापित गरेर मात्र माओवादीले व्यक्तिको जीवन सुरक्षा र सम्मानलाई सर्वोच्च प्राथमिकता वा मान्यता दिने प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था स्वीकार गरेको प्रमाणित गर्न सक्छन्।

माओवादी आन्दोलनले आफ्नो अधिकार तथा समग्र राष्ट्रिय मूलधारमा आफ्ना भूमिका खोज्न विभिन्न जनजाति, वर्ग र समूहलाई घचघचाउन सफल भएका छन्। तर, राज्यसत्ताले उपभोग गर्न थालेपछि त्यो भूमिकाको निरन्तरता चाहनेहरूप्रति ऊ कुन रुपले पेस होला, त्यसले पनि माओवादीको रानजीतिक स्वीकार्यताको यो परीक्षणकाललाई पुनः सावित गर्नेछ। माओवादी नेतृत्व तराई मुक्तिमोर्चाको हिंसात्मक आन्दोलनलाई राज्यशक्तिको प्रयोगद्वारा दबाउने चिन्तनमा देखिन्छ। यो उसको र मुलुककै लागि घातक हुन सक्छ। उनीहरूका मागबारे आवश्यक छलफल नै नगरी खासगरी तीन प्रमुख दल कांग्रेस, एमाले र माओवादीबीच सत्ता बाँडफाँडको दस्तावेजका रुपमा अन्तरिम संविधान प्रयोग होला कि भन्ने आशंका अरू बढेको छ। अन्तरिम संसद्को पहिलो दिनमा माओवादीहरूको गरिमामय देखिने उपस्थितिले केही आशा जगाए पनि 'अधिनायक' कोइरालाबाट संसद्को संख्या र वाम एकताका नाममा त्यो सम्पूर्ण शक्ति खोस्ने कसरत माओवादीले गरेमा त्यो चालले अवश्य पनि बेथिति र अराजकता जन्माउनेछ।

अन्तरिम संविधानमा पूर्ण प्रजातन्त्रका लागि संशोधनद्वारा प्रधानमन्त्रीको अधिनायकको हैसियत समाप्त गरी संसद्प्रति उत्तरदायी बनाउने र न्यायालयको स्वतन्त्रता वहाल गर्न माओवादीले संसद्मा अग्र सक्रियता देखाएमा उनीहरूप्रतिको जन अविश्वास र आशंका कम हुने मात्र हैन, प्रजातन्त्रको पक्षका शक्तिका रुपमा उनीहरू संविधानसभा निर्वाचन पहिले नै स्थापित हुनेछन्। त्यसो नगरेमा माओवादीसहितका शक्तिले यो अन्तरिम संविधानलाई षड्यन्त्रको दस्तावेज र सत्ता बाँडफाँडका रुपमा मात्र सीमित राख्नेछन्। अनि संसद्का उनीहरूको पहिलो दिनको मर्यादित देखिने उपस्थिति केन्द्रीय नेतृत्वप्रतिको सैन्य बफादारी मात्र सावित हुनेछ। ■